# हाम्रो शुक्लाफाँटा

## स्थानीय विषयको पाठ्यक्रम

## आधारभूत तह (कक्षा ६-८)

२०७९

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर

## १. परिचय :

शैक्षिक लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि तयार पारिएको योजना पाठ्यक्रम हो । यसले विद्यार्थी तथा समाजका आवश्यकता र चाहनाहरु पूरा गर्न सक्नु पर्दछ । नेपालमा विविध भौगोलिक, सांस्कृतिक, भाषिक लगायतका परिवेशका कारण विभिन्न समाजका आवश्यकता र चाहना फरक फरक छन् । यस्तो अवस्थामा केन्द्रीय तहबाट निर्माण गरीएको पाठ्यक्रमले नेपालको विविधतालाई समेट्न सक्दैन । त्यसैले स्थानीय संस्कृति, जनजीवन, भूगोललगायतका पक्षलाई समेट्न सक्नेगरी स्थानीय आवश्यकताका आधारमा पाठ्यक्रमको निर्माण र प्रयोग गर्नुपर्ने अवधारणा आएको हो । यसै अवधारणाको आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १-३ सम्म केडिट आवर ५ तथा वार्षिक पाठ्यघण्टा १६० र कक्षा ४-८ मा केडिट आवर ४ तथा वार्षिक पाठ्यघण्टा १२८ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने प्रावधान राखेको छ ।

स्थानीय पाठ्यक्रमले स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला, संस्कृति लगायत विविध पक्षको संरक्षण र सम्वर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ । यसमा सम्बन्धित क्षेत्रको विषयवस्तुले स्थान पाएको हुन्छ । स्थानीय पाठ्यक्रम मार्फत बालबालिकाहरुमा आफ्नो परिवेशबाट सिक्ने, नजिकको वातावरण/भूगोलसँग सम्बन्धित ज्ञानको उत्खनन गर्ने, देखेभोगेका कुराहरुको गहिराइमा पुग्ने, आफ्नो समुदायमा रहेका मूल्य मान्यता, अनुभव र ज्ञान परीक्षण र पुनः परीक्षण गर्ने, आफ्नो नजिकको ज्ञान, सीप र अनुभवलाई फराकिलो पार्दै विश्वव्यापी ज्ञानसँग समिश्रण गर्ने सामाजिक मुद्दाहरुसँग परिचित हुने, विकृतिहरुसँग विद्रोह गर्ने गुणको विकास हुन्छ । स्थानीय पाठ्यक्रम "विश्वव्यापीरुपमा सोच राखी स्थानीय रुपमा कार्यान्वयनमा ल्याउ *(Think Globally Act Locally)*" भन्ने अवधारणालाई मूर्त रुप दिनका लागि ल्याइएको विकसित अभ्यास हो । त्यसैले यसलाई शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाको रुपमा पनि लिन सकिन्छ । पाठ्यक्रमको स्थानीयीयकरणले मूल पाठ्यक्रमले समेट्न नसकेको विषयवस्तुलाई प्रमुखता दिएको हुन्छ ।

शुक्लाफाँटा नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको कममा यस क्षेत्रका शिक्षासँग सरोकार राख्ने शिक्षाविद्, पाठ्यक्रमविद्, समाजसेवी, जनप्रतिनिधि, नगर शिक्षा समिति, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, गैरसरकारी संस्था तथा सरोकारवाला सम्पूर्ण पक्षसँग छलफल गरी परामर्श लिइएको हो । सम्बन्धित पक्षबाट प्राप्त सुझावहरु नै पाठ्यक्रमको मूल आधार रहेको छ । छलफलबाट संकलन गरीएका आवश्यकताहरुलाई आठ ओटा क्षेत्रहरुमा समेटेर "हाम्रो शुक्लाफाँटा" नामक पाठ्यक्रम तयार पारिएको छ । यस अन्तर्गत आधारभूत तह, (कक्षा ६-८) का लागि तयार पारिएको स्थानीय पाठ्यक्रममा शुक्लाफाँटा नगरपालिकाको भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, जनसाङ्ख्यिकी तथा राजनैतिक अवस्थाको परिचय सम्मका विषयवस्तुहरु समावेश गरीएका छन् । स्थानीय सरकारको परिचय, विभिन्न समितिहरुका काम, कर्तव्य र अधिकारका विषयवस्तुहरु हाम्रो नगरपालिका क्षेत्रमा समेटिएका छन् । त्यसैगरी नगरपालिकाभित्र रहेका धर्म, संस्कृति तथा सांस्कृतिक मूल्यमान्यताहरु, प्राकृतिक श्रोत साधनहरु, पर्यटकीय स्थलहरु आदिको पहिचान, जगेर्ना, संरक्षण र सम्वर्द्धनका लागि पनि विषयवस्तुहरु यसमा राखिएका छन् । पेसा, व्यवसायको उचित सम्मान गरी आधुनिक प्रविधिको प्रयोग गर्न प्रेरित गर्ने

तथा कृषि पेशालाई सम्मान गरी आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रेरित गर्ने खालका विषयवस्तु पनि यसमा समावेश गरीएका छन् । स्वस्थ बानी व्यवहारको विकासका लागि स्वास्थ्य र सरसफाइका विषयवस्तुहरु तथा वातावरण प्रदूषण, वातावरण संरक्षण तथा फोहर व्यवस्थापनका लागि वातावरणका विषयवस्तु यसमा राखिएका छन् । नगरपालिकाभित्र घट्न सक्ने प्राकृतिक विपद्हरु प्रति सचेतता र क्षति न्यूनीकरणका लागि पनि यसमा विषयवस्तु राखिएका छन् ।

आधारभूत तह (कक्षा ६-८) का लागि तयार पारिएको हाम्रो शुक्लाफाँटा विषयको पाठ्यक्रम शैक्षिक सत्र २०७८ मा कक्षा ६ मा लागू गरी चरणवद्ध रुपमा कक्षा ७ र कक्षा ८ मा लागू हुनेछ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार निर्धारण गरेको छ :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरीक तयार गर्ने

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सीपयुक्त नागरीक तयार गर्ने

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरीक तयार गर्ने

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

ज) वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरीक तयार गर्ने

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरीक तयार गर्ने

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरीक तयार गर्ने

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ३. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरीएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास *(Apprenticeship)*समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधारमानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरीएको छ :

तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास | प्रारम्भिक बालविकास शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ४. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार आधारभूत तह (६-८) को पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

तालिका २:आधारभूत शिक्षा ( कक्षा ६-८) को पाठ्यक्रम संरचना

| क्र.स. | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/ मदरसा | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| | | | **जम्मा** | **३२** | **१०२४** |

द्रष्टव्य :

(१) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सिप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ ।

(२) सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

## ५. आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास,

२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान,

३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,

४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग,

६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरीक गुणको विकास,

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग,

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप *(Life skills)* विकास,

१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप*(Soft skills),*

११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग,

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता,सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार,

१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान,

## ६. हाम्रो शुक्लाफाँटा विषयका तहगत सक्षमता

हाम्रो शुक्लाफाँटा विषयको पाठ्यक्रमले आधारभूत तह (कक्षा ६-८) का बालबालिकाहरुमा निम्न लिखित सक्षमता विकास गर्ने उद्देश्य राखेको छ :

१. शुक्लाफाँटा नगरपालिकाको भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, जनसाङ्ख्यिकी तथा राजनैतिक अवस्थाको परिचय,

२. धर्म, सस्कृति तथा साँस्कृतिक मूल्यमान्यताहरुको जगेर्ना गर्दै सामाजिक कुरीतिको अन्त गर्न प्रेरित,

३. प्राकृतिक स्रोत साधनको पहिचान, सदुपयोग, संरक्षण र सम्वर्द्धन,

४. पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण, सम्बर्द्धन,प्रचारप्रसार र पर्यटनको व्यवसायिक विकास,

५. पेसा,व्यवसायको उचित सम्मान गरी आधुनिक प्रविधिको प्रयोग,

६. स्वास्थ्य, सरसफाई र वातावरणप्रति सचेत भई सकारात्मक बानी व्यवहारको विकास,

७. विपद् तथा जोखिमप्रति सचेत भई क्षती न्यूनीकरणका उपायहरु अवलम्वन,

८. कृषिको आधुनिकीरण र व्यवसायीकरणमा जोड ।

## ७. हाम्रो शुक्लाफाँटा विषयको कक्षागत सिकाइ उपलब्धि (कक्षा ६–८)

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. नगरपालिकाको व्यवस्थापिकाको परिचय दिन<br>२. शुक्लाफाँटा नगरपालिकाको भौगालिक अवस्था वर्णन गर्न र नक्सा बनाउन<br>३. शुक्लाफाँटा नगरपालिकाको जनसाङ्ख्यिकी स्थिति बताउन<br>४. शुक्लाफाँटा नगरपालिका भित्रको बैकिङ सेवा सम्बन्धि जानकारी दिन | १. नगर कार्यपालिकाको परिचय दिन<br>२. शुक्लाफाँटा नगरपालिकाको राजनैतिक विभाजनको नक्सा बनाउन<br>३. शुक्लाफाँटा नगरपालिकाको जनसाङ्ख्यिकी स्थिति प्रस्तुत गर्न<br>४. सहकारीको परिचय दिइ यसको महत्व बताउन | १. नगर न्यायपालिकाको परिचय दिन<br>२. शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाइ भौगोलिक स्थान देखाउन<br>३. सुदूरपश्चिम प्रदेश र कञ्चनपुर जिल्लाको जनसाङ्ख्यिकी स्थिति प्रस्तुत गर्न<br>४. शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक संरचना बताउन<br>५. बैंकबाट प्राप्त हुने सेवा तथा सुविधाहरु बताउन |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | ५. स्थानीय चाँड गौराको परिचय दिन<br>६. गौरा पर्वमा गाईने गीत गाउन र अभिनय गर्न<br>७. दिदीबहिनी भेटौला चलनको परिचय दिन<br>८. नगर क्षेत्रभित्रका जातिगत संस्कारहरुको परिचय दिन<br>९. राम मन्दिर र कालिका मन्दिरको परिचय दिन | ५. माघे संक्रान्ती/माघी पर्वको परिचय दिन<br>६. नगर क्षेत्रभित्रका जातिगत संस्कारहरुको परिचय दिन<br>७. समाजमा विद्यमान सकारात्मक नीति नियमहरुको आत्मसातीकरण गर्न<br>८. डिलाशैनी र राम जानकी मन्दिरको परिचय दिन<br>९. डिलाशैनी जातको वर्णन गर्न<br>१०. डेउडा नाचको परिचय दिन र अभ्यास गर्न | ६. स्थानीय पर्वहरुको परिचय दिन<br>७. समाजमा रहेका कुरीति र विकृतिहरु हटाउन<br>८. मणिका धाम र शिव मन्दिर (झलारी) को परिचय दिन<br>९. मणिका मेला (माणिका जाँत) को वर्णन गर्न<br>१०. चौधरी/थारु नाचको परिचय दिन र अभ्यास गर्न |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १०. चुरेक्षेत्रको परिचय दिन र त्यसको संरक्षण गर्न<br>११. वनजंगलको संरक्षण र सदुपयोग गर्न<br>१२. जडीबुटी (बेल, पिपला, बोजो) को उपयोगिता बताई तिनको प्रयोग गर्न<br>१३. नदी तथा तालहरु संरक्षणका उपायहरु अपनाउन | ११. स्थानीय नदीहरुको परिचय दिइ तिनको संरक्षण र सदुपयोग गर्न<br>१२. सामुदायिक वनको परिचय दिई वन संरक्षणमा वैज्ञानिक तरिका अपनाउन<br>१३. वन्यजन्तुको महत्व बताउन र संरक्षणमा सहभागी हुन<br>१४. जैविक विविधताको महत्व बताई नगरपालिकाको जैविक विविधता कायम राख्न सहयोग पुर्‍याउन<br>१५. औषधिजन्य जडीबुटी पहिचान गरी तिनको समुचित प्रयोग गर्न | ११. प्राकृतिक श्रोत सम्पदाहरुको संरक्षणमा शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरुबारे जानकारी लिन<br>१२. जडीबुटीका विभिन्न भागहरु औषधिका लागि पहिचान गरी प्रयोग गर्न<br>१३. जैविक विविधता संरक्षणका उपायहरु बताउन<br>१४. वैज्ञानिक र आधुनिक वन विकासका लागि जानकारी प्रदान गर्न |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको परिचय दिन<br>१५. पर्यटन व्यवसायको महत्व बताउन | १६. पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु पहिचान गरी तिनको परिचय दिन<br>१७. नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको वर्णन गर्न<br>१८. होम स्टे को परिचय दिई उक्त पेसाका लागि प्रोत्साहन गर्न | १५. पर्यटनको महत्व र फाइदा बताउन<br>१६. नगरपालिकाका सम्भावित पर्यटकीय स्थलहरुको वर्णन गर्न<br>१७. भ्रमण योजना निर्माण गर्न |
| ५. हाम्रो पेसा, व्यवसाय र प्रविधि | १६. रोजगारी र तालिमको परिचय तथा अन्तरसम्बन्ध बताउन | १९. स्थानीय स्तरका व्यवसायिक पेसाहरुको जानकारी लिई पेसा र तालिमको सम्बन्ध खोजी गर्न | १८. स्थानीय रोजगारीका अवसर खोजी गरी चुनौतीहरु पहिचान गर्न<br>१९. अन्तर्राष्ट्रिय रोजगारीको परिचय दिई अवसरहरु खोजी गर्न |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | १७. व्यापारको महत्व बताई व्यापारिक सीप प्रदर्शन गर्न<br>१८. कम्प्युटर सञ्चालन प्रणालीको सामान्य प्रविधिको जानकारी लिई प्रयोग गर्न<br>१९. गाउँघरमा उपलब्ध हुने वस्तुहरुबाट काम लाग्ने विभिन्न सामाग्रीहरु निर्माण गर्न | २०. वैदेशिक रोजगारीका अवसर र चुनौती पहिचान गर्न तथा आवश्यक आधारभूत जानकारी हासिल गर्न<br>२१. कम्प्युटरमा वर्ड प्रोसेसिङ्ग र स्प्रेडसीटका बारे परिचित भई उक्त प्रोग्राममा विभिन्न कार्यहरु गर्न<br>२२. फोटोकपी मेसिन र स्क्यानरको जतनसाथ प्रयोग गर्न<br>२३. निँगालो/बाँसबाट विभिन्न वस्तुहरु निर्माण गर्न | २०. कम्प्युटरमा *Spreadsheet* र *Presentation* का बारे परिचित भइ उक्त प्रोग्राममा विभिन्न कार्यहरु गर्न<br>२१. सूचना प्रविधि प्रयोगमा आचारसंहिताको पालना गरी इन्टरनेटलाई पढाइको माध्यमको रुपमा प्रयोग गर्न<br>२२. रेसिपीको अध्ययन गरी खाद्य परिकार बनाउन<br>२३. विभिन्न प्रकारका टाँकाहरुको परिचय दिन र ती टाँकाहरुमा सिलाई गर्न<br>२४. बुनाईका सामग्रीहरु प्रयोग गरी टोपी र गलबन्दी बुनाई गर्न |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | २०. प्राथमिक उपचारको परिचय दिई विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार गर्न<br>२१. योग ध्यानले स्वास्थ्यमा पार्ने प्रभावको जानकारी लिई यसलाई उपचारसँग जोड्न<br>२२. नगरपालिकाको स्वास्थ्य सेवाको जानकारी दिन<br>२३. जमिन र ध्वनि प्रदूषणको परिचय दिई न्यूनीकरणका उपायहरु अपनाउन | २४. प्राथमिक उपचारको परिचय दिई विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार गर्न<br>२५. योग अभ्यासले स्वास्थ्यमा पार्ने प्रभावबारे जानकारी दिई विभिन्न आसनहरुको अभ्यास गर्न<br>२६. विभिन्न रोगहरु लाग्ने कारण बताई रोकथामका उपायहरु अपनाउन<br>२७. जल प्रदूषण र वायु प्रदूषणको परिचय दिई न्यूनीकरणका उपायहरु अपनाउन | २५. ट्राफिक चिन्ह र नियमबारे परिचित भई तिनको प्रयोग गर्न<br>२६. विभिन्न योग आसनहरुको परिचय दिई तिनको अभ्यास गर्न<br>२७. विभिन्न रोगहरु लाग्ने कारण बताई रोकथामका उपायहरु अपनाउन<br>२८. आयुर्वेदको परिचय दिई यसको महत्व बताउन<br>२९. लागु पदार्थ दुर्व्यसनबाट बच्न |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ७. विपद् तथा जोखिम व्यवस्थापन | २४. भूकम्पको परिचय दिई यसबाट हुने क्षति न्यूनीकरण गर्न<br>२५. सडक दुर्घटनाका कारणहरु बताई यसबाट बच्न<br>२६. करेन्ट लाग्नबाट बच्न जतनसाथ विद्युतको प्रयोग गन | २८. आत्मरक्षाको परिचय दिई जंगली जनावरको आक्रमणबाट बच्ने उपायहरु उल्लेख गर्न<br>२९. बाढीको परिचय दिई यसको असर र नियन्त्रणका उपायहरु बताउन<br>३०. आग लागीका कारण, यसबाट हुने क्षति/असर र नियन्त्रणका उपायहरु बताउन | ३०. आत्मरक्षाका सीपहरु प्रयोग गर्न<br>३१. विपद् तथा जोखिमका सम्भावित क्षेत्रहरु पहिचान गर्न<br>३२. विपद् व्यवस्थापनको परिचय दिई विपद् व्यवस्थापन गर्ने तरिकाहरु बताउन<br>३३. विपद् व्यवस्थापन सम्बन्धी शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु बारे जानकारी दिन |
| ८. हाम्रो कृषि | २७. कृषिप्रति सकारात्मक दृष्टिकोण राखी व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्न<br>२८. तरकारी खेतीको व्याड निर्माण र विरुवा उत्पादन गर्न<br>२९. मौसमी र बेमौसमी तरकारी खेतीबारे जानकारी दिन<br>३०. बगर खेतीको परिचय दिन<br>३१. बाखापालन सम्बन्धी जानकारी दिन | ३१. परम्परागत कृषि पेसा/ व्यवसायका कठिनाईहरु पहिचान गरी प्रवर्द्धनका उपायहरु खोजी गर्न<br>३२. नगरपालिकाबाट उपलब्ध हुने कृषि सम्बन्धी सेवा सुविधाहरु बताउन<br>३३. मौसमी तरकारी उत्पादन, संकलन, संरक्षण र भण्डारण गर्न<br>३४. आँप र कागती खेतीका लागि विभिन्न सीपहरु प्रदर्शन गर्न<br>३५. बेसार (हलेदो) र अदुवा खेतीका लागि विभिन्न सीपहरु प्रदर्शन गर्न<br>३६. गाई/भैंसी पालन सम्बन्धी जानकारी दिन | ३४. कृषि व्यवसायको योजना निर्माण गर्न<br>३५. वेमौसमी र अन्तरबारी तरकारी खेती बारे जानकारी प्रस्तुत गर्न<br>३६. सानो परिमाणमा च्याउ खेती गर्न<br>३७. लिची र केरा खेतीका लागि विभिन्न सीपहरु प्रदर्शन गर्न<br>३८. हाँस/कुखुरा र माछा पालन सम्बन्धी जानकारी दिन |

## ८. हाम्रो शुक्लाफाँटा विषयको क्षेत्र र क्रम (कक्षा ६–८)

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो नगरपालिका | • शुक्लाफाँटा नगरपालिकाको व्यवस्थापिकाको परिचय र काम, कर्तव्यहरु<br>• शुक्लाफाँटा नगरपालिकाको भौगोलिक अवस्था<br>• नगरपालिकाको नक्सा निर्माण र नक्सामा महत्वपूर्ण स्थानहरु प्रदर्शन<br>• शुक्लाफाँटा नगरपालिकाको जनसाङ्ख्यिकी स्थिति<br>• बैङ्कबाट प्राप्त हुने सेवा सुविधाहरु | • शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकाको परिचय<br>• शुक्लाफाँटा नगरपालिकाको राजनैतिक विभाजन (वडा विभाजन)<br>• शुक्लाफाँटा नगरपालिकाको जनसाङ्खिक स्थिति<br>• सामाजिक र आर्थिक विकासमा सहकारीको योगदान | • शुक्लाफाँटा नगरपालिकाको न्यायपालिकाको परिचय<br>• शुक्लाफाँटा नगरपालिकाको नक्सा सम्बन्धी कार्य<br>• सुदूरपश्चिम प्रदेश र कञ्चनपुर जिल्लाको जनसाङ्ख्यिकी स्थिति<br>• शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक संरचना<br>• बैंक खाता, चेक बुक, ए.टि.एम., मोवाइल बैंकिङ, आइ.एम.इ. सम्बन्धी जानकारी |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्यमान्यताहरु | • गौरा पर्वको परिचय<br>• गौरा पर्वमा गाइने गीत अठवाली<br>• दिदीबहिनी भेटौला चलन<br>• नगर क्षेत्रभित्रका जागिगत संस्कारहरु<br>• राम मन्दिर र कालिका मन्दिर | • माघे सक्रान्ती/माघी पर्व<br>• जातजाति अनुसार मृत्यु र श्राद्ध संस्कारहरु<br>• समाजमा हुने सकारात्मक कामहरु<br>• डिलाशैनी मन्दिर (कालागौडी) र राम जानकी मन्दिर (अमरपुर) को परिचय<br>• डिलाशैनी जात<br>• डेउडा नाच | • स्थानीय चाँडपर्वहरु (खखडेहरा र श्रीपञ्चमी)<br>• समाजमा रहेका कुरीति र विकृतिहरु (छाउपडी, बाल विवाह)<br>• मणिका धाम र शिव मन्दिर (झलारी) को परिचय<br>• मणिका मेला (मुडका जाँत)<br>• चौधरी/थारु नाचको परिचय र अभ्यास (सखिया, होरी) |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | • चुरेक्षेत्र<br>• वनजंगलको संरक्षण र सदुपयोग<br>• जडीबुटी (बेल, पिलला, बोजो)<br>• नदी, तालको महत्व र संरक्षण | • स्थानीय नदीहरु (परिचय, प्रभावक्षेत्र, उपयोगिता)<br>-स्याली<br>-सुनवरा<br>-बनहरा<br>• नगरपालिकामा रहेका सामुदायिक वनहरु<br>• वनजंगल र वन्यजन्तु<br>• नगरपालिकामा रहेको जैविक विविधता<br>• औषधिजन्य वनस्पति र तिनको सदुपयोग | • प्राकृतिक श्रोत र सम्पदा संरक्षणमा शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु<br>• जडीबुटीका विभिन्न भागहरु औषधिको रुपमा पहिचान र प्रयोग ( मेन्था, ब्राह्मी र अपामार्ग)<br>• जैविक विविधताको संरक्षण<br>• वैज्ञानिक र आधुनिक वनको अवधारणा |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | • शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>• पर्यटन व्यवसाय | • पर्यटनसंग सम्बन्धित पेसा र व्यवसायहरु<br>• नगरपालिकामा रहेका पर्यटकीय स्थलहरु (बतासे झरना र सुनदेवी ताल)<br>• होम स्टे (परिचय, नगरपालिकामा रहेका होम स्टे) | • पर्यटनको महत्व र फाइदा<br>• नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरु<br>• भ्रमण योजना |
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | • रोजगारी र तालिम<br>• व्यापार | • **पेसाको तालिमसँग सम्बन्ध**<br>(क) शिक्षण पेसा, | • स्थानीय पेसा र जीवनयापनको सम्बन्ध |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | • कम्प्युटरको प्रविधि र प्रयोग<br>• सिल्पकला | (ख) कृषि/वनसँग सम्बन्धित पेसा<br>(ग) चिकित्सा क्षेत्रसँग सम्बन्धित पेसा<br>• वैदेशिक रोजगार सम्बन्धी जानकारी<br>• *Word Processing* र *Spreadsheet* मा विभिन्न कार्यहरु<br>• फोटोकपी मेसिन र स्क्यानरको प्रयोग<br>• निँगालो/बाँसको काम | • स्थानीय रोजगारीका अवसर र चुनौतीहरु<br>○ अन्तर्राष्ट्रिय रोजगारीको परिचय र अवसरहरु<br>• *Spreadsheet* र *Presentation* मा विभिन्न कार्यहरु<br>• इन्टरनेटको प्रयोग<br>• सूचना प्रविधि प्रयोगमा आचारसंहिता<br>• खाद्य परिकार<br>○ माणा<br>○ ढिकी<br>○ बट्कु<br>• सिलाइका टाँकाहरुको परिचय र प्रयोग<br>○ विभिन्न टाँकाहरु (कच्चा टाँका, बखिया टाँका, खुट्ने टाँका, बटनहोल टाँका)<br>○ बटन लगाउने<br>○ रफ्फु गर्ने/टाल्ने<br>• गलबन्दी र टोपी बुनाई<br>○ घर हाल्ने र सादा बुनाई<br>○ टोपी र गलबन्दी बुनाई |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | • प्राथमिक उपचार<br>• योग शिक्षा<br>• नगरक्षेत्रको स्वास्थ्य सेवा<br>• भू- प्रदूषण र ध्वनि प्रदूषण | • विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार (लु लाग्नु र शीतलहर)<br>• योग अभ्यासले स्वास्थ्यमा पार्ने प्रभाव र विभिन्न आसनहरु (स्वस्तिकासन, गोमुखासन, सर्वांगासन, अर्द्धमत्स्येन्द्रासन)<br>• केही रोगहरु<br>क) कोभिड-१९<br>ख) सिकेलसेल<br>ग) कमलपित्त<br>• जल प्रदूषण र वायु प्रदूषण | • ट्राफिक चिन्ह र नियमहरु<br>• योग आसनहरुको परिचय र अभ्यास (गोरक्षासन, मुद्रासन, संखासन, शवासन)<br>• केही रोगहरु<br>क) भेरीकोच<br>ख) मास कन्भर्जन<br>• आयुर्वेदको परिचय र महत्व<br>• लागु पदार्थ दुर्व्यसनको परिचय, असर र बच्ने उपायहरु |
| ७. विपद् तथा जोखिम व्यवस्थापन | • भूकम्प<br>• सडक दुर्घटना<br>• करेन्ट लाग्नु | • जंगली जनावरको आक्रमणबाट आत्मरक्षा (पूर्व सावधानी, तत्कालीन क्रियाकलाप, उद्धार र उपचार)<br>• बाढी<br>• आगलागी | • आत्म रक्षाका सीपहरु<br>• विपद् तथा जोखिमका सम्भावित क्षेत्रहरु<br>• विपद् व्यवस्थापन<br>• विपद् व्यवस्थापन सम्बन्धी शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ८. हाम्रो कृषि | • कृषि व्यवसाय<br>• तरकारी खेती (व्याड निमार्ण र बिरुवा उत्पादन)<br>• मौसमी र बेमौसमी तरकारी खेती<br>• बगरखेती<br>• बाखापालन | • कृषि पेसा/व्यवसायको प्रवर्द्धन<br>• नगरपालिकाबाट उपलब्ध हुने कृषि सम्बन्धी सेवा सुविधाहरु<br>**तरकारी खेती**<br>• करेसावारीमा मौसम अनुसार तरकारी खेती, हेरचाह, उत्पादन र भण्डारण<br>• तरकारी बालीमा लाग्ने रोग किराको पहिचान<br>• रोग किराबाट संरक्षण गर्ने परम्परागत र आधुनिक तरिका<br>**आँप र कागती खेती**<br>• स्थानीय र उन्नत जातको पहिचान<br>• विरुवाको हेरचाह, गोडमेल र काटछाँट<br>• फलको वीउँ र वानस्पतिक प्रजनन<br>• फलमा लाग्ने रोग किराको रोकथामका परम्परागत र आधुनिक उपायहरु<br>• फल टिप्ने, भण्डारण गर्ने र संरक्षण गर्ने | • कृषि व्यवसायको योजना निर्माण<br>• वेमौसमी तरकारी खेती<br>• अन्तरबारी तरकारी खेती<br>• च्याउ खेती<br>○ विभिन्न जातका च्याउहरुको पहिचान<br>○ च्याउ खेती गर्ने तरिका<br>○ च्याउ उत्पादन र बिक्री वितरण<br>○ लगानी र आम्दानीको आधारमा नाफा नोक्सान गणना<br>• लिची र केरा खेती<br>○ स्थानीय र उन्नत जातको पहिचान<br>○ विरुवाको हेरचाह, गोडमेल र काटछाँट<br>○ फलको वीउँ र वानस्पतिक प्रजनन<br>○ फलमा लाग्ने रोग किराको रोकथामका परम्परागत र आधुनिक उपायहरु |

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | | **बेसार (हलेदो) र अदुवा खेती**<br>● हलेदो र अदुवा खेतीका लागि उपयुक्त जमीन र बीउँ छनौट<br>● बोटविरुवाको हेरचाह (मल, गोडमेल र सिँचाइ)<br>● हलेदो र अदुवामा लाग्ने रोग किरा रोकथाम र नियन्त्रण<br>● संकलन, स्थानीय रुपमा प्रशोधन, भण्डारण र संरक्षण<br>**गाई/भैँसी पालन**<br>● गाई/भैँसीको स्थानीय र उन्नत जातको पहिचान<br>● स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण<br>● गाई/भैँसीमा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु | ○ फल टिप्ने, भण्डारण गर्ने र संरक्षण गर्ने<br>● हाँस/कुखुरा पालन<br>○ हाँस/कुखुराको स्थानीय र उन्नत जातको पहिचान<br>○ चरनको जानकारी र सन्तुलित आहार<br>○ हाँस/कुखुरामा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु<br>● माछा पालन<br>○ माछाका विभिन्न जातहरु<br>○ स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण<br>○ माछामा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु |

## ९. विषय विस्तृतीकरण

### कक्षा -६

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. शुक्लाफाँटा नगरपालिकाको व्यवस्थापिकाको परिचय दिन | • शुक्लाफाँटा नगरपालिकाको व्यवस्थापिकाको परिचय र गठन प्रक्रिया<br>• व्यवस्थापिकाको मुख्य काम र कर्तव्यहरु | ➢ संविधानमा उल्लेख भए बमोजिम नगरपालिकाको व्यवस्थापिकाको चार्ट प्रदर्शन गरी गठन प्रक्रिया छलफल गर्ने<br>➢ व्यवस्थापिकाको मुख्य काम कर्तव्यहरुको सूची प्रदर्शन गरी छलफल गर्ने | चार्ट, स्लाईड, डकुमेन्टरी, छापा सामग्री आदि | ▪ शुक्लाफाँटा नगरपालिकाको व्यवस्थापिकामा सदस्यहरुको संख्या भन्न लगाउने<br>▪ व्यवस्थापिकाको गठन प्रक्रिया सोध्ने<br>▪ व्यवस्थापिकाको काम कर्तव्यहरु सोध्ने | १५ |
| | २. शुक्लाफाँटा नगरपालिकाको भौगालिक अवस्था वर्णन गर्न र नक्सा बनाउन | • शु.न.पा. को भौगोलिक बनोट (चुरे, भावर, तराई) को परिचय<br>• शु.न. पा. को नक्सामा चुरे, भावर, तराई, ताल नदी र वनजंगल | ➢ शु.न.पा.को चार किल्ला देखिने नक्सा प्रदेशन गरी भौगोलिक बनोटको बारेमा छलफल गर्ने<br>➢ शु.न.पा.को भौगोलिक नक्सा प्रर्दशन गरी विभिन्न स्थानहरु देखाउने र नक्सा बनाई स्थानहरु भर्ने अभ्यास गराउने | शु.न.पा. को नक्सा, भिडियो, डकुमेन्टरी | ▪ शुक्लाफाँटा नगरपालिकाको भौगोलिक बनावटको वर्णन गर्न लगाउने<br>▪ नक्सा बनाउन लगाई प्रमुख स्थान देखाउन लगाउने । | |
| | ३. शुक्लाफाँटा नगरपालिकाको जनसांङ्खिक स्थिति बताउन | • न.पा. को लैङ्गिक र धार्मिक जनसंख्याको स्थिति<br>• नगरपालिकाको विभिन्न उमेर समूहको जनसंख्या (०-१४ वर्ष, १५-५९ वर्ष र ६० वर्ष माथि) | ➢ नगरपालिकाको लैङ्गिक र धार्मिक जनसंख्याको तथ्याङ्कलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने ।<br>➢ विभिन्न उमेर समूहको जनसंख्या प्रस्तुत गर्ने र त्यसको विश्लेषण गर्न लगाउने । | चार्टहरु, तालिका, ग्राफ बोर्ड | ▪ विभिन्न धर्मको जनसंख्या प्रतिशतमा गणना गर्न लगाउने<br>▪ नगरपालिकाको लैङ्गिक जनसंख्यालाई देशको जनसंख्यासंग तुलना गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. शुक्लाफाँटा नगरपालिका भित्रको बैकिङ सेवा सम्बन्धी जानकारी दिन | ● बैंकबाट उपलब्ध हुने सेवा तथा सुविधाहरु | ➢ बैंकको परिचय दिई, बैंकहरुबाट उपलब्ध हुने सेवा तथा सुविधाहरुको चार्ट प्रर्दशन गरी छलफल गर्ने | चार्ट | ▪ नगरपालिकामा रहेका बैंकहरुबाट उपलब्ध हुने सेवा तथा सुविधाहरु खोजी गरी प्रस्तुत गर्न लगाउने | |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | १. स्थानीय चाँड गौराको परिचय दिन | ● गौरा पर्वको परिचय र मनाउने तरिका<br>● गौरा पर्वको सामाजिक, धार्मिक र सांस्कृतिक महत्व | ➢ गौरा पर्वको सामाजिक, धार्मिक एवं साँस्कृतिक महत्वका बारेमा परिचय दिने,<br>➢ डकुमेन्टरी प्रर्दशन गरी विरुडा पञ्चमी देखि दुर्गाष्टमीसम्म गरीने क्रियाकलापहरुको तालिका सहित छलफल गर्ने,<br>➢ पर्वमा सहभागिता गराई विद्यार्थीले अवलोकन गरेका क्रियाकलापहरुको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | भिडियो चाट | ▪ गौरा पर्वसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरु सोध्ने,<br>▪ गौरा पर्वमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने,<br>▪ गौरा पर्वका बारेमा विद्यार्थीले तयार पारेको प्रतिवेदन मूल्याङ्कन गर्ने । | १५ |
| | २. गौरा पर्वमा गाइने गीत गाउन र अभिनय गर्न | ● गौरा पर्वमा गाइने गीत अठवालीको केही अंश गाउन र अभिनय गर्न | ➢ अठवाली गाउँदाको अडियो, भिडियो र स्रोतव्यक्तिको प्रयोग गरी गाउन र अभिनय गर्न लगाउने | अडियो, भिडियो, स्रोतव्यक्ति | ▪ अठवालीको अंश एकल र समूहमा गाउन लगाइ मिले नमिलेको मूल्याङ्कन गर्ने,<br>▪ अठवाली गाउँदा गरीने चालहरु अभिनय गर्न लगाई मिले नमिलेको मूल्याङ्कन गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. दिदीबहिनी भेटौला चलनको परिचय दिन | ● दिदीबहिनी भेटौलाको चलनको परिचय (थारु र पहाडी समुदायमा मनाउने तरिका समेत) | ➢ दिदीबहिनी भेटौलो प्रचलनको जानकारी दिई महत्व माथि छलफल गराउने ।<br>➢ जातजाति अनुसारको दिदीबहिनी भेटौलाको चलनको तालिका प्रर्दशन गरी छलफल गर्ने । | चार्ट, स्लाइड | ▪ दिदीबहिनी भेटौलासंग सम्बन्धित प्रश्नावलीहरु सोध्ने । | |
| | ४. नगरक्षेत्रभित्रका जातिगत संस्कारहरुको परिचय दिन | ● जातजाति अनुसार फरकपन समेत नगरक्षेत्रभित्रका विभिन्न संस्कारहरु - जन्म (सौंरी, गोरी), छटी (छटवारी, छठी), न्वारान (वरही), पास्नी (भात खुवाउने), ब्रतवन्ध (मुण्डन) | ➢ हरेक समुदायका विद्यार्थीहरुलाई पालैपालो जन्म (सौंरी, गोरी), छटी (छटवारी, छठी), न्वारन (वरही), पास्नी (भात खुवाउने) र ब्रतवन्ध (मुण्डन) सम्बन्धि प्रश्नहरु सोध्ने र टिपोट गर्ने,<br>➢ विभिन्न जातजातिको संस्कारहरुको तालिका प्रदर्शन गरी छलफल गर्ने । | चार्ट, भिडियो, अडियो | ▪ जातजाति अनुसार गरीने संस्कारहरुसंग सम्बन्धित प्रश्नावलीहरु सोध्ने,<br>▪ संस्कारहरुसंग सम्बन्धित परियोजना कार्य दिई मूल्याङ्कन गर्ने । | |
| | ५.राम मन्दिर र कालिका मन्दिरको परिचय दिन | ● राम मन्दिर (बनसमिति) को अवस्थिति, धार्मिक मान्यता, इतिहास र महत्व<br>● कालिका मन्दिर (असैना) को अवस्थिति, धार्मिक मान्यता, इतिहास र महत्व | ➢ राम मन्दिर र कालिका मन्दिरको भ्रमण गराई वा डकुमेन्टरी प्रर्दशन गरी यिनको अवस्थिति र अवस्था को बारेमा प्रतिवेदन पेश गर्न लगाउने,<br>➢ मन्दिरहरु सम्बन्धी तथ्यहरु संकलन गरी तालिका मार्फत इतिहास र धार्मिक मान्यता छलफल गर्ने, | चार्ट, स्रोतव्यक्ति डकुमेन्ट्री | ▪ राम मन्दिर र कालिका मन्दिर सम्बन्धी परियोजना कार्य दिई मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ मन्दिरको सामाजिक, धार्मिक, सांस्कृतिक महत्व छलफल गर्ने । | | | |
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १. चुरेक्षेत्रको परिचय दिन र त्यसको संरक्षण गर्न | • चुरेक्षेत्रको परिचय, भौगोलिक बनावट, विशेषता<br>• चुरेको वर्तमान अवस्था, संरक्षणको आवश्यकता, संरक्षणका उपायहरु | ➢ चुरे क्षेत्रको स्थलगत भ्रमण गराई वा डकुमेन्ट्री प्रदर्शन गरी त्यसको परिचय, भौगोलिक बनावट र विशेषताहरु छलफल गर्ने ।<br>➢ चुरे क्षेत्रको वर्तमान अवस्था उल्लेख गर्ने र त्यसको संरक्षणको आवश्यकता औल्याउने । | चुरे क्षेत्रको डकुमेन्ट्री, चार्टहरु, स्लाइड | ▪ चुरेसंग सम्बन्धित विभिन्न प्रश्नावलीहरु गर्ने<br>▪ चुरे संरक्षणका उपायहरु खोजी गरी प्रस्तुत गर्न लगाउने । | १५ |
| | २. वनजंगलको संरक्षण र सदुपयोग गर्न | • वनजंगलको महत्व<br>• संरक्षणका उपायहरु<br>• वनजंगलको सदुपयोग | ➢ पूर्वज्ञानको आधारमा वनजंगलको महत्व र संरक्षणको आवश्यकता छलफल गर्ने,<br>➢ वनजंगल संरक्षणका उपायहरु छलफल गर्दै त्यसको सदुपयोग गर्न प्रेरित गर्ने । | चार्टहरु, भिडियो, डकुमेन्ट्री, न. पा. को भौगोलिक नक्सा | ▪ वनजंगलको महत्व र संरक्षणका उपायहरु प्रस्तुत गर्न लगाउने ।<br>▪ वनजंगल संरक्षणमा विद्यार्थीले खेलेको भूमिका अवलोकन गर्ने । | |
| | ३.जडीबुटी (बेल, पिपला, बोजो) को उपयोगिता बताई तिनको प्रयोग गर्न | • बेलको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>• पिपलाको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>• बोजोको परिचय र औषधिको रुपमा यसको प्रयोग | ➢ विद्यार्थीका समूहहरु बनाई वेल, पिपला र बोजोका नमुनाहरु संकलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>➢ स्थानीय स्तरमा उपलब्ध जडीबुटी सम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगिता सम्बन्धी जानकारी लिन प्रेरित गर्ने, | वेल, पिपला र बोजोका नमुनाहरु, उक्त जडीबुटीबाट बनेका प्रयोग आयुर्वेदिक औषधिहरु, उपयोगिता | ▪ वेल, पिपला र बोजोको महत्व वर्णन गर्न लगाउने ।<br>▪ औषधिको रुपमा जडीबुटी प्रयोगको अवस्था अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ उक्त जडीबुटीहरुको उपयोगिता बारे थप सहजीकरण गरी औषधिको रुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने । | लेखिएका चार्टहरु | | |
| | ४. नदी तथा तालहरु संरक्षणका उपायहरु अपनाउन | • नदी तथा तालको महत्व र तिनको वर्तमान अवस्था<br>• नदी र ताल संरक्षणको आवश्यकता र उपायहरु | ➢ कुनै एउटा ताल वा नदीको स्थलगत भ्रमण गराउने वा भिडियो प्रदर्शन गर्ने,<br>➢ उक्त नदी वा तालको वर्तमान अवस्था र संरक्षणको आवश्यकता सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>➢ नदी तथा तालको संरक्षणका उपायहरु सम्बन्धी थप सहजीकरण गर्ने र संरक्षण गर्न प्रेरित गर्ने । | भिडियो, डकुमेन्ट्री, चार्टहरु, स्लाइड | ▪ नगरपालिकामा रहेका नदी र तालहरुको वर्तमान अवस्था खोजी गर्न लगाउने,<br>▪ नदी र तालहरु संरक्षणका उपायहरुको सूची बनाउन लगाउने,<br>▪ नदी र तालहरु संरक्षणमा विद्यार्थीको भूमिका अवलोकन गर्ने । | |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको परिचय दिन | • शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको स्थापना, फैलावट, क्षेत्रफल र विशेषता<br>• निकुञ्जभित्र पाइने मुख्य वनस्पति र वन्यजन्तु | ➢ कञ्चनपुर जिल्लाको नक्सा प्रदर्शन गरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको फैलावट, क्षेत्रफल र त्यसको स्थापनाबारे सहजीकरण गर्ने, | कञ्चनपुर जिल्लाको नक्सा, भिडियोहरु, चार्ट, राष्ट्रिय निकुञ्जले प्रकाशित गर्ने विभिन्न | ▪ निकुञ्जसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरु गर्ने,<br>▪ निकुञ्जभित्र पाइने वनस्पति र वन्यजन्तुको सूची बनाउन लगाउने, | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | ● निकुञ्जभित्र रहेका पर्यटकीय स्थलहरु | ➢ निकुञ्जभित्र अवलोकन भ्रमण गराई त्यहाँ पाइने वनस्पति र वन्यजन्तुबारे प्रतिवेदन पेश गर्न लगाई छलफल गर्ने,<br>➢ निकुञ्जभित्र रहेका पर्यटकीय स्थलहरुको भिडियो/सूची प्रदर्शन गर्ने र तिनको परिचय दिने । | पोष्टर, बुकलेट तथा पम्पलेटहरु | ■ निकुञ्जभित्र रहेका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । | |
| | २. पर्यटन व्यवसायको महत्व बताउन | ● पर्यटन व्यवसायको परिचय र महत्व | ➢ पर्यटन व्यवसायसँग सम्बन्धित विभिन्न प्रश्नहरु/ भिडियो/ डकुमेन्ट्रीको आधारमा छलफल गर्दै पर्यटन व्यवसायको परिचय र त्यसको महत्व प्रष्ट पार्ने ।<br>➢ स्थानीय पर्यटन व्यवसायका क्षेत्रहरु खोजी गरी प्रस्तुत गर्न लगाउने । | पर्यटन व्यवसाय सञ्चालन गरेको डकुमेन्ट्री | ■ पर्यटन व्यवसायको महत्व वर्णन गर्न लगाउने । | |
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १. रोजगारी र तालिमको परिचय तथा अन्तरसम्बन्ध बताउन | ● रोजगारीको परिचय र महत्व, स्व- रोजगार, मौसमी र नियमित रोजगारी, स्थानीय स्तरमा रोजगारी<br>● तालिमको परिचय, | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा रोजगारी सम्बन्धी छलफल गर्ने,<br>➢ विभिन्न उदाहरणहरुद्वारा स्व- रोजगार तथा मौसमी र नियमित रोजगारी सम्बन्धी छलफल गर्ने, | चार्टहरु, स्लाइड, भिडियो | ■ स्व- रोजगारी, नियमित रोजगारी र मौसमी रोजगारीको उदाहरण सहित परिचय दिन लगाउने,<br>■ स्थानीय स्तरमा रोजगारीका अवसरहरु खोजी गरी प्रस्तुत गर्न लगाउने, | २३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | तालिमको महत्व र आवश्यकता, साधारण तथा व्यवसायिक तालिम<br>● रोजगारी र तालिमको अन्तरसम्बन्ध | ➢ स्थानीय स्तरमा रोजगारीका अवसरहरु खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>➢ विभिन्न रोजगारीका लागि आवश्यक पर्ने सीपहरु छलफल गर्दै तालिमको महत्व प्रष्ट पार्ने,<br>➢ साधारण र व्यवसायिक तालिमको उदाहरण सहित परिचय दिने । | | ▪ रोजगारीका लागि तालिमको महत्व बारे राय प्रस्तुत गर्न लगाउने,<br>▪ रोजगारी र तालिमको अन्तरसम्बन्ध प्रष्ट पार्न लगाउने । | |
| | २. व्यापारको महत्व बताई व्यापारिक सीप प्रदर्शन गर्न | ● व्यापारको परिचय, किसिम र महत्व<br>● घुम्ती व्यापार, हाट बजार<br>● विक्रय सीप, वस्तु तथा सेवाको मूल्य निर्धारण प्रकिया | ➢ विद्यार्थीको पूर्वज्ञानको आधारमा व्यापारको परिचय र महत्व छलफल गर्ने,<br>➢ विभिन्न भिडियो, पोष्टर, डकुमेन्ट्रीको आधारमा कृषिजन्य व्यापार, घुम्ती व्यापार र हाट बजारको बारेमा छलफल गर्ने,<br>➢ व्यापारीको लगानी र निश्चित नाफाको आधारमा वस्तु र सेवाको मूल्य निर्धारण प्रक्रिया छलफल गर्ने । | भिडियो, पोष्टर, डकुमेन्ट्री | ▪ व्यापारसँग सम्बन्धित छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने,<br>▪ विद्यार्थीले उदाहरण सहित वस्तु वा सेवाको मूल्य निर्धारण गरी प्रस्तुत गरेको प्रतिवेदन मूल्याङ्कन गर्ने । | |
| | ३. कम्प्युटर सञ्चालन प्रणालीको सामान्य | ● कम्प्युटरका अंगहरुको परिचय | ➢ विभिन्न मेसिनहरुकको उदाहरणबाट कम्प्युटरको कार्य प्रणाली प्रष्ट पार्ने । | कम्प्युटर, प्रिन्टर | ▪ कम्प्युटरको कार्य प्रणालीलाई चित्रमा देखाउनुहोस् ।<br>▪ कम्प्युटरका विभिन्न अंगहरुको परिचय दिनुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | प्रविधिको जानकारी लिई प्रयोग गर्न | • कम्प्युटरको प्रयोग<br>○ कम्प्युटर खोल्न र बन्द गर्न<br>○ *MS-Paint* र *MS-Word* का फाइलहरु बनाउन, सेभ गर्न, सेभ गरीएका फाइलहरु खोल्न र प्रिन्ट गर्न<br>○ इन्टरनेट बाट *Search* गरी विभिन्न सूचनाहरु लिन | ➢ कम्प्युटरको अवलोकन गराई यसका अंगहरुको परिचय गराउने,<br>➢ कम्प्युटर प्रयोगशालामा विषय विस्तृतीकरणमा दिइएका प्रयोगात्मक कार्यहरु गराउने । | | ▪ विभिन्न प्रयोगात्मक कार्य गर्न लगाउने । | |
| | ४. गाउँघरमा उपलब्ध हुने वस्तुहरुबाट काम लाग्ने विभिन्न सामग्रीहरु निर्माण गर्न | • वेतवाँस/पराल/ छ्वाली/पटेरो(गोन्द)/ बाबियोको काम गर्दा आवश्यक पर्ने औजारहरुको पहिचान र सुरक्षित प्रयोग,<br>• उक्त वस्तुहरुबाट पंखा, फूलदानी, कलमदानी, टोकरी, चटाई आदि निर्माण, | ➢ स्थानीय स्तरमा उपलब्ध वस्तुहरुबाट निर्माण गरीएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी त्यस्ता सामग्रीहरु निर्माण गर्न प्रेरित गर्ने,<br>➢ सामग्रीहरु निर्माण गर्न आवश्यक पर्ने औजारहरु प्रदर्शन गरी तिनको प्रयोग प्रष्ट पार्ने, | निर्माण गरीएका वस्तुका नमुनाहरु, काम गर्न आवश्यक औजारहरु, स्थानीय स्तरमा उपलब्ध हुने | ▪ विद्यार्थीलाई प्रयोगात्मक कार्यमा सरिक गराई तिनले गरेको कामको मूल्याङ्कन गर्ने,<br>▪ सामग्रीहरुको प्रदर्शनीमा आफूले निर्माण गरेको सामग्रीको व्याख्या र दर्शकलाई पारेको प्रभावको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | ● खेर गएका वस्तुहरुको पुन: प्रयोग गरी खेलौना वा अन्य सामग्री निर्माण | ➢ औजारहरुको सुरक्षित प्रयोग गरी विभिन्न सामग्रीहरु निर्माण गर्न लगाउने,<br>➢ खेर गएका वस्तुहरुबाट काम लाग्ने सामग्रीहरु निर्माण गर्दा हुने फाइदा छलफल गर्ने ।<br>➢ खेर गएका बोतल, कार्टुन आदिबाट काम लाग्ने वस्तुहरु निर्माण गर्न प्रेरित गर्ने,<br>➢ विद्यार्थीहरुले निर्माण गरेका सामग्रीहरु सजावटका साथ राख्ने र तिनको प्रदर्शनी गर्ने | वस्तुहरु, निर्माणमा आवश्यक अन्य सामग्रीहरु जस्तै : गम, किला, पेन्ट, र्‍यापिङ्ग पेपर आदि | | |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १. प्राथमिक उपचारको परिचय दिई विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार गर्न | ● प्राथमिक उपचारको परिचय<br>● विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार (घाउचोटपटक लाग्नु, पानीमा डुब्नु, नाथ्रो फुट्नु, आगोले पोल्नु) | ➢ विभिन्न दुर्घटनाहरुको उदाहरण दिई घाइते (विरामी) को स्वास्थ्य अवस्था विग्रिन नदिन के गर्नुपर्ला भनी छलफल गरी प्राथमिक उपचारको परिचय दिने,<br>➢ दिइएका घटनाहरुको प्राथमिक उपचारको अभिनय वा भिडियो प्रदर्शनबाट प्राथमिक उपचार पद्धतिबारे सहजीकरण गर्ने, | भिडियो, पोष्टर | ▪ विभिन्न दुर्घटनाहरुका प्राथमिक उपचार पद्धतिका चरणहरु सोध्ने ।<br>▪ सिकेका चरणहरुको आधारमा दुर्घटनाको प्राथमिक उपचार गरे नगरेको अवलोकन गर्ने । | २० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. योग ध्यानले स्वास्थ्यमा पार्ने प्रभावको जानकारी लिई यसलाई उपचारसंग जोड्न | • योग र ध्यानले स्वास्थ्यमा पार्ने प्रभाव<br>• विभिन्न आसनहरुको परिचय, महत्व र अभ्यास (पद्मासन, बज्रासन, धनुरासन, अनुलोमविलोम, कपालभाँती) | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा योग र ध्यानबारे छलफल गरी यसले स्वास्थ्यमा पार्ने प्रभाव प्रष्ट पार्ने,<br>➢ श्रोतव्यक्ति वा भिडियोको सहयोगमा विभिन्न आसनहरुको परिचय दिई तिनको महत्व बताउने र आसनहरुको अभ्यास गराउने | श्रोतव्यक्ति, भिडियो, पोष्टर, चार्टहरु, स्लाइड | ▪ योग, ध्यान तथा आसनहरुसँग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>▪ योगासनहरु नियमवद्ध तरिकाले गरे नगरेको अवलोकन गर्ने । | |
| | ३. नगरपालिकाको स्वास्थ्य सेवाको जानकारी दिन | • नगरपालिकाको स्वास्थ्य सेवाको स्थिति<br>• स्वास्थ्य संस्थाहरुबाट प्राप्त हुने सेवाहरु | ➢ नगरपालिकाको स्वास्थ्य सेवाको स्थिति झल्कने चार्ट प्रदर्शन गरी छलफल गर्ने,<br>➢ विद्यार्थीहरुलाई आफ्नो वडामा रहेको स्वास्थ्य संस्था भ्रमण गर्न लगाई त्यहाँबाट प्राप्त हुने सेवाहरुको जानकारी संकलन गर्न लगाउने,<br>➢ विद्यार्थीहरुद्वारा संकलित जानकारीहरु एकीकृत गर्दै थप सहजीकरण गर्ने । | पोष्टर, चार्ट, डकुमेन्ट्री, भिडियो | ▪ नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरु र त्यहाँबाट प्रदान गरीने सेवाहरु सम्बन्धी प्रश्नावली गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. जमिन र ध्वनि प्रदूषणको परिचय दिई न्यूनीकरणका उपायहरु अपनाउन | ● भू-प्रदूषणकोपरिचय, कारण, असर र घटाउने उपायहरु<br>● ध्वनि प्रदूषणको परिचय, कारण, असर र घटाउने उपायहरु | ➢ विद्यार्थीहरुलाई पायक पर्ने स्थानमा रहेको फोहर फाल्ने ठाउँको अवलोकन गराई त्यहाँ रहेको वोटविरुवा र जीवजन्तुको अवस्था छलफल गर्ने ।<br>➢ उक्त छलफलबाट भू-प्रदूषणको परिचय, कारण, असर र घटाउने उपायहरु सहजीकरण गर्ने ।<br>➢ गाउँघर, छिमेक वा मेलामा कोलाहल भएको अवस्था स्मरण गर्न लगाई त्यसले पार्ने असरहरु छलफल गर्ने ।<br>➢ ध्वनि प्रदूषणका कारणहरु छलफल गरी घटाउने उपायहरु सहजीकरण गर्ने । | भिडियो, डकुमेन्ट्री, चार्टहरु | ▪ भू-प्रदूषण र ध्वनि प्रदूषणका कारणहरु र तिनको असर खोजी गरी प्रस्तुत गर्न लगाउने ।<br>▪ भू-प्रदूषण र ध्वनि प्रदूषण न्यूनीकरणमा विद्यार्थीले खेलेको भूमिका अवलोकन गर्ने । | |
| ७. विपद् तथा जोखिम व्यवस्थापन | १. भूकम्पको परिचय दिई यसबाट हुने क्षति न्यूनीकरण गर्न | ● भूकम्पको परिचय र यसका असरहरु<br>● भूकम्पबाट हुने क्षति न्यूनीकरणका उपायहरु | ➢ भूकम्प सम्बन्धी भिडियो/ डकुमेन्ट्री प्रदर्शन गरी यसको परिचय र असरहरु छलफल गर्ने<br>➢ भूकम्पबाट हुने क्षति न्यूनीकरणका उपायहरु छलफल गर्ने र थप सहजीकरण गर्ने । | भिडियो, चार्टहरु, डकुमेन्ट्री, पोष्टर | ▪ भूकम्पका असरहरु तथा क्षति न्यूनीकरण सम्बन्धी प्रश्नहरु सोध्ने ।<br>▪ भूकम्पबाट सुरक्षित रहने उपायको अभिनय अवलोकन गर्ने । | १२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ भूकम्पबाट सुरक्षित रहने उपायहरुको अभिनय गर्न लगाउने र सो सम्बन्धी भिडियोहरु प्रदर्शन गर्ने । | | | |
| | २. सडक दुर्घटनाका कारणहरु बताई यसबाट बच्न | ● सडक दुर्घटनाको परिचय, कारण, यसबाट हुने क्षति<br>● सडक दुर्घटनाबाट बच्ने उपायहरु<br>● ट्राफिक नियम र तिनको पालना | ➢ सडक दुर्घटनाका विभिन्न घटनाहरुको उदाहरण दिई यसको कारण र यसबाट हुने क्षति सम्बन्धी छलफल गर्ने<br>➢ ट्राफिक नियम र चिन्हहरु प्रदर्शन गरी छलफल गर्दै सडक दुर्घटनाबाट बच्ने उपायहरु सहजीकरण गर्ने | ट्राफिक चिन्हहरु भएको पोष्टर, चार्ट, भिडियो | ▪ सडक दुर्घटनासँग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>▪ ट्राफिक नियमहरु पालना गरे नगरेको अवलोकन गर्ने | |
| | ३. करेन्ट लाग्नबाट बच्न जतनसाथ विद्युत्को प्रयोग गर्न | ● करेन्ट लाग्नुको परिचय, सम्भावित कारण र यसबाट हुने क्षति,<br>● करेन्ट लाग्नबाट बच्न अपनाउनु पर्ने सावधानी | ➢ करेन्ट लाग्ने घटनाको उदाहरण दिई यसको सम्भावित कारण र क्षति सम्बन्धी छलफल गर्ने ।<br>➢ करेन्ट लाग्नबाट बच्न अपनाउनु पर्ने सावधानीहरु छलफल गरी टिपोट गर्न लगाउने तथा सावधानीहरुको अभिनय गर्न लगाउने । | भिडियो, चार्टहरु | ▪ करेन्ट लाग्ने सम्भावित कारण प्रस्तुत गर्न लगाउने<br>▪ करेन्ट लग्नबाट बच्ने उपायहरुको खोजी गर्न लगाउने ।<br>▪ जतनसाथ विद्युत्को प्रयोग गरे नगरेको अवलोकन गर्ने । | |
| ८. हाम्रो कृषि | १. कृषिप्रति सकारात्मक दृष्टिकोण | ● कृषि व्यवसायको परिचय, महत्व र योगदान<br>● कृषिमा आधुनिकीकरण | ➢ हामीले उपभोग गर्ने विभिन्न वस्तुहरुको उदाहरण दिदै तिनको उत्पादनको श्रोत छलफल गर्ने । | भिडियो, डकुमेन्ट्री | ▪ कृषिको महत्व र योगदान सम्बन्धी प्रश्नहरु सोध्ने । | २० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | राखी व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्न | (उपकरणको प्रयोग, प्राविधिक सेवा, कृषि उपजहरुको भण्डारण र खपत) | ➢ उक्त छलफलबाट कृषिको महत्व र योगदान प्रष्ट पार्ने<br>➢ भिडियो तथा डकुमेन्ट्री प्रदर्शन गरी कृषिमा भएको आधुनिकीकरण अवलोकन गर्न लगाउने ।<br>➢ स्थानीय स्तरमा सञ्चालित कृषि फर्मको अवलोकन गर्न लगाई फर्मको बारेमा अन्तरक्रिया गर्ने<br>➢ कृषि व्यवसायका लागि आवश्यक सेवाहरु सम्बन्धी छलफल गर्ने । | | ▪ कृषि व्यवसायका लागि आवश्यक पर्ने प्रविधि, सामग्री आदिको खोजी गरी प्रस्तुत गर्न लगाउने ।<br>▪ कृषि फर्मको अवलोकनका आधारमा प्रतिवेदन पेश गर्न लगाउने । | |
| | २. तरकारी खेतीको व्याड निर्माण र विरुवा उत्पादन गर्न | ● करेसाबारीको परिचय र उपयुक्त जमिनको छनौट<br>● तरकारीको उपयुक्त वीउँ छनौट, ब्याड निर्माण, विरुवा उत्पादन र हेरचाह | ➢ नमुना करेसावारीको डकुमेन्ट्री, पोष्टर वा चित्रहरु प्रदर्शनबाट उपयुक्त स्थान छनौट गरी करेसावारी निर्माण गर्न प्रोत्साहित गर्ने ।<br>➢ प्रयोगात्मक कार्यको रुपमा मौसम अनुसारको तरकारीको बिउँ छनौट गरी ब्याड निर्माण गर्न लगाउने ।<br>➢ ब्याडमा उत्पादन भएका विरुवाहरुको हेरचाह, सिंचाई तथा गोडमेल गर्न लगाउने | भिडियो, डकुमेन्ट्री, पोष्टर, कृषि सम्बन्धी औजारहरु | ▪ व्याड निर्माणको अवलोकन<br>▪ प्रश्नावली | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. मौसमी र बेमौसमी तरकारी खेतीबारे जानकारी दिन | ● मौसमी र वेमौसमी खेतीको परिचय र महत्व<br>● टनेलको प्रयोग गरी वेमौसमी तरकारी उत्पादन<br>● रोग किराबाट संरक्षण गर्ने तरिका | ➢ मौसमी र वेमसमी खेतीको परिचय दिई वेमौसमी तरकारी उत्पादनका लागि टनेल निर्माण विधि सहजीकरण गर्ने ।<br>➢ रोग किराबाट विरुवा संरक्षणका लागि घरेलु उपचार र कीटनाशक ओषधिबारे सहजीकरण गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, फिल्ड भ्रमण | ▪ टनेल निमार्ण प्रक्रिया र विरुवा संरक्षण गर्ने तरीका बारे सोध्ने | |
| | ४. बगर खेतीको परिचय दिन | ● बगर खेतीको परिचय र महत्व | ➢ स्थानीय वगर खेतीको अवलोकन गराई परिचय दिने । | फिल्ड भ्रमण | ▪ वगर खेती सम्बन्धी प्रश्नावली सोध्ने | |
| | ५. बाखापालन सम्बन्धी जानकारी दिन | ● बाखाको स्थानीय र उन्नत जातको पहिचान<br>● बाखाको सन्तुलित आहार र खोर व्यवस्थापन<br>● बाखामा लाग्ने रोगहरु, तिनको लक्षण र रोकथामका उपायहरु | ➢ बाखाको विभिन्न प्रजातीहरुको चित्र प्रर्दशन गरी जात पहिचान गराउदै बाखाले रुचाउने घासको पहिचान गराउने ।<br>➢ बाखामा लाग्ने विभिन्न रोगहरुको परिचय दिई ती रोगहरु रोकथाम गर्ने उपाय सहजीकरण गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, फिल्ड भ्रमण | ▪ बाखाका प्रजाति, बाखाको घाँस र रोग तथा उपचार विधि सोध्ने | |

## कक्षा -७

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. नगर कार्यपालिकाको परिचय दिन | • शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकाको परिचय र गठन प्रक्रिया<br>• कार्यपालिकाको मुख्य काम र कर्तव्यहरु<br>• कार्यपालिकाको बैठक सञ्चालन प्रक्रिया | ➢ संविधानमा उल्लेख भए बमोजिम नगरपालिकाको कार्यपालिकाको गठन प्रक्रिया सम्बन्धी चार्ट / स्लाइड प्रदर्शन गरी शुक्लाफाँटा नगरपालिकाको प्रमुख, उपप्रमुख र सदस्यहरु छनौटबारे छलफल गर्ने<br>➢ कार्यपालिकाको मुख्य काम कर्तव्यहरुको सूची प्रदर्शन गरी छलफल गर्ने<br>➢ कार्यपालिकाको बैठक सञ्चालन प्रक्रिया सम्बन्धी चार्ट प्रदर्शन गरी छलफल गर्ने | चार्ट, स्लाईड, छापा सामग्री आदि | ▪ शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकामा सदस्यहरुको संख्या भन्न लगाउने<br>▪ नगरपालिकाको कार्यपालिकाको गठन प्रक्रिया सोध्ने<br>▪ कार्यपालिकाको काम कर्तव्यहरु सोध्ने<br>▪ कार्यपालिकाको बैठक सञ्चालन प्रक्रिया बारे सोध्ने | १६ |
| | २. नगरपालिकाको राजनैतिक विभाजनको नक्सा बनाउन | • शुक्लाफाँटा नगरपालिकाको राजनैतिक विभाजन (वडा विभाजन)<br>• शुक्लाफाँटा नगरपालिकाको नक्सामा नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु | ➢ शु.न.पा.को राजनैतिक विभाजन देखिने नक्सा प्रदर्शन गरी विभिन्न स्थानहरु कहाँ कहाँ पर्दछन् भनी छलफल गर्ने<br>➢ शु.न.पा.को नक्सा बनाउने, राजनैतिक विभाजन गर्ने र नक्सामा विभिन्न स्थानहरु भर्ने अभ्यास गराउने | शु.न.पा. को नक्सा, भिडियो, डकुमेन्टरी | ▪ शुक्लाफाँटा नगरपालिकाको राजनैतिक विभाजनको वर्णन गर्न लगाउने<br>▪ शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाउन लगाई प्रमुख स्थान देखाउन लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३.शुक्लाफाटा नगरपालिकाको जनसाङख्यिकी स्थिति प्रस्तुत गर्न | • नगरपालिकाको जनसंख्याको स्थिति ( वडागत रुपमा लैङ्गिक विभाजन)<br>• नगरपालिकाको वडागत जनसंख्याको शैक्षिक स्थिति (साक्षर र निरक्षर, विद्यालय उमेरको जनसंख्या, विद्यालय बाहिर रहेको विद्यालय उमेरको जनसंख्या) | ➢ नगरपालिकाको वडागत जनसंख्याको तथ्याङ्कलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने<br>➢ विभिन्न उमेर समूहको शैक्षिक जनसंख्या स्थिति प्रस्तुत गर्ने र त्यसको विश्लेषण गर्न लगाउने<br>➢ विद्यालय बाहिर रहेको विद्यालय उमेरको बाल बालिकालाई विद्यालय प्रवेश गराउन र अनौपचारिक रुपमा शिक्षा हासिल गर्न भूमिका निर्वाह गर्न उत्प्रेरित गर्ने | चार्टहरु, तालिका, स्लाइड, ग्राफ बोर्ड | ▪ वडागत रुपमा महिला र पुरुषको जनसंख्यालाई स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने<br>▪ विभिन्न वडाको जनसंख्यालाई प्रतिशतमा गणना गर्न लगाउने<br>▪ नगरपालिकाको शैक्षिक जनसंख्यालाई वडागत रुपमा विभाजन गरी तालिका र स्तम्भ त्रिचमा प्रस्तुत गर्न लगाउने तथा प्रतिशतमा गणना गर्न लगाउने<br>▪ आफ्नो समुदायमा विद्यालय बाहिर रहेको जनसंख्या खोजी गर्न लगाउने | |
| | ४. सहकारीको परिचय दिई यसको महत्व बताउन | • सहकारीको परिचय र किसिम<br>• समुदायको आर्थिक र सामाजिक विकासमा सहकारीको भूमिका | ➢ सहकारीको परिचय दिई सहकारीको प्रकार बारे छलफल गर्ने ।<br>➢ आफ्नो वडामा रहेका सहकारीहरु र तिनले गर्ने कार्य खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने | चार्ट, स्लाइड, भिडियो, अडियो, डकुमेन्ट्री | ▪ सहकारीको परिचय र प्रकार सोध्ने<br>▪ सहकारीले सामाजिक र आर्थिक रुपमा खेलेको भूमिकाकोबारे सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ विभिन्न विशेषताहरुको आधारमा उक्त सहकारीको किसिम छुट्याउन लगाउने<br>➢ विभिन्न डकुमेन्ट्री प्रदर्शन गरी सहकारीले सामाजिक र आर्थिक विकासमा खेलेको भूमिका छलफल गर्ने | | ▪ आफ्नो समुदायमा रहेको सहकारीको योगदानको प्रतिवेदन तयार पार्न लगाउने | |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | १. माघेसक्रान्ती /माघी पर्वको परिचय दिन | • माघे सक्रान्ती/माघी पर्वको परिचय<br>• माघे सक्रान्ती/माघी पर्वको महत्व | ➢ माघे सक्रान्ती/माघी पर्वको सामाजिक, धार्मिक एवं सांस्कृतिक महत्वका बारेमा परिचय दिने,<br>➢ पहाडी र थारु जातीले मनाइरहेका डकुमेन्टरी प्रर्दशन गर्ने र छलफल गर्ने,<br>➢ माघे सक्रान्ती/माघी पर्वमा विद्यार्थीको सहभागिता गराई विद्यार्थीले अवलोकन गरेका क्रियाकलापहरुको प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>➢ माघे सक्रान्ती/माघी पर्वको सामाजिक तथा धार्मिक महत्व वर्णन गर्न लगाउने । | भिडियो, डकुमेन्ट्री, चार्ट, स्रोतव्यक्ति | ▪ माघे सक्रान्ती/माघी पर्वसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरु सोध्ने,<br>▪ माघे सक्रान्ती/माघी पर्वमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने,<br>▪ माघे सक्रान्ती/माघी पर्वका बारेमा विद्यार्थीले तयार पारेको प्रतिवेदन मूल्याङ्कन गर्ने,<br>▪ माघेसक्रान्ती/माघी पर्वको सामाजिक तथा धार्मिक पराम्पराका बारेमा निबन्ध लेख्न दिने । | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. नगरक्षेत्र भित्रका जातिगत संस्कारको परिचय दिन | • जातजाति अनुसार मृत्यु र श्राद्ध संस्कारहरु | ➢ हरेक समुदायका विद्यार्थीहरुलाई पालैपालो मृत्यु र श्राद्ध सम्बन्धी प्रश्नहरु सोध्ने र टिपोट गर्ने,<br>➢ विभिन्न जातजातिको संस्कारहरुको तालिका प्रदर्शन गरी छलफल गर्ने,<br>➢ मृत्यु र श्राद्ध संस्कारमा सहभागी भई आफ्नो भूमिका निर्वाह गर्न प्रेरित गर्ने । | चार्ट, स्लाइड, डकुमेन्ट्री | ▪ जातजाति अनुसार गरीने संस्कारहरुसँग सम्बन्धित प्रश्नावलीहरु सोध्ने<br>▪ श्राद्ध र मृत्यु संस्कारमा सहभागी भई त्यसमा गरीएका क्रियाकलापहरुको प्रतिवेदन पेश गर्न लगाउने । | |
| | ३. समाजमा विद्यमान सकारात्मक नीति नियमहरुको आत्मसात् गर्न | • समाजमा हुने सकारात्मक कामहरु (नागरीक कर्तव्यहरु, आचारसंहिता निर्माण र प्रयोग) | ➢ विद्यार्थीहरूलाई समाज, परिवार, इष्टमित्र तथा अन्य व्यक्तिसंग देखाउनु पर्ने सद्भावपूर्ण व्यवहारको सूची बनाउन लगाई विभिन्न उदाहरण वा कथामार्फत तिनको अवलम्बन गर्न उत्प्रेरित गर्ने,<br>➢ भाइचारा, मेलमिलाप, एकता, सहनशीलता एवम् सहिष्णुता कायम गर्ने उपायहरूका बारेमा समूहगत रुपमा छलफल गर्ने, | चार्ट, स्लाइड भिडियो, पोस्टर | ▪ सामाजिक नीति नियमहरु खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>▪ विद्यार्थीहरुले देखाउने सकारात्मक व्यवहारको अवलोकन गर्ने र उनीहरुमा भएका नकारात्मक व्यवहारलाई सुधार्ने अवसर प्रदान गर्ने<br>▪ विभिन्न परिस्थितिमा विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गर्न लगाउने र त्यसको पालना भए नभएको अवलोकन गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ बहुजातीय समाजमा सामाजिक एकताका लागि विद्यमान नीतिनियमहरुको खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>➢ विद्यमान सामाजिक नीति नियमहरुमा सुधार गर्नु पर्ने पक्षहरु टिपोट गरी एकीकृत गर्न लगाउने,<br>➢ विद्यार्थीले विद्यालय, कक्षाकोठा, बाटोघाटो, घरपरिवार तथा समाजमा पालना गर्नुपर्ने आचारसंहिताहरु निर्माण गरी पालना गर्न उत्प्रेरित गर्ने । | | | |
| | ४. डिलासैनी र रामजानकी मन्दिरको परिचय दिन | • डिलासैनी मन्दिर (कालागौडी) को अवस्थिति, धार्मिक मान्यता, इतिहास र महत्व<br>• राम जानकी मन्दिर (अमरपुर) को अवस्थिति, | ➢ डिलासैनी मन्दिर र रामजानकी मन्दिरको भ्रमण गराई वा डकुमेन्ट्री प्रर्दशन गरी तिनको अवस्थिति र अवस्था को बारेमा प्रतिवेदन पेश गर्न लगाउने,<br>➢ मन्दिरहरु सम्बन्धी तथ्यहरु संकलन गरी तालिका मार्फत | चार्ट, भिडियो, अडियो, फोटो | ▪ रामजानकी मन्दिर र डिलासैनी मन्दिर सम्बन्धी परियोजना कार्य दिई मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | धार्मिक मान्यता, इतिहास र महत्व | इतिहास र धार्मिक विश्वास तथा मान्यता छलफल गर्ने,<br>➢ मन्दिरको सामाजिक, धार्मिक, सांस्कृतिक महत्व छलफल गर्ने । | | | |
| | ५. डिलासैनी जातको वर्णन गर्न | • डिलासैनी जात (मेला) | ➢ नगर क्षेत्रमा मनाइने विभिन्न मेला, जात, पर्वहरुको तिथिमिति सहितको चार्ट प्रदर्शन गर्ने,<br>➢ विद्यार्थीले अवलोकन गरेका मेला, जात, पर्वहरुको वर्णन गर्न लगाउने,<br>➢ डिलासैनी जातमा सहभागी गराई वा तयार पारिएको भिडियो/डकुमेन्टरीको प्रदर्शन गरी जात , मेला, जात्रा को बारेमा विद्यार्थीलाई जानकारी गराउने<br>➢ डिलासैनी जातको सामाजिक र सांस्कृतिक महत्व खोजी गर्न लगाउने । | चार्ट, स्रोतव्यक्ति डकुमेन्ट्री, भिडियो | ▪ डिलाशैनी जातको बारेमा विभिन्न प्रश्नहरु सोध्ने,<br>▪ जातको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>▪ जातमा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने । | |
| | ६. डेउडा नाचको परिचय दिन र अभ्यास गर्न | • डेउडा नाचको परिचय र प्रकार<br>• गीत अनुसार डेउडा | ➢ विभिन्न प्रकारका डेउडा नाचका भिडियोहरु प्रर्दशन गरी विद्यार्थीहरुलाई डेउडा नाचको परिचय दिने, | भिडियो, स्रोतव्यक्ति | ▪ डेउडा नाचसँग सम्बन्धित प्रश्नावली तयार पारी मूल्याङ्कन गर्ने, | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | नाचको अभ्यास | ➢ स्थानीय डेउडा कलाकारको उपस्थितीमा नाचको अभ्यास गराउने,<br>➢ डेउडा गीतको शब्द, लय र भाका अनुसार अभिनय गराउने । | | ▪ विद्यार्थीले गीतअनुसार अभिनय गर्न सके/नसकेको मूल्याङ्कन गर्ने । | |
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १. स्थानीय नदीहरुको परिचय दिइ तिनको सदुपयोग र संरक्षण गर्न | ● स्थानीय नदीहरु (परिचय, प्रभावक्षेत्र, उपयोगिता)<br>-स्याली<br>-सुनवरा<br>-बनहरा<br>● नदीको संरक्षण | ➢ स्थानीय नदी (स्याली, सुनवरा, बनहरा) को स्थलगत भ्रमण गराउने वा भिडियो/डकुमेन्ट्री प्रदर्शन गर्ने,<br>➢ उक्त नदीहरुको वर्तमान अवस्था, उद्गम स्थान, नदीको प्रभाव क्षेत्र र अन्य सहायक नदीको नामहरु टिपोट गर्न लगाउने,<br>➢ नदीहरुमा बनेका सिचाई, पानी घट्ट, माछापालन, तरकारी खेती, वगरखेती, बालुवा, गिट्टी, ढुङगाको प्रयोगका बारेमा छलफल गर्ने,<br>➢ नदीको वर्तमान अवस्थाको रिपोर्ट तयार गर्न लगाउने तथा नदी संरक्षण र सदुपयोग गर्न उत्प्रेरित गर्ने । | भिडियो, डकुमेन्ट्री, चार्टहरु | ▪ नगरपालिकामा रहेका नदीहरुको वर्तमान अवस्था खोजी गर्न लगाउने,<br>▪ स्याली, सुनवरा र बनहरा नदीबाट प्राप्त हुने स्रोतहरु र तिनको प्रभाव क्षेत्रका बारेमा प्रश्न सोध्ने,<br>▪ नदी संरक्षणका उपायहरुको सूची बनाउन लगाउने र संरक्षणका लागि गरीएका प्रयासहरुका बारे सोध्ने । | १६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. सामुदायिक वनको परिचय दिई वन संरक्षणमा वैज्ञानिक तरिका अपनाउन | ● **सामुदायिक वनको परिचय** (परिचय, नगरपालिकाभित्र रहेका सामुदायिक वनहरुको सूची, मध्यवर्ती सामुदायिक वन)<br>● सामुदायिक वनबाट प्राप्त हुने स्रोतहरु<br>● सामुदायिक वनको संरक्षण गर्न स्थानीयको भूमिका<br>● वैज्ञानिक वन | ➢ नजिकको सामुदायिक बन भ्रमण गराई त्यसमा प्राप्त स्रोत, साधनको नामहरु टिपोट गर्न लगाउने<br>➢ सामूदायिक वनको परिचय र यसका प्रकारहरुका बारेमा समूहगत रुपमा छलफल गराउने<br>➢ सामुदायिक वन संरक्षणमा स्थानीयको भूमिका सम्बन्धी राय प्रस्तुत गर्न लगाउने,<br>➢ श्रोत व्यक्ति आमन्त्रण गरी वन संरक्षणको वैज्ञानिक पद्धति सम्बन्धी सहजीकरण गर्ने,<br>➢ सामुदायिक वनबाट प्राप्त हुने स्रोतको उचित सदुपयोग गर्न प्रेरित गर्ने । | तालिका, चार्टहरु, भिडियो, डकुमेन्ट्री, न. पा. को भौगोलिक नक्सा, श्रोतव्यक्ति | ▪ सामुदायिक वनको परिचय र प्रकार सोध्ने ।<br>▪ सामुदायिक वनबाट प्राप्त हुने स्रोत साधनको सूची तयार पार्न लगाउने<br>▪ सामुदायिक वनबो संरक्षणमा स्थानीयको भूमिका सम्बन्धी राय पेश गर्न लगाउने ।<br>▪ वैज्ञानिक वन विकासको तरिका, फाइदा तथा संरक्षण र सदुपयोग सम्बन्धी प्रश्नहरु सोध्ने । | |
| | ३. वन्यजन्तुको महत्व बताउन र संरक्षणमा सहभागी हुन । | ● वनजंगल र वन्यजन्तु बिच सम्बन्ध<br>● वन्यजन्तुको महत्व<br>● वनजंगल र वन्यजन्तुको | ➢ नजिककै रहेको वनको भ्रमण गराई त्यस वनभित्र रहेका जनावर र चराचुरुङ्गीको नाम टिपोट गर्न लगाउने, | चार्ट, स्लाइड, भिडियो, स्थलगत भ्रमण, श्रोतव्यक्ति, | ▪ वनजंगल र वन्यजन्तु बिच सम्बन्ध सोध्ने<br>▪ वनजंगल र वन्यजन्तुको संरक्षणमा नेपाल सरकार र | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | संरक्षणमा भएका राष्ट्रिय अभ्यासहरु | ➢ वनजंगल र वन्यजन्तु बिचको सम्बन्ध सम्बन्धी भिडियोहरु प्रर्दशन गर्ने,<br>➢ वन्यजन्तुको महत्व सम्बन्धी लेख तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>➢ नेपालमा वनजंगल संरक्षणका अभ्यासका स्लाइडहरु प्रदर्शन गरी छलफल गर्ने,<br>➢ वन्यजन्तु संरक्षणका अभ्यासहरुमा जनसमुदायले खेल्न सक्ने भूमिका खोजी गर्न लगाउने,<br>➢ वन्यजन्तुबाट मानिस र मानिसबाट वन्यजन्तुको सुरक्षा सम्बन्धी आवश्यक कार्यहरु खोजी गर्न लगाउने । | डकुमेन्ट्री | स्थानीयको भूमिकाबारे सोध्ने<br>▪ वन्यजन्तु र मानिसको मित्रवत व्यवहार सम्बन्धी खोजी गर्न लगाउने । | |
| | ४. जैविक विविधताको महत्व बताई नगरपालिकाको जैविक विविधता | ● जैविक विविधताको परिचय र महत्व<br>● नगरपालिकामा रहेको जैविक विविधता | ➢ स्थानीय वातावरणमा रहेका विभिन्न जनावर र वनस्पति अवलोलन गराई तिनको विविधता सम्बन्धी प्रतिवेदन पेश गर्न लगाउने, | चार्ट<br>भिडियो | ▪ जैविक विविधता सम्बन्धि प्रशनावली सोध्ने<br>▪ वातावरणको परिभाषा र बचाउने उपायहरुका बारेमा सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | कायम राख्न सहयोग पुर्‍याउन | ● जैविक विविधताको संरक्षण | ➢ जैविक विविधता सम्बन्धी भिडियो/डकुमेन्ट्री प्रदर्शन गर्ने,<br>➢ वातावरणका जीव जनावर तथा वनस्पतिको आपसी सम्बन्धबारे छलफल गरी वातावरणमैत्री व्यवहारको अवधारणा दिने,<br>➢ जैविक विविधताको महत्व सम्बन्धी निबन्ध, वक्तृत्वकला जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने,<br>➢ जैविक विविधता संरक्षणमा गरीएका प्रयासहरुको डकुमेन्ट्री प्रदर्शन गरी विद्यार्थीहरुलाई उक्त क्रियाकलापमा सरिक हुन र आफूले जानेका कुराहरु आदान प्रदान गर्न उत्प्रेरित गर्ने । | | | |
| | ५. औषधिजन्य जडीबुटी पहिचान गरी तिनको समुचित | ● तुलसीको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● नीमको परिचय र | ➢ विद्यार्थीका समूहहरु बनाई तुलसी, नीम र गुर्जोका नमुनाहरु संकलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>➢ स्थानीय स्तरमा उपलब्ध | तुलसी, नीम र गुर्जोका नमुनाहरु, उक्त जडीबुटीबाट | ▪ तुलसी, नीम र गुर्जोको महत्व वर्णन गर्न लगाउने ।<br>▪ औषधिको रुपमा जडीबुटी प्रयोगको अवस्था अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | प्रयोग गर्न | औषधिको रुपमा यसको प्रयोग<br>● गुर्जोको परिचय र औषधिको रुपमा यसको प्रयोग | जडीबुटी सम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगिता सम्बन्धी जानकारी लिन प्रेरित गर्ने,<br>➢ उक्त जडीबुटीहरुको उपयोगिता बारे थप सहजीकरण गरी औषधिको रुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने । | बनेका आयुर्वेदिक औषधिहरु, उपयोगिता लेखिएका चार्टहरु | | |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १. पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु पहिचान गरी तिनको परिचय दिन | **<u>पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु</u>**<br>● यातायात सेवा (परिचय, यातायातका साधन, यात्रुसँग गर्नुपर्ने व्यवहार)<br>● होटेल व्यवसाय (परिचय, आवश्यक सेवा सुविधा, आगन्तुकसँग गर्नुपर्ने व्यवहार)<br>● पथ प्रदर्शक (परिचय, पथ प्रदर्शन सिप र क्षमता, पर्यटकसँग गर्नुपर्ने व्यवहार) | ➢ विद्यार्थीका समूहहरु बनाई पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ विद्यार्थीहरुलाई तीन समूहमा विभाजन गरी यातायात सेवा, होटेल व्यवसाय र पथ प्रदर्शकसँग सम्बन्धित विषयवस्तुको समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ यातायात सेवा, होटेल व्यवसाय र पथ प्रदर्शक पेसामा संलग्न व्यक्ति आमन्त्रण गरी उक्त पेसाको बारेमा सहजीकरण गर्न लगाउने । | भिडियोहरु, चार्ट, स्लाइड, श्रोतव्यक्ति, पर्यटन व्यवसाय सञ्चालन गरेको डकुमेन्ट्री | ▪ पेसा र व्यवसायसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरु गर्ने,<br>▪ पर्यटनसँग सम्बन्धित पेसा व्यवसायहरुको सूची बनाउन लगाउने,<br>▪ पर्यटनसँग सम्बन्धित पेसाको नाटक गरी अभिनय गर्न लगाउने । | १२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको वर्णन गर्न | • बतासे झरना<br>• सुनदेवी ताल (अवस्थिति, भौगोलिक विशेषता, भ्रमण सुविधा आदि) | ➢ नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने,<br>➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी बतासे झरना र सुनदेवी तालको अवस्थिति र भौगोलिक विशेषता छलफल गर्ने,<br>➢ बतासे झरना र सुनदेवी तालको स्थलगत अवलोकन भ्रमण गराई तिनीहरुको वर्तमान अवस्था, भ्रमण सुविधा, पर्यटन विकासका लागि गर्नुपर्ने आवश्यक कार्यहरु सहितको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | शुक्लाफाँटा नगरपालिकाको नक्सा, भिडियोहरु, डकुमेन्ट्री, पथ प्रदर्शक | ▪ नगरपालिकाभित्र सञ्चालनमा रहेका र सम्भावित पर्यटकीय स्थलहरुको सूची निर्माण गर्न लगाउने,<br>▪ बतासे झरना र सुनदेवी तालको अवस्थिति र भौगोलिक विशेषता प्रस्तुत गर्न लगाउने,<br>▪ विद्यार्थीहरुले तयार पारेको भ्रमण प्रतिवेदन मूल्याङ्कन गर्ने । | |
| | ३. होम स्टेको परिचय दिइ उक्त पेसाका लागि प्रोत्साहन गर्न | • होम स्टे (परिचय, सञ्चालन सीप, नगरपालिकामा सञ्चालित होम स्टेहरु) | ➢ होम स्टेको भिडियो वा डकुमेन्ट्री प्रदर्शन गरी त्यसको परिचय दिने,<br>➢ विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गर्ने र होम स्टे सञ्चालनका लागि आवश्यक कुराहरुमा समूह छलफल गर्न लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने, | भिडियो, डकुमेन्ट्री, चार्ट, नक्सा | ▪ होम स्टेको परिचय दिन लगाउने,<br>▪ होम स्टे सञ्चालनका लागि आवश्यक सीपहरु वर्णन गर्न लगाउने,<br>▪ नगरपालिकामा रहेका होम स्टेहरुको सूची बनाउन लगाउने, | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ होम स्टे सञ्चालनको नाटक अभिनय गर्न लगाउने,<br>➢ नगरपालिकामा सञ्चालित होम स्टेहरुको सूची प्रदर्शन गर्ने र नक्सामा ती स्थानहरु संकेत गर्न लगाउने,<br>➢ नगरपालिकामा रहेका होम स्टेहरुको अवलोकन गरी प्रतिवेदन पेश गर्न लगाउने । | | ▪ नगरपालिकामा रहेका होम स्टेहरुको वर्तमान अवस्था र तिनको स्तरोन्नतिका लागि गर्नुपर्ने कार्यहरुमा आफ्नो राय सहितको प्रतिवेदन पेश गर्न लगाउने । | |
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १. स्थानीय स्तरका व्यवसायिक पेसाहरुको जानकारी लिई पेसा र तालिमको सम्बन्ध खोजी गर्न | • स्थानीय स्तरका व्यवसायिक पेसाहरु<br>• **<u>पेसाको तालिमसँग सम्बन्ध</u>**<br>(क) शिक्षण पेसा,<br>(ख) कृषि/वन सँग सम्बन्धित पेसा<br>(ग) चिकित्सा क्षेत्रसँग सम्बन्धित पेसा<br>(प्रत्येक पेसाको परिचय, महत्व र प्रवेशको योग्यता) | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा व्यवसायिक पेसाहरु सम्बन्धी छलफल गर्ने,<br>➢ चार्ट/स्लाइड प्रदर्शन गरी शिक्षण पेसा, कृषि/वनसंग सम्बन्धित पेसा र चिकित्सा क्षेत्रसंग सम्बन्धित पेसाको परिचय, तिनमा प्रवेशका लागि आवश्यक तालिम र योग्यताको बारेमा छलफल गर्ने । | चार्टहरु, स्लाइड, भिडियो | ▪ विभिन्न पेसाहरुको सूची तयार पार्न लगाउने,<br>▪ शिक्षण पेसा, कृषि/वनसँग सम्बन्धित पेसा र चिकित्सा क्षेत्रसँग सम्बन्धित पेसा अपनाएका व्यक्तिहरुको उदाहरण पेश गर्न लगाउने,<br>▪ उक्त पेसाका लागि आवश्यक तालिम र योग्यता भन्न लगाउने । | २० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. वैदेशिक रोजगारीका अवसर र चुनौती पहिचान गर्न तथा आवश्यक आधारभूत जानकारी हासिल गर्न | • वैदेशिक रोजगार सम्बन्धी सूचना प्राप्तिका श्रोतहरु<br>• वैदेशिक रोजगारीका लागि आवश्यक आधारभूत जानकारी<br>• वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको परिचय र काम<br>• वैदेशिक रोजगारीको अवसर र चुनौती | ➢ वैदेशिक रोजगारीमा रहेका वा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुसँग अन्तरक्रिया गरी वैदेशिक रोजगारीको आधारभूत जानकारी र सूचना प्राप्तीका श्रोतहरु संकलन र प्रस्तुत गर्न लगाउने,<br>➢ पत्रिका वा वेवसाइटमा प्रकाशित कामदारको माग सम्बन्धी सूचना अध्ययन गर्न लगाइ वैदेशिक रोजगारीका विभिन्न विषयमा छलफल गर्ने,<br>➢ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको परिचय र त्यसका कार्यहरु लेखिएको चार्ट/स्लाइड प्रदर्शन गर्ने र विभिन्न बुँदाहरुमा छलफल गर्ने,<br>➢ वैदेशिक रोजगारीको अवसर र चुनौती सम्बन्धी विद्यार्थीको धारणा प्रस्तुत गर्न लगाउने । | स्लाइड, पोष्टर, श्रोत व्यक्ति | ▪ वैदेशिक रोजगारीको परिचय र सो सम्बन्धी सूचना प्राप्तीका श्रोतहरु सोध्ने,<br>▪ रोजगारी प्रवर्द्धन बोर्डका कार्यहरुको सूची बनाउन लगाउने,<br>▪ वैदेशिक रोजगारीमा देखा पर्न सक्ने चुनौतीहरु आँकलन गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. . कम्प्युटरमा वर्ड प्रोसेसिङ्ग र स्प्रेडसीटका बारे परिचित भई सो प्रोग्राममा विभिन्न कार्यहरु गर्न | • *Introduction of word Processig (Creating, Editing, Formating, Saving and Printing documents)*<br>• *Introduction of Spreadsheet (Creating simple data, Concept of basic calculation, Saving and Printing)* | ➢ कम्प्युटर प्रयोगशालामा विषय विस्तृतीकरणमा दिइएका प्रयोगात्मक कार्यहरु गराउने । | कम्प्युटर, प्रिन्टर | ▪ विभिन्न प्रयोगात्मक कार्य गर्न लगाउने । | |
| | ४. फोटोकपी मेसिन र स्क्यानरको परिचय दिन र प्रयोग गर्न | • फोटोकपी मेसिन<br>• स्क्यानर (विभिन्न भागहरु, प्रयोग, सामान्य मर्मत संभार) | ➢ फोटोकपी मेसिन र स्क्यानरका विभिन्न भागहरु प्रदर्शन गरी तिनको कार्य बताउने,<br>➢ कागजातहरु फोटोकपी र स्क्यान गरेको अवलोकन गर्न लगाउने,<br>➢ प्रयोगात्मक कार्यको रुपमा कागजातहरु फोटोकपी र स्क्यान गर्न लगाउने, स्क्यान गरेका डकुमेन्ट खोल्न र प्रिन्ट गर्न लगाउने,<br>➢ फोटोकपी मेसिनमा मसी भर्ने, सरसफाई गर्ने र सामान्य मर्मत सम्भार कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने । | फोटोकपी मेसिन, स्क्यानर, कम्प्युटर | ▪ विद्यार्थीहरुले फोटोकपी गरेको, स्क्यान गरेको र उपकरणहरुको मर्मत संभार गरेको मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. निँगालो/बाँस बाट विभिन्न वस्तुहरु निर्माण गर्न | • निँगालो/बाँसको काम (आवश्यक औजार, सुरक्षित प्रयोग)<br>• निँगालो/बाँसबाट विभिन्न वस्तुहरु निर्माण (डोको, टोकरी, मुढा, र्‍याक) | ➢ स्थानीय स्तरमा निँगालो/बाँसबाट निर्माण गरीएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी त्यस्ता सामग्रीहरु निर्माण गर्न प्रेरित गर्ने,<br>➢ सामग्रीहरु निर्माण गर्न आवश्यक पर्ने औजारहरु प्रदर्शन गरी तिनको प्रयोग प्रष्ट पार्ने,<br>➢ औजारहरुको सुरक्षित प्रयोग गरी डोको, टोकरी, मुढा र र्‍याक निर्माण गर्न लगाउने,<br>➢ विद्यार्थीहरुले निर्माण गरेका वस्तुहरुलाई डस्टविन, बस्ने साधन र बुक कर्नरको रुपमा प्रयोग गर्ने,<br>➢ विद्यार्थीहरुले निर्माण गरेका सामग्रीहरु सजावटका साथ राख्ने र तिनको प्रदर्शनी गर्ने | निर्माण गरीएका वस्तुका नमुनाहरु, काम गर्न आवश्यक औजारहरु, निँगालो/बाँस, निर्माणमा आवश्यक अन्य सामग्रीहरु जस्तै : फेविकल, किला, पेन्ट आदि | ▪ विद्यार्थीलाई प्रयोगात्मक कार्यमा सरिक गराई तिनले गरेको कामको मूल्याङ्कन गर्ने,<br>▪ सामग्रीहरुको प्रदर्शनीमा आफूले निर्माण गरेको सामग्रीको व्याख्या र दर्शकलाई पारेको प्रभावको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १. प्राथमिक उपचारको परिचय दिई विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार गर्न | • प्राथमिक उपचारको परिचय<br>• विभिन्न दुर्घटनाहरुको प्राथमिक उपचार (लु लाग्नु र शीतलहर) | ➢ विभिन्न दुर्घटनाहरुको उदाहरण दिई घाइते (बिरामी) को स्वास्थ्य अवस्था विग्रिन नदिन के गर्नुपर्ला भनी छलफल गरी प्राथमिक उपचारको परिचय दिने,<br>➢ लु लाग्नु र शीतलहर जस्ता घटनाहरुको प्राथमिक उपचारको अभिनय गरी वा भिडियो प्रदर्शनको माध्यमबाट प्राथमिक उपचार पद्धतिबारे सहजीकरण गर्ने, | भिडियो, पोष्टर, चित्र | ▪ विभिन्न दुर्घटनाको प्राथमिक उपचार पद्धतिका चरणहरु सोध्ने ।<br>▪ सिकेका चरणहरुको आधारमा दुर्घटनाको प्राथमिक उपचार गरे नगरेको अवलोकन गर्ने । | १४ |
| | २. योग अभ्यासले स्वास्थ्यमा पार्ने प्रभावबारे जानकारी दिई विभिन्न आसनहरुको अभ्यास गर्न | • योग अभ्यासले स्वास्थ्यमा पार्ने प्रभाव<br>• विभिन्न आसनहरुको परिचय र अभ्यास (स्वस्तिकासन, गोमुखासन, सर्वांगासन, अर्द्धमत्स्येन्द्रासन) | ➢ विद्यार्थीहरुको पूर्व ज्ञानको आधारमा योग र ध्यानबारे छलफल गरी यसले स्वास्थ्यमा पार्ने प्रभाव प्रष्ट पार्ने,<br>➢ श्रोतव्यक्ति वा भिडियोको सहयोगमा विभिन्न आसनहरुको परिचय दिई तिनको महत्व बताउने र आसनहरुको अभ्यास गराउने | श्रोतव्यक्ति, भिडियो, पोष्टर, चार्टहरु, स्लाइड | ▪ योग, ध्यान तथा आसनहरुसंग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>▪ योगासनहरु नियमवद्ध तरिकाले गरे नगरेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. विभिन्न रोगहरु लाग्ने कारण बताई रोकथामका उपायहरु अपनाउन | ● केही रोगहरु<br>क) कोभिड-१९<br>ख) सिकेलसेल<br>ग) कमलपित्त | ➢ विद्यार्थीहरुको पूर्व ज्ञानको आधारमा रोगहरु र तिनीहरु सर्ने कारण भन्न लगाउने,<br>➢ चार्ट, स्लाइड, भिडियो प्रदर्शन गरी कोभिड-१९, सिकेलसेल र कमलपित्त रोगको बारेमा जानकारी दिने<br>➢ चार्ट, स्लाइड प्रर्दशन गरी रोग लाग्नुको कारण, लक्षण र बच्ने उपायहरु बारे छलफल गर्ने । | पोष्टर, चार्ट, डकुमेन्ट्री, भिडियो | ▪ कोभिड-१९, सिकेलसेल र कमलपित्त रोग सम्बन्धी विभिन्न प्रश्नहरु सोध्ने,<br>▪ उक्त रोगहरुबाट बच्न अपनाउनु पर्ने व्यवहार प्रदर्शन गरे नगरेको अवलोकन गर्ने । | |
| | ४. जल प्रदुषण र वायु प्रदूषणको परिचय दिई न्यूनीकरणका उपायहरु अपनाउन | ● जलप्रदूषणको परिचय, कारण, असर र घटाउने उपायहरु<br>● वायु प्रदूषणको परिचय, कारण, असर र घटाउने उपायहरु | ➢ जल प्रदूषण र वायु प्रदूषण सम्बन्धी भिडियो/डकुमेन्ट्री प्रदर्शन गरी उक्त प्रदूषणका कारण र असरहरु सम्बन्धी छलफल गर्ने,<br>➢ जल प्रदूषण र वायु प्रदूषण घटाउने उपायहरु खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ जल प्रदूषण र वायु प्रदूषण कम गर्ने तरिकाले दैनिक क्रियाकलाप गर्न उत्प्रेरित गर्ने | भिडियो, डकुमेन्ट्री, चार्टहरु, स्लाइड | ▪ जलप्रदूषण र वायु प्रदूषणका कारणहरु र तिनको असर खोजी गरी प्रस्तुत गर्न लगाउने ।<br>▪ जलप्रदूषण र वायु प्रदूषण न्यूनीकरणमा विद्यार्थीले खेलेको भूमिका अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७. विपद् तथा जोखिम व्यवस्थापन | १. आत्मरक्षाको परिचय दिई जंगली जनावरको आक्रमणबाट बच्ने उपायहरु उल्लेख गर्न | • आत्मरक्षाको परिचय<br>• जंगली जनावरको आक्रमणबाट आत्मरक्षा (पूर्व सावधानी, तत्कालीन क्रियाकलाप, उद्धार र उपचार) | ➢ आत्मरक्षा सम्बन्धी विभिन्न भिडियो/ डकुमेन्ट्री प्रदर्शन गरी यसको परिचय दिने ।<br>➢ जंगली जनावरको आक्रमणबाट आत्मरक्षाका लागि अपनाउनु पर्ने व्यवहार खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ जंगली जनावरबाट आत्मरक्षा सम्बन्धी विभिन्न भिडियो/ डकुमेन्ट्री प्रदर्शन गरी पूर्वसावधानी, तत्काल अपनाउन सकिने क्रियाकलाप तथा उद्धार र उपचारका उपायहरु बारे छलफल गर्ने र थप सहजीकरण गर्ने । | भिडियो, चार्टहरु, डकुमेन्ट्री, पोष्टर | ▪ जंगली जनावरको आक्रमणबारे विभिन्न प्रश्नहरु सोध्ने,<br>▪ जंगली जनावरको आक्रमणबाट आत्मरक्षाका लागि गरीने क्रियाकलापको अभिनय गर्न लगाई त्यसको मूल्याङ्कन गर्ने । | १० |
| | २. बाढीको परिचय दिई यसका कारण, असर र नियन्त्रणका उपायहरु बताउन | • बाढीको परिचय,<br>• बाढीको कारण र यसका असर<br>• बाढी नियन्त्रणका उपायहरु | ➢ बाढी परिचय सहित विभिन्न घटनाहरुको उदाहरण दिई यसको कारण र यसबाट हुने असर सम्बन्धी छलफल गर्ने<br>➢ बाढी नियन्त्रणका उपायहरु खोजी गरी प्रस्तुत गर्न लगाउने | पोष्टर, चार्ट, भिडियो, डकुमेन्ट्री | ▪ बाढी सम्बन्धी विभिन्न प्रश्नावली गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. आगलागीका कारण, क्षति/ असर र नियन्त्रणका उपायहरु पहिचान गर्न | ● आगलागीको परिचय<br>● आगलागीको कारण र यसबाट हुने क्षति/असर<br>● आगलागी नियन्त्रणका उपायहरु | ➢ आगलागी परिचय सहित विभिन्न घटनाहरुको उदाहरण दिई यसको कारण र यसबाट हुने क्षति/ असर सम्बन्धी छलफल गर्ने<br>➢ आगलागी नियन्त्रणका उपायहरु खोजी गरी प्रस्तुत गर्न लगाउने र थप छलफल गर्ने,<br>➢ विभिन्न भिडियोहरु प्रदर्शन गरी आगलागीबाट गरीने उद्धारका क्रियाकलापहरु अवलोकन गर्न लगाउने,<br>➢ आगलागी नियन्त्रणमा स्थानीय निकायको भूमिकाका बारेमा छलफल गर्ने । | पोष्टर, चार्ट, भिडियो, डकुमेन्ट्री | ▪ आगलागी सम्बन्धी विभिन्न प्रश्नावली गर्ने<br>▪ आगलागीबाट गरीने उद्धारका क्रियाकलापहरु अभिनय गर्न लगाउने र त्यसको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| ८. हाम्रो कृषि | १. परम्परागत कृषि पेसा/ व्यवसायका कठिनाइहरु पहिचान गरी प्रवर्द्धनका उपायहरु खोजी गर्न | **कृषि पेसा/व्यवसायको प्रवर्द्धन**<br>● परम्परागत कृषि पेसा/व्यवसायका कठिनाईहरु<br>● कृषि पेसा/व्यवसायको सुदृढीकरणका लागि आवश्यक कुराहरु | ➢ परम्परागत कृषि पेसा/व्यवसाय सँग सम्बन्धित विभिन्न डकुमेन्ट्री प्रदर्शन गरी समस्या र कठिनाइहरु पहिचान गर्न लगाउने<br>➢ विद्यार्थीहरुको पूर्व अनुभवको आधारमा थप छलफल गर्ने | चार्ट, स्लाइड, डकुमेन्ट्री | ▪ आफ्नो समुदायमा कृषकले भोगी रहेका समस्याहरु संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>▪ कृषि पेसा/व्यवसायमा सुधारका लागि गर्नु पर्ने कुराहरु खोजी गर्न लगाउने | २२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ कृषि पेसा/व्यवसायमा सुधारका लागि गर्नु पर्ने कुराहरु खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>➢ आधुनिक तरिकाले कृषि पेसा/व्यवसाय सञ्चालन गरीएका कृषि फर्महरु अवलोकन गराउने वा डकुमेन्ट्री/भिडियो प्रदर्शन गरी कृषि पेसा/व्यवसायका लागि उत्प्रेरित गर्ने । | | | |
| | २. नगरपालिकाबाट उपलब्ध हुने कृषि सम्बन्धी सेवा सुविधाहरु बताउन | **नगरपालिकाबाट उपलब्ध हुने कृषि सम्बन्धी सेवा सुविधाहरु**<br>• कृषि शाखाबाट उपलब्ध हुने सेवा सुविधाहरु<br>• पशु शाखाबाट उपलब्ध हुने सेवा सुविधाहरु | ➢ शुक्लाफाँटा नगरपालिकामा रहेका विभिन्न शाखा उपशाखाहरुको फ्लो चार्ट प्रदर्शन गरी नगरपालिकामा कृषि/पशु शाखा रहने कुरा जानकारी गराउने ।<br>➢ विद्यार्थीहरुको अनुभवको आधारमा नगरपालिकाबाट गाउँ समाजमा भएका कृषि सम्बन्धी कार्यहरु प्रस्तुत गर्न लगाउने । | चार्ट, स्लाइड | ▪ नगरपालिकाको कृषि र पशु शाखाबाट उपलब्ध हुने सेवा सुविधाहरुको अलग अलग सूची बनाउनुहोस् ।<br>▪ नगरपालिकाबाट कृषि र पशु सम्बन्धी सेवा प्राप्त गर्न कृषकले के के गर्नु पर्दछ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ कृषि/पशु शाखाबाट उपलब्ध हुने सेवा सुविधाहरुको चार्ट प्रदर्शन गरी उपलब्ध हुने सेवाहरु र सो सेवा प्राप्त गर्न कृषकले गर्नु पर्ने कार्यहरु बारे छलफल गर्ने । | | | |
| | ३. मौसमी तरकारी उत्पादन, संकलन, संरक्षण र भण्डारण गर्न | **तरकारी खेती**<br>● करेसावारीमा मौसम अनुसार तरकारी खेती, हेरचाह, उत्पादन र भण्डारण<br>● तरकारी बालीमा लाग्ने रोग किराको पहिचान<br>● रोग किराबाट संरक्षण गर्ने परम्परागत र आधुनिक तरिका | ➢ मौसम अनुसारको तरकारी उत्पादनका लागि जमिन र बिउको तयारी गर्न लगाउने<br>➢ बिउ/बोट रोप्ने र त्यसको हेरचाह गर्न लगाउने ।<br>➢ तरकारीमा लाग्ने रोग किराहरुबारे जानकारी गराउने ।<br>➢ रोग किराबाट संरक्षण गर्ने विभिन्न तरिकाहरु सम्बन्धी भिडियो प्रदर्शन गर्ने<br>➢ उत्पादित तरकारीलाई भण्डारण गर्ने तरिका बारे छलफल गर्ने । | तरकारीको बिउका नमुनाहरु, भिडियो, चार्ट | ▪ विद्यार्थीले तयार पारेका करेसावारी अवलोकन गर्ने<br>▪ तरकारीमा लाग्ने रोग किराबारे प्रश्नहरु सोध्ने<br>▪ रोग किराको रोकथामका लागि विद्यार्थीले अपनाएको तरिका अवलोकन गरी मूल्याङ्कन गर्ने<br>▪ तरकारी भण्डारको तरिका अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. आँप र कागती खेतीका लागि विभिन्न सीपहरु प्रदर्शन गर्न | **आँप र कागती खेती**<br>● स्थानीय र उन्नत जातको पहिचान<br>● विरुवाको हेरचाह, गोडमेल र काटछाँट<br>● फलको बिउ र वानस्पतिक प्रजनन<br>● फलमा लाग्ने रोग किराको रोकथामका परम्परागत र आधुनिक उपायहरु<br>● फल टिप्ने समय र तरिका<br>● फल प्याकेजिङ्ग, भण्डारण र ढुवानी गर्ने तरिका<br>● फलको शून्य तापक्रम वा सोलार भण्डारण गर्ने तरिका | ➢ स्थानीय र उन्नत जातको नमुना वा भिडियो प्रदर्शन गरी तिनीहरुसंग सम्बन्धित विभिन्न कुराहरु छलफल गर्ने ।<br>➢ विरुवाको गोडमेल, काटछाँट र प्रजननका तरिमकाहरु प्रदर्शन गर्ने ।<br>➢ बोट र फलमा लाग्ने रोग किरा रोकथाम तथा नियन्त्रणका परम्परागत र आधुनिक तरिकाहरु छलफल र प्रदर्शन गर्ने ।<br>➢ फल टिप्ने समय छलफल गर्दै फलको प्याकेजिङ्ग, भण्डारण र संरक्षणका विभिन्न तरिकाहरु प्रदर्शन गर्ने । | फलका विभिन्न भागका नमुनाहरु, चार्ट, स्लाइड, भिडियो, डकुमेन्ट्री | ▪ विभिन्न फरक बुँदाहरुका आधारमा स्थानीय र फरक जातको आँप र कागती पहिचान गर्न लगाउने ।<br>▪ विद्यार्थीले गरेको विरुवाको गोडमेल र काटछाँटको अवस्था अवलोकन गर्ने ।<br>▪ विद्यार्थीले गराएको विरुवाको वानस्पतिक प्रजनन अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>▪ फलको प्याकेजिङ्ग, भण्डारण र संरक्षणका तरिकाहरु प्रदर्शन गर्न लगाउने । | |
| | ५. बेसार (हलेदो) र अदुवा खेतीका लागि विभिन्न सिपहरु प्रदर्शन गर्न | **बेसार (हलेदो) र अदुवा खेती**<br>● हलेदो र अदुवा खेतीका लागि उपयुक्त जमिन र | ➢ बेसार (हलेदो) र अदुवा खेतीका लागि वीउँ र जमीनको तयारी गर्न लगाउने ।<br>➢ बोट विरुवामा आवश्यकता | बेसार(हलेदो) र अदुवाका नमुनाहरु, भिडियो, | ▪ विद्यार्थीले बारीमा गरेको कार्यको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>▪ हलेदो र अदुवामा लाग्ने रोग | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | बिउ छनौट<br>● बोटविरुवाको हेरचाह (मल, गोडमेल र सिँचाइ)<br>● हलेदो र अदुवामा लाग्ने रोग किरा रोकथाम र नियन्त्रण<br>● संकलन, भण्डारण र संरक्षण<br>● स्थानीय रुपमा प्रशोधन, प्रयोग र विक्री वितरण | अनुसार मल, पानी हाल्ने र गोडमेल गर्न लगाउने ।<br>➢ हलेदो र अदुवामा लाग्ने रोग किराहरु रोकथाम र नियन्त्रणका उपायहरु प्रदर्शन गरी छलफल गर्ने ।<br>➢ हलेदो र अदुवाको संकलन, प्रशोधन, भण्डारण र संरक्षणका तरिकाहरु प्रदर्शन गर्न लगाउने । | डकुमेन्ट्री, श्रोतव्यक्ति | किराहरु नियन्त्रणका तरिकाहरु प्रदर्शन गर्न लगाउने ।<br>▪ हलेदो र अदुवाको प्रशोधन गर्न लगाउने । | |
| | ६. गाई/भैँसी पालन सम्बन्धी जानकारी दिन | **गाई/भैँसी पालन**<br>● गाई/भैँसीको स्थानीय र उन्नत जातको पहिचान<br>● स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण | ➢ गाई/भैँसीको विभिन्न प्रजातीहरुको चित्र/भिडियो प्रर्दशन गरी तिनको जात पहिचान गराउने र तिनको विशेषता छलफल गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, फिल्ड भ्रमण, श्रोतव्यक्ति | ▪ गाई/भैँसीको चित्र वा भिडियाबाट तिनको जात पहिचान गर्न लगाउने ।<br>▪ विभिन्न जातको गाई/भैँसीको विशेषताहरु बारे प्रश्न सोध्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • गाई/भैंसीमा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु | ➢ गाई/भैँसीको सन्तुलित आहार बारे छलफल गरी स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण गर्ने तरिका प्रदर्शन गर्ने ।<br>➢ गाई/भैँसीमा लाग्ने विभिन्न रोगहरुको परिचय दिँदै ती रोगहरु रोकथाम गर्ने उपाय सहजीकरण गर्ने । | | ▪ स्थानीय वस्तुबाट गाई/भैँसीको सन्तुलित आहार निर्माण गर्ने तरिका बारे प्रश्नहरु सोध्ने ।<br>▪ गाई/भैँसीमा लाग्ने रोगहरु, तिनको सामान्य लक्षण, चिन्ह र रोकथामका उपायहरु सम्बन्धी प्रश्नहरु सोध्ने । | |

## कक्षा -८

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. नगर न्यायपालिकाको परिचय दिन | • शुक्लाफाँटा नगरपालिकाको न्यायपालिकाको परिचय र गठन प्रक्रिया<br>• न्यायपालिकाकाको मुख्य काम र कर्तव्यहरु<br>• न्यायपालिकाको बैठक सञ्चालन प्रक्रिया | ➢ संविधानमा उल्लेख भए बमोजिम नगरपालिकाको न्यायपालिकाको गठन प्रक्रिया सम्बन्धी चार्ट/स्लाइड प्रदर्शन गरी सदस्यहरु छनौटबारे छलफल गर्ने<br>➢ न्यायपालिकाको मुख्य काम कर्तव्यहरुको सूची प्रदर्शन गरी छलफल गर्ने<br>➢ न्यायपालिकाको बैठक सञ्चालन प्रक्रिया सम्बन्धी चार्ट प्रर्दशन गरी छलफल गर्ने<br>➢ न्यायपालिकाको न्याय सम्पादन प्रक्रियाबारे सहजीकरण गर्ने । | चार्ट, स्लाईड, छापा सामग्री आदि | ▪ शुक्लाफाँटा नगरपालिकाको न्यायपालिकामा सदस्यहरुको संख्या भन्न लगाउने<br>▪ नगरपालिकाको न्यायपालिकाको गठन प्रक्रिया सोध्ने<br>▪ न्यायपालिकाको काम कर्तव्यहरु सोध्ने<br>▪ न्यायपालिकाको बैठक सञ्चालन प्रक्रिया बारे सोध्ने<br>▪ न्यायपालिकाको न्याय सम्पादन प्रक्रिया बारे सोध्ने | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाई भौगोलिक स्थान देखाउन | ● शुक्लाफाँटा नगरपालिकाको र भौगोलिक परिचय<br>● शुक्लाफाँटा नगरपालिकाको भौगोलिक नक्सा बनाई प्रमुख स्थानको पहिचान | ➢ शुक्लाफाँटा नगरपालिकाको भौगोलिक परिचय (अक्षांश देशान्तर सहितको स्थिति, सीमाना, क्षेत्रफल, धरातलीय बनावट र स्वरुप, हावापानी आदिको बारेमा छलफल गर्ने<br>➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाई राजनैतिक विभाजन गर्न लगाउने<br>➢ शुक्लाफाँटा नगरपालिकाको नक्सामा विभिन्न भू-भागहरु र स्थानहरु भर्ने अभ्यास गराउने । | शु.न.पा. को भौगोलिक तथा राजनितिक नक्सा, भिडियो, डकुमेन्टरी | ▪ शुक्लाफाँटा नगरपालिकाको भौगोलिक स्थितिको वर्णन गर्न लगाउने<br>▪ शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाउन लगाई प्रमुख स्थान देखाउन लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. सुदूरपश्चिम प्रदेश र कञ्चनपुर जिल्लाको जनसाङख्यिकी स्थिति प्रस्तुत गर्न | ● सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लाहरुको जनसंख्याको स्थिति (जिल्लागत रुपमा लैङ्गिक विभाजन)<br>● कञ्चनपुर जिल्लामा रहेका स्थानीय तहहरुको जनसंख्याको स्थिति (स्थानीय तहहरुको शैक्षिक, धार्मिक, उमेरगत, पेसागत र लैङ्गिक स्थिति)<br>● शुक्लाफाँटा नगरपालिकाको बसाइँसराइको स्थिति | ➢ सुदूरपश्चिच प्रदेशको जिल्लागत जनसंख्याको तथ्याङ्कलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने<br>➢ कञ्चनपुर जिल्लामा रहेका स्थानीय तहहरुको जनसंख्याको तथ्याङ्कलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने<br>➢ शुक्लाफाँटा नगरपालिका भित्र रहेको जनसंख्याको आप्रवासन, उत्प्रवासन र खुद बसाइसराइको तथ्याङ्कको खोज गरी आप्रवासन दर, उत्प्रवासन दर र खुद बसाइँसराइ दर पत्ता लगाउनका लागि सहजीकरण गर्ने । | प्रदेश, जिल्ला, स्थानीय तहहरुको जानसंख्याका चार्टहरु, तालिका, स्लाइड, ग्राफ बोर्ड | ■ प्रदेश स्तरीय महिला र पुरुषको जनसंख्यालाई स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने<br>■ विभिन्न स्थानिय तहहरुको जनसंख्यालाई प्रतिशतमा गणना गर्न लगाउने<br>■ आप्रवासन दर, उत्प्रवासन दर र खुद बसाइँसराइ दर हिसाव गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक संरचना बताउन | ● शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक संरचना (विभिन्न शाखाहरु) | ➢ नगरपालिकाको प्रशासनिक संरचनाको चार्ट प्रर्दशन गरी विद्यार्थीहरुलाई ती शाखा तथा उपशाखाहरुको परिचय दिने<br>➢ विभिन्न शाखा तथा उपशाखाहरुको कार्य सम्बन्धी चार्ट प्रदर्शन गरी शाखा तथा उपशाखाहरुको प्रमुख कार्यको बारेमा सहजीकरण गर्ने । | नगरपालिकाको विषयगत शाखा तथा उपशाखाको तालिका, स्लाइड, विभिन्न शाखाका कार्यहरुको सूची | ▪ शुक्लाफाँटा नगरपालिका भित्र रहेका शाखा र उपशाखाहरु सूची बनाउन लगाउने<br>▪ प्रत्येक शाखा र उपशाखाहरुबाट प्रवाह हुने सेवाहरुको सूची बनाउन लगाउने<br>▪ शिक्षा, स्वास्थ्य, लेखा, प्रशासन, कृषि, जिन्सी, दर्ता/चलानी आदि शाखाबाट प्रदान हुने सेवाहरुको तालिका बनाउन लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. बैंकबाट प्राप्त हुने सेवा तथा सुविधाहरु बताउन | • खाताको किसिम र खाता सञ्चालन प्रक्रिया<br>• बैंकिङ सेवाहरु - चेकबुक, ए.टि.एम., मोबाईल बैंकिङ, आइ.एम.ई | ➢ आफ्नो पालिका भित्र रहेका बैंकहरु र तिनले गर्ने कार्य खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>➢ बैंकले सञ्चालन गर्दै आएका खाताका प्रकार र सञ्चालन प्रक्रियाबारे सहजीकरण गर्ने<br>➢ बैंकबाट उपलब्ध हुने बैंकिङ सेवाहरु चेकबुक, ए.टि.एम., मोबाईल बैंकिङ, आइ.एम.ई आदिको बारेमा छलफल गर्ने<br>➢ विभिन्न डकुमेन्ट्री प्रदर्शन गरी बैंकले सामाजिक र आर्थिक विकासमा खेलेको भूमिका छलफल गर्ने | चार्ट, स्लाइड, भिडियो, अडियो, डकुमेन्ट्री | ▪ बैंकले दिने सेवा तथा सुविधाहरुको बारेमा सूची तयार पार्न लगाउने<br>▪ शुक्लाफाँटा नगरपालिकामा सञ्चालित बैंकहरुले साामाजिक र आर्थिक रुपमा खेलेको भूमिकाको बारे भन्न लगाउने<br>▪ चेकबुक, ए.टि.एम., मोबाईल बैंकिङ, आइ.एम.ई को प्रयोग बारे सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | १. स्थानीय चाडपर्वहरुको परिचय दिन | • खखडेहरा<br>• श्रीपञ्चमी | ➢ राना समुदायमा मनाइने खखडेहरा पर्वको बारेमा जानकार व्यक्तिबाट त्यसको महत्व र विशेषता बताउन लगाउने<br>➢ विद्यालयमा मनाइने सरस्वती पूजा स्मरण गरी उक्त पर्वमा गरीने क्रियाकलापहरु टिपोट गर्न लगाउने<br>➢ सरस्वती पूजा गरीने तिथि (श्रीपञ्चमी/बसन्त पञ्चमी) को धार्मिक, सांस्कृतिक एवं ज्योतिषीय मान्यताका बारेमा विद्यार्थीलाई सहजीकरण गर्ने | भिडियो, डकुमेन्ट्री | ▪ खखडेहराको बारेमा बताउन लगाउने<br>▪ श्रीपञ्चमीमा गरीने कार्यहरुको बारेमा सोध्ने<br>▪ श्रीपञ्चमी पर्वमा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने | १४ |
| | २. समाजमा रहेका कुरीति र विकृतिहरु हटाउन | • छाउपडी<br>• बाल विवाह | ➢ समाजमा विद्यमान कुरीति र विकृतिहरुको सूची तयार पार्न लगाउने<br>➢ छाउपडी प्रथाले समाजमा पारेको नकारात्मक प्रभाव र यसका समस्याहरु बारे जानकारी गराई त्यसलाई हटाउन उत्प्रेरित गर्ने<br>➢ बाल विबाह हुने कारण र यसबाट पर्ने समस्याहरुको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने | चार्ट, भिडियो | ▪ समाजमा विद्यमान कुरीति र विकृतिहरुको सूची तयार पार्न लगाउने<br>▪ छाउपडी प्रथाका समस्या तथा असरहरु सोध्ने<br>▪ बाल विवाह हुने कारण र समस्या समाधान गर्ने उपायहरु सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. मणिका धाम र शिव मन्दिर (झलारी) को परिचय दिन | ● मणिका धाम (अवस्थिति, धार्मिक मान्यता, इतिहास र महत्व)<br>● शिवमन्दिर (अवस्थिति, धार्मिक मान्यता, इतिहास र महत्व) | ➢ मणिका धाम र शिव मन्दिरको भ्रमण गराई वा डकुमेन्टरी प्रर्दशन गरी तिनको अवस्थिति र अवस्थाको बारेमा प्रतिवेदन पेश गर्न लगाउने,<br>➢ मन्दिरको सामाजिक, धार्मिक, सांस्कृतिक महत्व छलफल गर्ने ।<br>➢ मन्दिरहरु सम्बन्धी तथ्यहरु संकलन गरी तिनको इतिहास र धार्मिक विश्वास तथा मान्यता छलफल गर्ने, | चार्ट, भिडियो, अडियो फोटो | ▪ मणिका धाम र शिवमन्दिर सम्बन्धी परियोजना कार्य दिई मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. मणिका मेला (मुड्का जाँत) को वर्णन गर्न | ● मणिका मेला (मुड्का जाँत) | ➢ विद्यार्थीले अवलोकन गरेका विभिन्न मेला, जाँत, पर्वहरुको वर्णन गर्न लगाउने,<br>➢ नगर क्षेत्रमा मनाइने विभिन्न मेला, जाँत मध्ये मुडका जाँतको तिथिमिति, जाँत मनाउने तरिका आदिबारे सहजीकरण गर्ने,<br>➢ मुडका जाँतमा सहभागी गराई वा तयार पारिएको भिडियो/डकुमेन्टरी प्रदर्शन गरी जाँत, मेला, जात्राको बारेमा विद्यार्थीलाई थप जानकारी गराउने,<br>➢ मुड्का जाँतको सामाजिक, धार्मिक र सांस्कृतिक महत्व खोजी गर्न लगाउने । | चार्ट, स्रोतव्यक्ति डकुमेन्ट्री, भिडियो | ▪ मुडका जाँतको बारेमा विभिन्न प्रश्नहरु सोध्ने,<br>▪ मुडका जाँतको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>▪ जाँतमा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>▪ मुडका जातको प्रतिवेदन तयार पार्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. चौधरी/थारु नाचको परिचय दिन र अभ्यास गर्न | • सखिया नाच<br>• होरी नाच | ➢ सखिया नाच र होरी नाचको भिडियो प्रदर्शन गरी उक्त नाचहरुमा लगाइने पोशाक, बाजा, हाउभाउ आदिको परिचय दिने ।<br>➢ उक्त नाचका जानकार व्यक्तिलाई श्रोतव्यक्तिको रुपमा आमन्त्रण गरी विद्यार्थीलाई नाचको अभ्यास गर्न लगाउने । | भिडियो, अडियो,मेला, चाडपर्व | ▪ नाचमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १. प्राकृतिक स्रोत सम्पदाको संरक्षणमा शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु बारे जानकारी लिन | ● प्राकृतिक स्रोत सम्पदा संरक्षणमा शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु | ➢ विद्यार्थीहरुको पूर्व ज्ञानको आधारमा प्राकृतिक श्रोत र सम्पदाहरुको संरक्षणका लागि समाजमा अपनाइएका नियमहरु टिपोट गर्न लगाउने<br>➢ शुक्लाफाँटा नगरपालिकाले प्राकृतिक श्रोत र सम्पदाको संरक्षण गर्नका लागि बनाएका वर्तमान नीति तथा कार्यक्रमहरुको स्लाइड प्रदर्शन गरी छलफल गर्ने<br>➢ शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकाबाट पारित वार्षिक कार्ययोजनामा प्राकृतिक श्रोत र सम्पदाहरु संरक्षण गर्न चालु आर्थिक वर्षका लागि उल्लेखित कार्यक्रमहरु अध्ययन गर्न लगाउने | स्लाइड, चार्टहरु, छापा सामग्रीहरु | ■ शुक्लाफाँटा नगरपालिकाको वार्षिक कार्ययोजनामा तयार भएको प्राकृतिक संरक्षण कार्यक्रमहरु उल्लेख गर्न लगाउने<br>■ शुक्लाफाँटा नगरपालिकाको प्राकृतिक श्रोत र सम्पदा संरक्षण सम्बन्धी नीति सोध्ने | १२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. जडीबुटीका विभिन्न भागहरु औषधिका लागि पहिचान गरी प्रयोग गर्न | ● मेन्थाको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● ब्राह्मी (बार्मी) को परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● अपामार्गको परिचय र औषधिको रुपमा यसको प्रयोग | ➢ विद्यार्थीका समूहहरु बनाई मेन्था, ब्राह्मी (बार्मी) र अपामार्गका नमुनाहरु संकलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>➢ स्थानीय स्तरमा उपलब्ध जडीबुटी सम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगिता सम्बन्धी जानकारी लिन प्रेरित गर्ने,<br>➢ उक्त जडीबुटीहरुको उपयोगिता बारे थप सहजीकरण गरी औषधिको रुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>➢ स्थानीय जडीबुटीहरुको सही प्रयोग गर्न उत्प्रेरित गर्ने । | जडीबुटीको नाम र उपयोगिता लेखिएका चार्टहरु, जडीबुटीका नमुनाहरु, भिडियो, स्रोतव्यक्ति (स्थानीय बैध वा आयुर्वेदिक चिकित्सक) | ▪ मेन्था, बार्मी, अपामार्गको पहिचान र यसको प्रयोग गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. जैविक विविधता संरक्षणका उपायहरु बताउन | • जैविक विविधताको संरक्षण | ➢ जैविक विविधताको परिचय दिँदै जैविक विविधताको महत्वबारे छलफल गर्ने,<br>➢ जैविक विविधता संरक्षण गर्ने उपायहरुका बारेमा चार्ट प्रस्तुत गरी छलफल गर्ने,<br>➢ शुक्लाफाँटा नगरक्षेत्रको जैविक विविधतालाई नेपालको जैविक विविधतासँग तुलना गर्न लगाउने | चार्ट, स्लाइड, भिडियो, स्थलगत भ्रमण | ▪ जैविक विविधता भनेको के हो ?<br>▪ जैविक विविधता संरक्षण गर्ने उपायहरु सोध्ने<br>▪ जैविक विविधताको महत्वबारे सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. वैज्ञानिक र आधुनिक वन विकासका लागि जानकारी प्रदान गर्न | • वैज्ञानिक वन<br>• आधुनिक वन | ➢ वनको संरक्षण र सदुपयोगका लागि प्रयोग गरीएका प्रविधिहरु सम्बन्धी भिडियो/डकुमेन्ट्री प्रदर्शन गर्ने,<br>➢ विभिन्न प्रकारका वनहरुको भिडियो/डकुमेन्ट्री प्रदर्शन गरी वैज्ञानिक वन र आधुनिक वनको परिचय दिने,<br>➢ वैज्ञानिक वन र आधुनिक वनको बारेमा छलफल गर्दै तिनीहरु बीचको समानता र भिन्नताहरुको सूची बनाउन लगाउने,<br>➢ वन संरक्षण र सदुपयोगका लागि वैज्ञानिक वन र आधुनिक वन विकास सम्बन्धी नेपाल सरकारको नीति, कार्यक्रम र योजनाबारे जानकारी गराउने । | चार्ट, भिडियो, वनको नक्सा | ▪ आधुनिक वन र वैज्ञानिक वनको परिचय सोध्ने<br>▪ आधुनिक वन र वैज्ञानिक वन बीच फरक छुट्टयाउन लगाउने<br>▪ वैज्ञानिक वन र आधुनिक वन निमार्णमा स्थानीय सरकार र संघीय सरकारको योजना सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १. पर्यटनको महत्व र फाइदा बताउन | • पर्यटनको महत्व<br>• पर्यटनको फाईदा | ➢ विद्यार्थीहरुलाई पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ पर्यटन व्यवसायले गर्दा हुने फाईदा र त्यसको महत्वबारे छलफल गर्ने,<br>➢ पर्यटन व्यवसायमा संलग्न व्यक्तिहरुसँग भेटघाट गरी यसबाट हुने फाइदा र यसको महत्वका बारेमा सहजीकरण गर्ने | भिडियोहरु, चार्ट, स्लाइड, श्रोतव्यक्ति, पर्यटन व्यवसाय सञ्चालन गरेको डकुमेन्ट्री | ■ पर्यटन व्यवसाय गरेका व्यक्तिहरुसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरु गर्ने,<br>■ पर्यटनको महत्व र फाईदाहरुको सूची बनाउन लगाउने,<br>■ आफु पर्यटक भएर गएको बेलाको प्रतिवेदनमा उक्त क्षेत्रका मानिसले प्राप्त गरेका उपलब्धिहरुको सूची बनाउन लगाउने , | १० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. नगरपालिकाका सम्भावित पर्यटकीय स्थलहरुको वर्णन गर्न | ● नगरक्षेत्रमा रहेका विभिन्न पर्यटकीय स्थलहरु | ➢ नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने,<br>➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी नगरक्षेत्रमा रहेका विभिन्न पर्यटकीय स्थलहरुको छलफल गर्ने,<br>➢ नगर क्षेत्रमा रहेका सम्भावित क्षेत्रहरुको अलोकन भ्रमण गराई तिनीहरुको वर्तमान अवस्था, भ्रमण सुविधा, पर्यटन विकासका लागि गर्नुपर्ने आवश्यक कार्यहरु सहितको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | शुक्लाफाँटा नगरपालिकाको नक्सा, भिडियोहरु, डकुमेन्ट्री, पथ प्रदर्शक | ▪ नगरपालिकाभित्र सञ्चालनमा रहेका र सम्भावित पर्यटकीय स्थलहरुको सूची निर्माण गर्न लगाउने,<br>▪ नगरक्षेत्रमा रहेका सम्भावित पर्यटकीय क्षेहरुको अवस्थिति र भौगोलिक विशेषता प्रस्तुत गर्न लगाउने,<br>▪ विद्यार्थीहरुले तयार पारेको भ्रमण प्रतिवेदन मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. भ्रमण योजना निमार्ण गर्न | ● भ्रमण योजना | ➢ भ्रमण सम्बन्धी योजना निर्माणका लागि आवश्यक विषयवस्तुहरु छलफल गर्ने र योजना निर्माणको खाका प्रस्तुत गर्ने,<br>➢ स्थानीय क्षेत्रमा रहेको कुनै पर्यटकीय स्थल भ्रमणको योजना निर्माण गर्न सहजीकरण गर्ने,<br>➢ योजना अनुसार क्षेत्र भ्रमण गर्ने र भ्रमणको कममा विभिन्न जानकारीहरु टिपोट गर्न लगाउने,<br>➢ भ्रमणको कममा टिपोट गरीएका विषयवस्तुहरुको आधारमा भ्रमण प्रतिवेदन तयार पार्न लगाउने । | भिडियो, डकुमेन्ट्री, चार्ट, नक्सा, प्रतिवेदन लेखनको नमुना | ▪ शैक्षिक भ्रमणका लागि योजना तयार गर्न लगाउने,<br>▪ जान लागेको क्षेत्र भ्रमणको लागत तथा खर्चको योजना तयार पार्न लगाई योजना मूल्याङ्कन गर्ने,<br>▪ नगरपालिकामा रहेको कुनै क्षेत्रको अध्ययन गर्नको लागि योजना तयार पार्ने र क्षेत्र भ्रमण पश्चात प्रतिवेदन तयार गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १. स्थानीय रोजगारीका अवसर खोजी गरी चुनौतीहरु पहिचान गर्न | • स्थानीय पेसा र जीवनयापनको सम्बन्ध<br>• स्थानीय रोजगारीका अवसर र चुनौतीहरु | ➢ विद्यार्थीहरुलाई आ-आफ्नो समुदायका मानिसहरुले अपनाएका पेसाहरुको सूची बनाई विभिन्न पेसा अपनाएका व्यक्तिले गर्ने कामको जानकारी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ विभिन्न पेसा अपनाएका समुदायका व्यक्तिहरुसँग अन्तरक्रिया गरी आफूले अपनाएको पेसाले जीवनयापन गर्न सहज भए नभएको लगायतका प्रतिक्रियाहरु टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>➢ स्थानीय स्तरमा रोजगारीका विभिन्न क्षेत्रहरु खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने र उक्त रोजगारीका लागि आवश्यक पर्ने सिप, तालिम, अनुभव सम्बन्धी छलफल गर्ने,<br>➢ विभिन्न रोजगार गरीरहेका समुदायका व्यक्तिहरुसँग अन्तरक्रिया गरी तिनले पाएको रोजगारीमा के कस्ता चुनौतीहरु छन् राय संकलन गरी कक्षामा प्रस्तुत गर्ने । | चार्टहरु, स्लाइड, भिडियो | ▪ विभिन्न पेसाहरुको सूची तयार पार्न लगाउने,<br>▪ स्थानीय पेसा अपनाएका व्यक्तिको जीवनयापनको सम्बन्धबारे प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>▪ स्थानीय रोजगारीका अवसर र चुनौतीहरु खोजी गर्न लगाउने । | २८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. अन्तर्राष्ट्रिय रोजगारीको परिचय दिई अवसरहरु खोजी गर्न | ● अन्तर्राष्ट्रिय रोजगारीको परिचय<br>● अन्तर्राष्ट्रिय रोजगारीका अवसरहरु | ➢ विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरुको पोष्टर /भिडियो /डकुमेन्ट्री प्रदर्शन गरी त्यसमा काम गर्ने कर्मचारीहरु फरक फरक देशका हुन सक्दछन् भनी प्रष्ट पार्ने,<br>➢ अन्तर्राष्ट्रिय संघ संस्था वा कम्पनीमा काम गर्ने कुनै स्थानीय व्यक्तिको उदाहरण दिई अन्तर्राष्ट्रिय रोजगारीको परिचय दिने,<br>➢ कुनै अन्तर्राष्ट्रिय संघ संस्थाले कर्मचारी/कामदार आवश्यकता सम्बन्धी गरेको विज्ञापन प्रदर्शन गर्ने,<br>➢ विज्ञापनमा उल्लेखित योग्यता, उमेर, नागरीकता आदिबारे छलफल गर्दै अन्तर्राष्ट्रिय रोजगारीका अवसरहरु पहिचान गर्न उत्प्रेरित गर्ने । | पोष्टर, भिडियो, डकुमेन्ट्री, छापा सामग्री | ▪ अन्तर्राष्ट्रिय रोजगारीको परिचय दिन लगाउने<br>▪ चार ओटा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको नाम सोध्ने,<br>▪ स्थानीय स्तरमा कार्यरत रहेका अन्तर्राष्ट्रिय संघ संस्थाहरुको नाम भन्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. . कम्प्युटरमा *Spreadsheet, Presentation* का बारे परिचित भई उक्त प्रोग्राममा विभिन्न कार्यहरु गर्न | ● *Spreadsheet* मा विभिन्न कार्यहरु<br>○ *Some calculation function of spreadsheet (Minimum, Maximum, Average)*<br>○ *Develop graph and charts in spreadsheet*<br>● *Presentation* मा विभिन्न कार्यहरु<br>○ *Formating, designing and slide show*<br>○ *Layout design of slides*<br>○ *Insert text and graphs*<br>○ *Insert new slide* | ➢ कम्प्युटर प्रयोगशालामा विषय विस्तृतीकरणमा दिइएका प्रयोगात्मक कार्यहरु गराउने । | कम्प्युटर, प्रिन्टर | ▪ विभिन्न प्रयोगात्मक कार्य गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. सूचना प्रविधि प्रयोगमा आचारसंहिताको पालना गरी इन्टरनेटलाई पढाइको माध्यमको रुपमा प्रयोग गर्न | • इन्टरनेटको प्रयोग<br>○ वेवद्वारा शैक्षिक सामग्रीहरुको खोजी<br>○ सूचना आदान प्रदान गर्न इन्टरनेटको प्रयोग<br>• सूचना प्रविधि प्रयोगमा आचारसंहिता | ➢ सूचना प्रविधि प्रयोगशालामा विद्यार्थीहरुलाई विभिन्न शैक्षिक सामग्रीहरु खोजी गरी प्रस्तुत गर्ने,<br>➢ विभिन्न निकाय, कार्यालयका वेवसाइटहरु खोली तिनमा राखिएका सूचना तथा अन्य जानकारी अध्ययन गर्न लगाउने,<br>➢ विद्यालयको मेल खोली त्यसभित्र प्राप्त भएका हेर्न मिल्ने मेलहरु हेर्न लगाउने,<br>➢ सूचना प्रविधि प्रयोगमा आचारसंहिता सम्बन्धी स्लाइड प्रदर्शन गरी अध्ययन गर्न लगाउने र पालना गर्नका लागि सजग गराउने । | सूचना प्रविधि प्रयोगशाला, स्लाइड | ▪ विद्यार्थीहरुले इन्टरनेटको प्रयोग गरी शैक्षिक सामग्रीहरु खोजी गरेको तथा विभिन्न वेवसाइटहरुबाट सूचना अध्ययन गरेकोअवलोकन र मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. रेसिपीको अध्ययन गरी खाद्य परिकार बनाउन | • स्थानीय खाद्य परिकारहरु<br>○ माणा<br>○ ढिकी<br>○ बट्कु | ➢ घरमा बनाइने विभिन्न परिकारहरुबारे छलफल गर्दै माणा, ढिकी र बट्कुको परिचय दिने,<br>➢ उक्त खाद्य परिकार बनाउन आवश्यक सामग्रीहरुको सूची बनाउन लगाउने,<br>➢ माणा, ढिकी र बट्कु बनाइएका भिडियोहरु प्रदर्शन गरी बनाउने तरिका अवलोकन गर्न लगाउने,<br>➢ उक्त परिकारहरु बनाउन आवश्यक सामग्रीहरु संकलन गरी प्रयोगात्मक कार्यको रुपमा ती परिकारहरु बनाउन लगाउने । | भिडियो, खाद्य परिकार बनाउन आवश्यक सामग्री र भाँडाकुडाहरु | ▪ माणा, ढिकी र बट्कु बनाउन आवश्यक सामग्रीहरुको सूची बनाउन लगाउने,<br>▪ माणा, ढिकी र बट्कु बनाउने तरिका उल्लेख गर्न लगाउने,<br>▪ माणा, ढिकी र बट्कु बनाउन विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ६. विभिन्न प्रकारका टाँकाहरुको परिचय दिन र ती टाँकाहरुमा सिलाई गर्न | ● सिलाइका टाँकाहरुको परिचय र प्रयोग<br>○ विभिन्न टाँकाहरु (कच्चा टाँका, बखिया टाँका, खुट्ने टाँका, बटनहोल टाँका)<br>○ बटन लगाउने<br>○ रफ्फु गर्ने/टाल्ने | ➢ विभिन्न टाँकाहरुद्वारा सिलाइ गरीएका नमुनाहरु प्रदर्शन गरी उक्त टाँकाहरुको परिचय दिने,<br>➢ प्रयोगात्मक कार्यको रुपमा कपडामा हातको सिलाइ गरी विभिन्न टाँकाहरु बनाउन लगाउने ।<br>➢ प्रयोगात्मक कार्यको रुपमा बटन लगाउने र प्वाल भएको ठाउँमा रफ्फु गर्ने अभ्यास गराउने । | विभिन्न टाँकाहरुद्वारा सिलाइ गरीएका नमुनाहरु, कपडा, सियो, धागो | ▪ सिलाइमा विभिन्न टाँकाहरु प्रयोग हुने क्षेत्रहरु सोध्ने,<br>▪ विद्यार्थीहरुले प्रयोगात्मक कार्यको रुपमा गरेका सिलाइहरु अवलोकन गरी मूलाङ्कन गर्ने । | |
| | ७. बुनाईका सामग्रीहरु प्रयोग गरी टोपी र गलबन्दी बुनाई गर्न | ● टोपी र गलबन्दी बुनाई | ➢ हातले बुनाई गरी बनाइएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी बुनाइप्रति अभिप्रेरित गर्ने,<br>➢ बुनाइका समग्रीहरु प्रदर्शन गरी तिनको परिचय दिने,<br>➢ घर हाल्ने र सादा बुनाइ गर्ने अभ्यास गराउने,<br>➢ प्रयोगात्मक कार्यको रुपमा टोपी र गलवन्दी बुनाइ गरी प्रयोग गर्न लगाउने । | हातले बुनाइ गरीएका विभिन्न सामग्रीहरु, भिडियो, डकुमेन्ट्री, बुनाइका सामग्रीहरु | ▪ बुनाइका सामग्रीहरुको परिचय दिन लगाउने,<br>▪ विद्यार्थीहरुले प्रयोगात्मक कार्यको रुपमा बुनेको टोपी, गलबन्दी आदिको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १. ट्राफिक चिन्ह र नियमहरका बारेमा परिचित भई तिनको पालना गर्न | • ट्राफिक चिन्हहरु<br>• ट्राफिक नियमहरु | ➢ विभिन्न ट्राफिक चिन्हहरुको चार्ट प्रर्दशन गरी तिनको प्रयोग सम्बन्धमा छलफल गर्ने,<br>➢ ट्राफिक चिन्हहरु पहिचान गराई सवारी चालक र पैदल यात्रीले ती चिन्हहरुको प्रयोग गर्ने तरिका सहजीकरण गर्ने ।<br>➢ ट्राफिक चिन्हहरुको प्रयोग भएका स्थानहरुमा उचित ट्राफिक नियम पालना गर्न सिकाउने,<br>➢ नजिकको ट्राफिक कार्यालयसँग सहयोग मागी स्रोत कक्षा संचालन गराउने । | भिडियो, पोष्टर, चित्र स्रोतव्यक्ति | ▪ विभिन्न ट्राफिक चिन्हबारे सोध्ने<br>▪ ट्राफिक नियमहरुको सूची तयार पार्न लगाउने<br>▪ ट्राफिक चिन्ह र नियमको प्रयोग गरे नगरेको अवलोकन गर्ने | १२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. विभिन्न योग आसनहरुको परिचय दिई तिनको अभ्यास गर्न | ● विभिन्न आसनहरुको परिचय र अभ्यास<br>○ गोरक्षासन<br>○ मुद्रासन<br>○ शंखासन<br>○ शवासन | ➢ विद्यार्थीहरुको पूर्व ज्ञानको आधारमा योग र ध्यानबारे छलफल गरी यसले स्वास्थ्यमा पार्ने प्रभाव प्रष्ट पार्ने,<br>➢ श्रोतव्यक्ति वा भिडियोको सहयोगमा विषय विस्तृतीकरणमा दिइएका आसनहरुको परिचय दिई तिनको महत्व बताउने र आसनहरुको अभ्यास गराउने । | श्रोतव्यक्ति, भिडियो, पोष्टर, चार्टहरु, स्लाइड | ▪ योग, ध्यान तथा आसनहरुसंग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>▪ योगासनहरु नियमवद्ध तरिकाले गरे नगरेको अवलोकन गर्ने । | |
| | ३. विभिन्न रोगहरु लाग्ने कारण बताई रोकथामका उपायहरु अपनाउन | ● भेरीकोच<br>● मास कन्भर्जन | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा रोगहरु र तिनीहरु सर्ने कारण भन्न लगाउने,<br>➢ चार्ट, स्लाइड, भिडियो प्रदर्शन गरी भेरिकोच र मास कनभर्जन रोगको बारेमा जानकारी दिने<br>➢ चार्ट, स्लाइड प्रर्दशन गरी रोग लाग्नुको कारण, लक्षण र बच्ने उपायहरु बारे छलफल गर्ने ।<br>➢ भेरिकोच र मास कन्भर्जन रोगी पहिचान गर्न लगाउने | पोष्टर, चार्ट, डकुमेन्ट्री, भिडियो | ▪ भेरीकोच र मास कन्भर्जन रोग सम्बन्धी विभिन्न प्रश्नहरु सोध्ने,<br>▪ उक्त रोगहरुबाट बच्न अपनाउनु पर्ने व्यवहार प्रदर्शन गरे नगरेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. आयुर्वेदको परिचय दिई यसको महत्व बताउन | ● आयुर्वेदको परिचय र महत्व | ➢ स्थानीय स्तरमा प्रयोग हुँदै आएका आयुर्वेदिक औषधिको बारेमा सोधी ती औषधिको साथै अन्य आयुर्वेदिक उपचार पद्धतिको बारेमा छलफल गर्ने,<br>➢ आयुर्वेदको परिचय दिँदै यसको महत्व र फाइदाका बारेमा विद्यार्थीहरुलाई प्रष्ट पार्ने, | भिडियो, डकुमेन्ट्री, चार्टहरु, स्लाइड | ▪ स्थानीय आयुर्वेदिक औषधीहरुको नाम सोध्ने<br>▪ आयुर्वेदको परिचय सोध्ने<br>▪ आयुर्वेदको महत्व र फाइदा भन्न लगाउने । | |
| | ५. लागु पदार्थ दुर्व्यसनबाट बच्न | ● लागु पदार्थ दुर्व्यसनको परिचय, असर र बच्ने उपायहरु | ➢ लागु पदार्थहरुको चार्ट प्रदर्शन गरी लागु पदार्थ र त्यसको दुर्व्यसनको परिचय दिने,<br>➢ लागु पदार्थ दुर्व्यसन सम्बन्धी विभिन्न भिडियोहरु प्रदर्शन गर्ने,<br>➢ लागु पदार्थ दुर्व्यसनका कारण समाजमा परेको आर्थिक, सामाजिक असरबारे छलफल गर्ने<br>➢ लागु पदार्थ दुर्व्यसनका बारेमा विद्यार्थीहरुलाई सचेत गराई यसबाट बच्ने उपायहरु छलफल गर्ने । | भिडियो, डकुमेन्ट्री, चार्टहरु, स्लाइड | ▪ लागुपदार्थ के के हुन ?<br>▪ लागुपदार्थका असरहरु सोध्ने<br>▪ लागु पदार्थ दुर्व्यसनबाट बच्ने उपायहरु सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७. विपद् तथा जोखिम व्यवस्थापन | १. आत्मरक्षाका सिपहरु प्रयोग गर्न | ● आत्मरक्षाका सिपहरु | ➢ आत्मरक्षा सम्बन्धी विभिन्न भिडियो/ डकुमेन्ट्री प्रदर्शन गरी यसको परिचय दिने ।<br>➢ आत्मरक्षाका लागि अपनाउनु पर्ने व्यवहार खोजी गरी कक्षामा अभ्यास गर्न लगाउने,<br>➢ आत्मरक्षा सम्बन्धी विभिन्न भिडियो/ डकुमेन्ट्री प्रदर्शन गरी पूर्वसावधानी, तत्काल अपनाउन सकिने क्रियाकलाप तथा बच्ने उपायहरु बारे छलफल गर्ने र थप सहजीकरण गर्ने । | भिडियो, चार्टहरु, डकुमेन्ट्री, पोष्टर | ▪ आत्मरक्षाका लागि गरीने क्रियाकलापको अभिनय गर्न लगाई त्यसको अवलोकन गरी मूल्याङ्कन गर्ने । | १२ |
| | २. विपद् तथा जोखिमका सम्भावित क्षेत्रहरु पहिचान गर्न | ● विपद् तथा जोखिमका सम्भावित क्षेत्रहरु | ➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी जोखिमका क्षेत्रहरु छलफल गर्ने | शुक्लाफाँटा न. पा. को नक्सा | ▪ शुक्लाफाँटा नगरपालिकामा के कस्ता जोखिमहरु छन् ?<br>▪ नगरपालिकामा रहेका जोखिमका क्षेत्रहरु कुन कुन हुन् ? | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. विपद् व्यवस्थापनको परिचय दिई विपद् व्यवस्थापन गर्ने तरिकाहरु बताउन | ● विपद् र जोखिम<br>● विपद् तथा जोखिम व्यवस्थापन<br>● विपद् तथा जोखिम व्यवस्थापन गर्ने निकायहरु | ➢ विपद् र जोखिमको परिचय दिई उदाहरण सहित छलफल गर्ने,<br>➢ विपद् तथा जोखिम व्यवस्थापनको भिडियो तथा चित्र प्रर्दशन गरी स्थानीय रुपमा घटने विपद्हरुको पहिचान गराउने<br>➢ विपद् तथा जोखिम व्यवस्थापनमा सहयोग गर्ने विभिन्न निकायहरुको बारेमा छलफल गर्ने, | पोष्टर, चार्ट, भिडियो, डकुमेन्ट्री | ▪ विपद् र जोखिमको परिभाषा सोध्ने<br>▪ विपद् तथा जोखिम व्यवस्थापन गर्ने निकायहरुको सूची बनाउन लगाउने | |
| | ४. विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धी शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमहरु बारे जानकारी दिन । | ● शुक्लाफाँटा नगरपालिकाको विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु | ➢ शुक्लाफाँटा नगरपालिका भित्र हुन सक्ने विपद् तथा जोखिमको पहिचान गराई शुक्लाफाँटा नगरपालिकाले तयार पारेको नीति तथा कार्यक्रमहरुको बारेमा छलफल गर्ने । | नगर पालिकाको नीति तथा कार्यक्रम पुस्तिका पोष्टर, चार्ट, भिडियो | ▪ विपद् तथा जोखिमको पहिचान गर्न लगाउने<br>▪ शुक्लाफाँटा नगरपालिकाको नीति तथा कार्यक्रमबारे सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८. हाम्रो कृषि | १. कृषि व्यवसायको योजना निर्माण गर्न | ● कृषि व्यवसायको योजना निर्माण<br>○ व्यवसायको छनौट<br>○ साधन श्रोतको पहिचन<br>○ अनुमानित लागत<br>○ व्यवसायबाट उत्पादन हुने वस्तुहरु<br>○ उत्पादित वस्तुको बजार पहिचान<br>○ उत्पादित वस्तुको मूल्य निर्धारण, बिक्री वितरण र हिसाब किताब व्यवस्थापन | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा योजना भनेको के हो र योजना निर्माणले हुने फाइदाहरु के हुन भनी छलफल गर्ने,<br>➢ स्थानीय स्तरमा कृषि पेसा/व्यवसाय अपनाएको व्यक्तिले बनाएको योजनाको स्लाइड प्रस्तुत गरी योजना निर्माणको ढाँचा र विषयवस्तुबारे छलफल गर्ने,<br>➢ स्लाइड प्रस्तुत गरीएको कृषि फर्मको अध्ययन अवलोकन गराउने । योजना अनुसार सञ्चालन भए नभएको र योजना अनुसार सञ्चालन गर्दा भएको फाइदा बारे सञ्चालकसंग अन्तरक्रिया गर्न लगाउने,<br>➢ विषय विस्तृतीकरणमा दिइएका विषयवस्तुहरुको आधारमा कुनै कृषि पेसा/व्यवसायको कल्पना गरी सो सञ्चालनको योजना निर्माण गर्न लगाउने । | चार्ट, स्लाइड, नमुना योजनाहरु | ▪ योजना भनेको के हो ? योजना अनुसार कार्यक्रम गर्दा हुने फाइदाहरु वर्णन गर्नुहोस् ।<br>▪ विद्यार्थीले बनाएका कृषि सम्बन्धी योजनाहरु मूल्याङ्कन गर्ने । | २२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. वेमौसमी र अन्तरबारी तरकारी खेती बारे जानकारी प्रस्तुत गर्न | ● वेमौसमी तरकारी खेती<br>○ परिचय<br>○ विभिन्न प्रविधिहरु<br>○ फाइदा<br>● अन्तरबारी तरकारी खेती<br>○ परिचय<br>○ विभिन्न प्रविधिहरु<br>○ फाइदा | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा वेमौसमी तरकारी खेती सम्बन्धी छलफल गर्ने,<br>➢ बालबालिकाहरुले स्थानीय स्तरमा देखेका वेमौसमी तरकारी खेती र त्यसको प्रविधि सम्बन्धी वर्णन गर्न लगाउने,<br>➢ वेमौसमी तरकारी खेतीका विभिन्न प्रविधि सम्बन्धी भिडियो प्रदर्शन गरी छलफल गर्ने,<br>➢ एक तरकारी बारीमा अरु तरकारी खेती समेत गरीएको भिडियो प्रदर्शन गरी अन्तरबारी खेतीबारे छलफल गर्ने,<br>➢ अन्तरबारी खेतीका विभिन्न प्रविधि सम्बन्धी स्लाइड/भिडियो प्रदर्शन गरी छलफल गर्ने,<br>➢ वेमौसमी खेती र अन्तरबारी खेतीका फाइदाहरु वर्णन गर्न लगाउने । | पोष्टर, चार्ट, स्लाइड, भिडियो | ▪ वेमौसमी र अन्तरबारी तरकारी खेतीको परिचय दिन लगाउने,<br>▪ वेमौसमी र अन्तरबारी तरकारी खेतीका विभिन्न प्रविधिहरु सोध्ने,<br>▪ वेमौसमी र अन्तरबारी तरकारी खेतीका फाइदाहरु वर्णन गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. सानो परिमाणमा च्याउ खेती गर्न | **च्याउ खेती**<br>● विभिन्न जातका च्याउहरुको पहिचान<br>● च्याउ खेती गर्ने तरिका<br>● च्याउ उत्पादन र बिक्री वितरण | ➢ विभिन्न जातका च्याउका नमुनाहरु/भिडियो/स्लाइड प्रदर्शन गरी तिनको नाम र विशेषता जानकारी गराउने,<br>➢ च्याउ खेती गरीएको भिडियो/डकुमेन्ट्री प्रदर्शन गरी च्याउ खेतीका चरणहरु प्रष्ट पार्ने,<br>➢ प्रयोगात्मक कार्यको रुपमा विद्यालयमा सानो परिमाणमा च्याउ खेती गर्न लगाउने र घरमा पनि खेती गर्न प्रोत्साहित गर्ने,<br>➢ च्याउ खेतीमा गरीएको सम्पूर्ण लगानीको हिसाब किताब राख्न लगाउने,<br>➢ च्याउ टिप्ने बेला भएपछि टिप्ने, त्यसको तौल लिने र बजार मूल्यको आधारमा आम्दानी गणना गर्न लगाउने,<br>➢ लगानी र आम्दानीका आधारमा च्याउ खेतीमा नाफा नोक्सान हिसाब गर्न लगाउने । | च्याउका नमुनाहरु, भिडियो, चार्ट, स्लाइड | ▪ च्याउ खेती गर्दा विद्यार्थीले गरेको कार्यको अवलोकन गर्ने,<br>▪ विभिन्न जातका च्याउहरु र तिनको विशेषता सोध्ने, | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. लिची र केरा खेतीका लागि विभिन्न सीपहरु प्रदर्शन गर्न | **लिची र केरा खेती**<br>● स्थानीय र उन्नत जातको पहिचान<br>● विरुवाको हेरचाह, गोडमेल र काटछाँट<br>● फलको बिउ र वानस्पतिक प्रजनन<br>● फलमा लाग्ने रोग किराको रोकथामका परम्परागत र आधुनिक उपायहरु<br>● फल टिप्ने समय र तरिका<br>● फल प्याकेजिङ्ग, भण्डारण र ढुवानी गर्ने तरिका<br>● फलको शून्य तापक्रम वा सोलार भण्डारण गर्ने तरिका | ➢ विभिन्न जातका लिचीका नमुनाहरु/भिडियो/स्लाइड प्रदर्शन गरी तिनको नाम र विशेषता जानकारी गराउने,<br>➢ लिची खेतीको भिडियो/डकुमेन्ट्री प्रदर्शन गरी निम्न विषयवस्तुहरु बारे छलफल गर्ने<br>⌗ गोडमेल र काटछाँट<br>⌗ फलको बिउ र वानस्पतिक प्रजनन<br>⌗ फलमा लाग्ने रोग किराको रोकथामका परम्परागत र आधुनिक उपायहरु<br>⌗ फल टिप्ने समय र तरिका<br>⌗ फल प्याकेजिङ्ग र भण्डारणका तरिकाहरु<br>➢ विभिन्न जातका केराका नमुनाहरु/भिडियो/स्लाइड प्रदर्शन गरी तिनको नाम र विशेषताहरु जानकारी गराउने,<br>➢ केरा खेती सम्बन्धी भिडियो प्रदर्शन गरी विषय विस्तृतीकरणमा दिइएका विषयवस्तुहरु बारे छलफल गर्ने । | लिची र केराका नमुनाहरु, चार्ट, स्लाइड, भिडियो, डकुमेन्ट्री | ▪ विभिन्न फरक वुँदाहरुका आधारमा स्थानीय र फरक जातको लिची र केरा पहिचान गर्न लगाउने ।<br>▪ विद्यार्थीले गरेको विरुवाको गोडमेल र काटछाँटको अवस्था अवलोकन गर्ने ।<br>▪ विद्यार्थीले गराएको विरुवाको वानस्पतिक प्रजनन अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>▪ फलको प्याकेजिङ्ग, भण्डारण र संरक्षणका तरिकाहरु प्रदर्शन गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. हाँस/कुखुरा र माछा पालन सम्बन्धी जानकारी दिन | **हाँस/कुखुरा पालन**<br>● हाँस/कुखुराको स्थानीय र उन्नत जातको पहिचान<br>● चरनको जानकारी र सन्तुलित आहार<br>● हाँस/कुखुरामा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु<br>**माछा पालन**<br>● माछाका विभिन्न जातहरु<br>● स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण<br>● माछामा लाग्ने रोगहरुको सामान्य लक्षण, चिन्ह र रोकथाम तथा उपचारका तरिकाहरु | ➢ भिडियो/स्लाइड प्रदर्शन गरी हाँस/कुखुराका विभिन्न जातहरु र तिनको विशेषताहरुबारे जानकारी प्रस्तुत गर्ने ।<br>➢ हाँस/कुखुराको चरन र सन्तुलित आहार सम्बन्धी स्लाइड प्रदर्शन गरी छलफल गर्ने ।<br>➢ हाँस/कुखुरामा लाग्ने विभिन्न रोगहरुको परिचय दिँदै ती रोगहरु रोकथाम गर्ने उपाय सहजीकरण गर्ने ।<br>➢ माछाको विभिन्न प्रजातीहरुको चित्र/भिडियो प्रर्दशन गरी तिनको जात पहिचान गराउने र तिनको विशेषता छलफल गर्ने ।<br>➢ माछाको सन्तुलित आहार बारे छलफल गरी स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण गर्ने तरिका प्रदर्शन गर्ने ।<br>➢ माछामा लाग्ने विभिन्न रोगहरुको परिचय दिँदै ती रोगहरु रोकथाम गर्ने उपाय सहजीकरण गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, फिल्ड भ्रमण, श्रोतव्यक्ति | ▪ हाँस/कुखुरा र माछाको चित्र वा भिडियाबाट तिनको जात पहिचान गर्न लगाउने ।<br>▪ विभिन्न जातको हाँस/कुखुरा र माछाको विशेषताहरु बारे प्रश्न सोध्ने ।<br>▪ स्थानीय वस्तुबाट हाँस/कुखुरा र माछाको सन्तुलित आहार निर्माण गर्ने तरिका बारे प्रश्नहरु सोध्ने ।<br>▪ हाँस/कुखुरा र माछामा लाग्ने रोगहरु, तिनको सामान्य लक्षण, चिन्ह र रोकथामका उपायहरु सम्बन्धी प्रश्नहरु सोध्ने । | |

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रियालाई सिकाइ सहजीकरण भनिन्छ । यो एक प्रकारको शिक्षण कला र विज्ञान हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । साथै समावेशी सिद्धान्तमा पनि आधारित हुनुपर्दछ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सिकाइसहजीकरण विधिको छनोट गर्दा मुख्यतया विद्यार्थीको पूर्वज्ञान, रुचि, क्षमता, चाहना, बालमनोविज्ञान, स्तर, विषयवस्तुको स्वरूप, उपलब्ध स्रोतसाधन, वातावरणीय अवस्था आदिलाई ध्यान गर्नुपर्दछ ।

आधारभूत तह (कक्षा ६-८) को स्थानीय विषयमा शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीकेन्द्रित शिक्षण विधिलाई जोड दिनुका साथै सिकारुको अन्तर्निहित प्रतिभा र सिर्जना प्रस्फुटन हुने गरी सिकाइ सहजीकरण विधिको छनौट गर्नुपर्दछ । सिकाइ सहजीकरण गर्न शिक्षकले पथपर्दशक, निर्देशक, प्रेरणादायी र सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्नुपर्नेछ । मुख्यतया स्थानीय विषयको पाठ्यक्रमलाई सिकारुहरु बिच गरेर सिक्ने *(Learning by doing)* सिद्धान्त अनुसार प्रभावकारी सिकाइ गर्न सिकाइका विभिन्न विधि तथा प्रक्रियाहरु प्रयोग गर्नुपर्छ :

## ११. सिकाइलाई सहयोग पुर्‍याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरु

आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम अन्तर्गत हाम्रो शुक्लाफाँटा विषयको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालनका लागि सम्भाव्य शिक्षण सिकाइ विधिहरु निम्नानुसार रहेका छन ।

१. छलफल र प्रश्नोत्तर
२. आगमन विधि
३. भूमिका निर्वाह/अभिनय
४. निर्माणात्मक कक्षा
५. सहयोगात्मक कक्षा
६. कथाकथन एवम् गीत
७. प्रविधियुक्त कक्षा
८. सिर्जनात्मक कार्य
९. समस्या समाधान विधि
१०. खेल विधि
११. प्रयोगात्मक विधि
१२. भ्रमण विधि
१३. प्रदर्शन विधि
१४. स्वाध्ययन
१५. उदाहरण र प्रयोग
१६. परियोजना कार्य
१७. स्थलगत अध्ययन
१८. लघु परियोजना
१९. खोज विधि
२०. अवलोकन

## १२. विद्यार्थी मूल्याङ्कन प्रक्रिया :

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरीनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**(क) निर्माणात्मक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । मूल्याङ्कनका क्रममा विद्यार्थीको सीप/कला, व्यवहार परिवर्तन, सकारात्मक प्रवृत्ति, क्षमता प्रदर्शन आदि पक्षहरुलाई निर्माणात्मक मूल्याङ्कनका विभिन्न साधनहरु प्रयोग गरी परीक्षण गर्नु पर्दछ र प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :**शिक्षण सिकाई क्रियाकलापको अन्तमा निर्णय दिने अभिप्रायले गरीने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । आधारभूत तह कक्षा ६-८ मा स्थानीय विषय “हाम्रो शुक्लाफाँटा” को मूल्याङ्कन निम्नानुसार गरिनेछ :

क) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गरिनेछ :

ख) निर्णयात्मक मूल्याङ्कनका लागि प्रयोग गरीने अन्तिम परीक्षाको प्रश्नपत्र अनुसूची २ अनुसारको विशिष्टीकरण तालिका प्रयोग गरी तयार गर्नुपर्नेछ ।

(ग) आन्तरिक मूल्याङ्कन र अन्तिम परीक्षाको नतिजाको आधारमा निर्णयात्मक मूल्याङ्कन गर्दा अक्षरात्मक प्रणालीमा विद्यार्थीको समग्र उपलब्धि तयार गर्नु पर्दछ जुन अनुसूची ३ अनुसार हुनेछ ।

## १. आन्तरिक मूल्याङ्कन :

शिक्षण सिकाइ क्रियाकलापको क्रममा आन्तरिक रुपमा शैक्षिक कार्यक्रममा सुधार तथा पृष्ठपोषण प्रदान गर्नका लागि गरीने मूल्याङ्कनलाई आन्तरिक मूल्याङ्कन भनिन्छ । आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार निर्णयात्मक मूल्याङ्कनमा प्रयोग गर्नुपर्छ ।यसका लागि प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका *(Portfolio)* बनाई आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजाको अभिलेख व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | विस्तृतीकरण | भार |
|---|---|---|---|
| १. | सहभागिता | नियमितता, कक्षा कार्य, परियोजना कार्य, समूह कार्यमा सहभागिता | ४ |
| २. | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | प्रयोगात्मक तथा सिर्जनात्मक कार्यका लागि सामग्रीको तयारी, सामग्री प्रयोग गरी कार्य सञ्चालन, कार्यको नतिजा, प्रस्तुतीकरण | १६ |
| ३. | खोज तथा परियोजना कार्य | खोज तथा परियोजना कार्य सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण | २० |
| ४. | त्रैमासिक परीक्षाहरु | पहिलो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट पहिलो परीक्षा ५ अङ्क तथा पहिलो र दोस्रो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट दोस्रो त्रैमासिक परीक्षा ५ अङ्क प्रदान गरिने छ । | १० |
| | | **जम्मा** | **५०** |

उल्लिखित तालिकाका नं. १ देखि ३ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ, जसका लागि मूल्याङ्नका विविध साधनहरु प्रयोग गर्नु पर्दछ । उक्त क्रियाकलापलाई निर्माणात्मक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ । उक्त अभिलेखलाई नं ४ को क्रियाकलापसँगै निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नु पर्दछ । विद्यार्थीको सहभागिता, सिर्जनात्मकता तथा प्रयोगात्मक सीप र खोज तथा परियोजना कार्यको मूल्याङ्न गर्दा निम्नानुसार गर्नु पर्दछ ।

| उपलब्धिस्तर | मापन स्केल | ब्याख्या |
|---|---|---|
| कमजोर | १ | **१. सहभागिता :**<br>(क) ७५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा सामूहिक रूपमा समेत प्रयास नगरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) दिइएको कार्य गर्न कठिनाइ भएको र कुनै पनि सिर्जनात्मक कार्य गर्न नसकेको<br>(ख) सामुहिक कार्यमा आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको<br>(ख) कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको |

| उपलब्धिस्तर | मापन स्केल | व्याख्या |
|---|---|---|
| सामान्य | २ | **१. सहभागिता :**<br>(क) ७५ प्रतिशतदेखि बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा समूह कार्यमा न्यून सहभागिता जनाएमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) देखे सुने अनुसार कार्यको नक्कल गर्ने प्रयास गरेको तर केही कठिनाइ भएको<br>(ख) सामूहिक कार्यमा न्यून सहभागिता देखाएको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको<br>(ख) अरुको सहयोगमा कार्य सम्पन्न गरेको तर समावेश गर्नु पर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न नसकेको |
| राम्रो | ३ | **१. सहभागिता :**<br>(क) ८० प्रतिशतदेखि बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न समूह कार्यमा सक्रिय सहभागिता |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) देखे सुने अनुसार कार्यको हु-वहु नक्कल गरी सन्तोषजनक रुपमा दिइएको कार्य सम्पन्न गर्न सकेको<br>(ख) सामुहिक कार्यमा निर्देशन अनुसार सहभागिता देखाएको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोकार्य सम्पन्न गरी समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर व्यवस्थित तरिकाले प्रस्तुत गर्न नसकेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको |
| उच्च | ४ | **१. सहभागिता :**<br>(क) ८५ प्रतिशतदेखि बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सामूहिक कार्यको नेतृत्व गरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) आफ्नै मौलिकतामा सन्तोषजनक रुपमा सिर्जनात्मक कार्यहरु गर्न सकेको<br>(ख) सामूहिक कार्यमा सन्तोषजनक रुपमा आफ्नो भूमिका निर्वाह गर्न सकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको |

| उपलब्धिस्तर | मापन स्केल | ब्याख्या |
|---|---|---|
| उत्कृष्ट | ५ | **१. सहभागिता :**<br>(क) ९० प्रतिशतभन्दा बढी उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सक्रियतासहित सामूहिक नेतृत्व र जिम्मेवारीपूर्वक कार्यसम्पादन गरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) आफ्नै मौलिकतामा उत्कृष्ट सिर्जनात्मक कार्यहरु गर्न सकेको<br>(ख) सामूहिक कार्यमा नेतृत्व गरी आफ्नै तरिकाले उत्कृष्ट रुपमा कार्य सम्पन्न गर्न सकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी पूरा गर्नुको साथै अरुलाई पनि सहयोग गरेको |

**आन्तरिक मूल्याङ्कनका क्षेत्रहरुका लागि सम्भावित क्रियाकलापहरू**

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिहरूसँग सम्बन्धित केही कार्यहरूको उदाहरणहरू तल दिइएका छन् । यी बाहेक पाठ्यक्रमका सिकाइ उपलब्धि पुरा गर्नको लागि अन्य कार्यहरू शिक्षकले आवश्यकताअनुसार गराउनु पर्नेछ । उक्त कार्यहरू नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्ने छ । आन्तरिक मूल्याङ्कनका लागि केही सम्भावित क्रियाकलापहरु यहाँ उल्लेख गरीएका छन् ।

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **१. समूह सहभागिता** | (१) विभिन्न चाँडपर्वहरुमा सहभागिता<br>(२) अठवाली गाउँदा सहभागिता<br>(३) वनजंगलको सरसफाई, वृक्षारोपण आदि सामूहिक कार्यमा विद्यार्थीको सहभागिता<br>(४) नदी, ताल संरक्षणका क्रियाकलापहरुमा विद्यार्थीको सहभागिता<br>(५) शिक्षण सिकाइको कमका कक्षामा हुने छलफलमा सहभागिता<br>(६) स-साना बालबालिकाहरुलाई सडक दुर्घटनाबाट बचाउन ट्राफिक नियमको पालना गराउने कार्यमा सहभागिता<br>(७) विभिन्न अभिनयात्मक कियाकलापहरुमा सहभागिता<br>(८) विभिन्न कियाकलापहरु जस्तै :- वादविवाद, हाजिरीजवाफ, वक्तृत्व | (१) विद्यालय बाहिर रहेका बाल बालिकालाई विद्यालय प्रवेश गराउने अभियानमा सहभागिता<br>(२) माघी पर्व/माघे संक्रान्तीमा विद्यार्थीहरुको सहभागिता<br>(३) समुदायमा मृत्यु र श्राद्ध संस्कारमा सहभागिता<br>(४) डिलाशैनी जातमा सहभागी भई जातमा गरीने विभिन्न कियाकलापहरुको अवलोकन<br>(५) डेउडा नाचमा सहभागिता<br>(६) जैविक विविधता संरक्षणमा सहभागिता<br>(७) विभिन्न अभिनयात्मक कियाकलापहरुमा सहभागिता<br>(८) विभिन्न कियाकलापहरु जस्तै :- वादविवाद, हाजिरीजवाफ, वक्तृत्व कला आदिमा सहभागिता | (१) विभिन्न मेला, जाँत, पर्वमा विद्यार्थीहरुको सहभागिता<br>(२) थारु नाचमा सहभागिता<br>(३) योग आसनमा विद्यार्थीको सहभागिता<br>(४) विभिन्न अभिनयात्मक कियाकलापहरुमा सहभागिता<br>(५) विभिन्न कियाकलापहरु जस्तै :- वादविवाद, हाजिरीजवाफ, वक्तृत्व कला आदिमा सहभागिता<br>(६) विभिन्न सिर्जनात्मक तथा प्रयोगात्मक कार्यहरुमा सहभागिता<br>(७) खोज तथा परियोजना कार्यहरुमा सहभागिता<br>(८) कृषि कार्य अन्तर्गत तरकारी खेती, फलफूल खेती र पशुपालनका कियाकलापहरुमा विद्यार्थीको सहभागिता |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | कला आदिमा सहभागिता<br>(९) विभिन्न सिर्जनात्मक तथा प्रयोगात्मक कार्यहरुमा सहभागिता<br>(१०) खोज तथा परियोजना कार्यहरुमा सहभागिता | (९) विभिन्न सिर्जनात्मक तथा प्रयोगात्मक कार्यहरुमा सहभागिता<br>(१०) खोज तथा परियोजना कार्यहरुमा सहभागिता<br>(११) कृषि कार्य अन्तर्गत तरकारी खेती, फलफूल खेत र पशुपालनका कियाकलापहरुमा विद्यार्थीको सहभागिता | |
| **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य** | (१) शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाउने र त्यसमा विभिन्न स्थानहरु देखाउने,<br>(२) अठवाली गायन र शारीरिक चाल प्रदर्शन,<br>(३) औषधिको रुपमा जडीबुटीको प्रयोग गरी त्यसको निष्कर्ष पत्ता लगाउने,<br>(४) नजिकको पसल, तरकारीवारी, उद्योग, कृषि फर्म वा अन्य कुनै व्यपारिक स्थानमा गइ कुनै वस्तु उत्पादनमा भएको लगानी संकलन गर्ने र निश्चित नाफाको आधारमा | (१) शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाई वडागत विभाजन गर्ने र मुख्य-मुख्य स्थानहरु भर्ने<br>(२) शुक्लाफाँटा नगरपालिकाको जनसंख्यालाई स्तम्भ चित्रमा प्रस्तुत गर्ने<br>(३) माघे संक्रान्ती/माघी पर्वमा सहभागी हुने, बालबालिकाले गर्नु पर्ने कार्य गर्ने र आफूले गरेका सिर्जनात्मक कार्यहरुको रिपोर्ट कक्षामा प्रस्तुत गर्ने<br>(४) आफ्नो समुदायमा मृत्यु र श्राद्ध | (१) नगरपालिकाको न्याय सम्पादन प्रकृया सम्बन्धी नाटक अभिनय गर्ने ।<br>(२) सुदूरपश्चिम प्रदेशको जिल्लागत र कञ्चनपुर जिल्लाको पालिकागत जनसंख्यालाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्ने ।<br>(३) शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाउने, राजनैतिक विभाजन गर्ने र विभिन्न स्थानहरु देखाउने ।<br>(४) समाजमा विद्यमान कुनै एउटा कुरीतिको बारेमा नाटक रचना गरी |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | त्यस वस्तुको मूल्य निर्धारण गर्ने,<br>(५) *MS-Paint* मा काम गरी फाइल सेभ गर्ने, सेभ गरीएका फाइलहरु खोल्ने र प्रिन्ट गर्ने,<br>(६) *MS-Word* मा काम गरी फाइल सेभ गर्ने, सेभ गरीएका फाइलहरु खोल्ने र प्रिन्ट गर्ने,<br>(७) *Web browser* खोली दिइएका विषयवस्तुहरु खोजी गर्ने,<br>(८)<br>वेतवाँस/पराल/छ्वाली/पटेरो/बाबियो आदिबाट विभिन्न सामग्रीहरु निर्माण गर्ने,<br>(९) खेर गएका बोतल, सावुनका वट्टा, कार्टुन आदिबाट काम लाग्ने वस्तुहरु निर्माण गर्ने,<br>(१०) पानीमा डुब्नु, नाथ्रो फुट्नु, आगोले पोल्नु आदि घटनाको प्राथमिक उचारको अभिनय गर्ने,<br>(११) विभिन्न ध्यान तथा योगका आसनहरु गर्ने,<br>(१२) भूकम्पबाट सुरक्षित रहने उपायको | संस्कारमा सहभागी भइ आफ्नो भूमिका निर्वाह गर्ने र आफूले गरेका सिर्जनात्मक कार्यहरको रिपोर्ट कक्षामा प्रस्तुत गर्ने<br>(५) आफूले कक्षाकोठा, विद्यालय, बाटोघाटो, घरपरिवार तथा समाजमा पालना गर्नु पर्ने आचारसंहिता निर्माण गरी प्रस्तुत गर्ने<br>(६) स्थानीय कलाकारको उपस्थितिमा डेउडा नाचको आयोजना गर्ने र विद्यार्थीहरुले गीतको शव्द, भाका र लय अनुसार अभिनय गर्ने<br>(७) वन्य जन्तुको महत्व सम्बन्धी लेख रचना तयार गरी कक्षामा प्रस्तुत गर्ने<br>(८) जैविक विवधता सम्बन्धी निवन्ध लेखी कक्षामा प्रस्तुत गर्ने<br>(९) होम स्टे सञ्चालकको नाटक अभिनय गर्ने<br>(१०) *Word document* का फाइलहरु बनाउने, त्यसलाई सम्पादन गर्ने, सेभ गर्ने र सेभ गरीएका फाइलहरु | सडक नाटक प्रदर्शन गर्ने<br>(५) सखिया नाच र होरी नाचको अभ्यास गर्ने ।<br>(६) स्थानीय स्तरमा रहेको कुनै पर्यटकीय स्थलको भ्रमण योजना तयार पार्ने ।<br>(७) ट्राफिक चिन्हहरुको कार्डबोर्ड तयार पारी ती चिन्हहरुको प्रयोग सम्बन्धी नाटक अभिनय गर्ने<br>(८) निम्न आसनहरुको अभ्यास गर्ने ।<br>गोरक्षासन, मुद्रासन, शंखासन, शवासन<br>(९) विभिन्न आत्मरक्षा सम्बन्धी सीपहरु प्रदर्शन गर्ने ।<br>(१०) *Spreadsheet* का फाइलहरु बनाउने, त्यसमा विभिन्न गणनाहरु गर्ने, फाइल सम्पादन गर्ने र प्रिन्ट गर्ने<br>(११) *Presentation* फाइलहरु बनाउने, *Format, text add, picture add, new slide add & slide show* गर्ने ।<br>(१२) कपडाका टुक्राहरु संकलन गर्नुहोस् । उक्त कपडामा विभिन्न टाँकाहरु |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | अभिनय गर्ने,<br>(१३) करेन्ट लागेको व्यक्तिलाई करेन्टबाट छुटाउने र त्यसको प्राथमिक उपचारको अभिनय गर्ने,<br>(१४) मौसम अनुसार तरकारीको बिउ उमार्न ब्याडको निर्माण गर्ने र ब्याडमा उत्पादन भएका बिरुवाहरुको हेरचाह गर्ने,<br>(१५) सामान्य टनेल निर्माण गर्ने,<br>(१६) रोग किराबाट बिरुवा संरक्षणका लागि घरेलु औषधि निर्माण गरी प्रयोग गर्ने, | प्रिन्ट गर्ने<br>(११) *Excel* फाइलहरु बनाउने, त्यसमा विभिन्न गणनाहरु गर्ने, फाइल सेभ गर्ने र प्रिन्ट गर्ने<br>(१२) विभिन्न कागजातहरु फोटोकपी र स्क्यान गर्ने । स्क्यान गरीएका *document* सेभ गर्ने र प्रिन्ट गर्ने<br>(१३) फोटोकपी मेसिनमा मसी भर्ने, सरसफाई गर्ने र सामान्य मर्मत सम्भार गर्ने<br>(१४) निँगालो/बाँसबाट डोको, मुढा, टोकरी, र्‍याक निर्माण गर्ने<br>(१५) निम्न योगाशनहरु गर्ने - स्वस्तिकासन, गोमुखासन, सर्वागासन, अर्द्धमत्स्येन्द्रासन<br>(१६) कृषि कार्यका प्रयोगात्मक कार्यहरु गर्ने<br>(१७) आफ्नो छिमेकका २० घरपरिवारमा विगत एक वर्षको अवधिमा कृषि वा पशु सम्बन्धी नगरपालिकाबाट कुनै सेवा लिनु भएको छ कि छैन भनी प्रश्नावली गर्नुहोस् । सेवा लिनु | बनाइ प्रदर्शन गर्नुहोस्<br>(१३) माणा, ढिकी र बट्कु बनाउनका लागि आवश्यक सामग्रीहरु संकलन गर्नुहोस् । रेसिपीको आधारमा उक्त परिकारहरु बनाउनुहोस् र दिवा खाजाको रुपमा प्रयोग गर्नुहोस् ।<br>(१४) उनको गलबन्दी र टोपी बनाई प्रयोग गर्नुहोस् ।<br>(१५) निम्न योगाशनहरु गर्ने -गोरक्षासन, मुद्रासन, शंखासन, शवासन<br>(१६) विभिन्न ट्राफिक नियमहरु पञ्योग सम्बन्धमा अभिनय गर्ने ।<br>(१७) आत्मरक्षाका सीपहरुको पञ्योग गरी अभिनय गर्ने<br>(१८) आगलागी हुंदा क्षति न्यूनीकरण गर्नका लागी गरीने क्रियाकलापहरुको अभिनय गर्न लगाउने<br>(१९) कृषि कार्यका प्रयोगात्मक कार्यहरु गर्ने<br>(२०) कुनै एउटा कृषि व्यवसाय (कृषि वा पशुपालन) सञ्चालनको बारेमा |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | | भएको रहेछ भने कुन कुन शीर्षकमा सेवा लिनु भएको रहेछ सो पनि संकलन गर्नुहोस् । कृषि र पशु सम्बन्धी सेवा लिएका घर परिवारको अलग अलग प्रतिशत गणना गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | कल्पना गर्नुहोस् र निम्न विषयवस्तुहरुको आधारमा सो को योजना निर्माण गर्नुहोस् । (क) साधन श्रोतको पहिचान (ख) अनुमानित लागत (ग) व्यवसायबाट उत्पादन हुने वस्तुहरु (घ) उत्पादित वस्तुहरुको बजार पहिचान (ङ) उत्पादित वस्तुको मूल्य निर्धारण, बिक्री वितरण र हिसाब किताब व्यवस्थापन । |
| **३. खोज तथा परियोजना कार्य** | (१) नगरपालिकामा रहेका बैङ्कहरुबाट उपलब्ध हुने सेवाहरुको खोजी गरी प्रस्तुत गर्ने,<br>(२) आफ्नो छरछिमेक (टोल) को २० घर परिवारको जनसंख्या सङ्कलन गर्ने, सङ्कलन गरीएको जनसंख्यालाई लैङ्गिक, धार्मिक र उमेरगत आधारमा वर्गीकरण गर्ने र उक्त तथ्याङ्कलाई स्तम्भ चित्रमा प्रस्तुत गर्ने,<br>(३) गौरा पर्वमा सहभागिता जनाउने र | (१) आफ्नो समुदायका २० घर परिवारको जनसंख्या संकलन गर्ने । उक्त जनसंख्यालाई निम्नानुसार वर्गीकरण गरी प्रस्तुत गर्ने ।<br>(क) महिला र पुरुष (ख) साक्षर र निरक्षर (महिला र पुरुष समेत)<br>(ग) विद्यालय उमेर समूहको जनसंख्या (महिला र पुरुष)<br>(२) आफ्नो समुदायका २० घर परिवारमा विद्यालय उमेर समूहको कुनै बाल बालिका विद्यालय बाहिर रहेको छ कि छैन ? तथ्याङ्क संकलन गर्ने । विद्यालय बाहिर रहेको छ भने | (१) शुक्लाफाँटा नगरपालिकाको विभिन्न तथ्याङ्कहरुको अध्ययन गर्नुहोस् । ती तथ्याङ्कहरु मध्ये आप्रवासन र उत्प्रवासनको जनसंख्या टिपोट गर्नुहोस् । उक्त जनसंख्याको आधारमा उप्रवासन दर, उत्प्रवासन दर र खुद वसाईंसराइको दर गणना गर्नुहोस् ।<br>(२) शुक्लाफाँटा नगरपालिकामा रहेका विभिन्न बैंकहरु मध्ये कुनै एउटा बैंक छनौट गर्नुहोस् । आफ्नो साथी, |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | त्यहाँ अवलोकन गरेका कियाकलापहरुको विवरण कक्षामा प्रस्तुत गर्ने,<br>(४) समुदायका विभिन्न जातिगत संस्कारहरुमा सहभागिता जनाउने र त्यहाँ अवलोकन गरेका कियाकलापहरुको विवरण कक्षामा प्रस्तुत गर्ने,<br>(५) राम मन्दिर (वनसमिति) र कालिका मन्दिर (असैना) को स्थलगत अवलोकन भ्रमण गर्ने र मन्दिर सम्बन्धी सो समुदायका जानकार व्यक्तिहरुसंग अन्तरकिया गरी मन्दिरको अवस्थिति, त्यहाँ लाग्ने धार्मिक मेला (पर्व), मन्दिरको इतिहास र वर्तमान अवस्था झल्किने गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने,<br>(६) समुदायमा रहेका जडीबुटी सम्बन्धी जानकार व्यक्तिहरुसँग सम्पर्क गरी वेल, पिपला र बोजोको उपयोगिता खोजी गर्ने र कक्षामा प्रस्तुत गर्ने, | त्यसको कारण पत्ता लगाइ कक्षाकोठामा प्रस्तुत गर्ने ।<br>(३) आफ्नो वडामा रहेका सहकारी र तिनले गर्ने कार्यहरु खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(४) माघे संक्रान्ती/माघी पर्वको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(५) आफ्नो समुदायमा सामाजिक एकताका लागि के कस्ता नीति नियमहरु छन् संकलन गरी प्रस्तुत गर्ने । उक्त नीति नियमहरुमा सुधार गर्नु पर्ने पक्षहरु के के छन् ? राय पेश गर्ने ।<br>(६) डिलाशैनी र राम जानकी मन्दिरको अवस्थिति, इतिहास, धार्मिक मान्यता र त्यसको वर्तमान अवस्था बारे प्रतिवेदन तयार पार्ने ।<br>(७) स्याली, बनहरा वा सुनवरा नदीको भ्रमण गरी निम्न तथ्यहरु समेटी अवलोकन प्रतिवेदन तयार पार्ने<br>(क) नदीको उदगम स्थान (ख) नदीका लम्बाइ (ग) सहायक नदीहरु (घ) नदीको प्रभाव क्षेत्र (ङ) नदीको उपयोग (च) नदीको वर्तमान अवस्था (छ) नदी संरक्षणका | शिक्षक वा अभिभावकसँग सो बैंकमा जानुहोस् । बैंकको प्रवन्धकसँग सोधपुछ गरी बैंकले सञ्चालन गरेका खाताहरु तथा सेवा सम्बन्धी जानकारी हासिल गर्नुहोस् र कक्षामा उक्त जानकारी प्रस्तुत गर्नुहोस् ।<br>(३) राना समुदायको संस्कृति सम्बन्धी जानकार व्यक्तिसँग अन्तरक्रिया गरी खखडेहरा पर्वको बारेमा जानकारी संकलन गर्नुहोस् र उक्त जानकारीहरु कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(४) आफ्नो समुदायका कुनै पर्यटन व्यवसायीसँग भेटघाट गर्नुहोस् । पर्यटन व्यवसायबाट हुने फाइदा, व्यवसायका लागि आवश्यक सीप र महत्वका बारेमा जानकारी हासिल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(५) शुक्लाफाँटा नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरुको सूची बनाउनुहोस् । ती स्थानहरुको पर्यटकीय विकासका लागि गर्नुपर्ने |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | (७) पायक पर्ने नदी तथा तालहरु अवलोकन गर्ने र तिनको महत्व, वर्तमान अवस्था र संरक्षणका उपायहरु समावेश गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने,<br>(८) समुदायका अग्रज १० जना व्यक्तिहरुसँग भेटघाट गर्ने र रोजगारी सम्बन्धी प्रतिक्रिया लिने । उहाँहरुको प्रतिक्रियाका आधारमा स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सारांश तयार गरी कक्षामा प्रस्तुत गर्ने,<br>(९) समुदायका जानकार व्यक्तिहरुसँग सोधी नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको सूची बनाउनुहोस् । उहाँहरुको रायको आधारमा नगरपालिकाको पर्यटन व्यवसायको वर्तमान अवस्था र पर्यटन व्यवसायका सम्भावित क्षेत्रहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्ने,<br>(१०) नजिक रहेको स्वास्थ्य संस्थामा | उपायहरु<br>(८) वन्य जन्तुबाट हानी नोक्सानी हुन नदिन र तिनको संरक्षणमा स्थानीय जन समुदायले खेल्न सक्ने भूमिका खोजी गरी प्रस्तुत गर्ने ।<br>(९) स्थानीय वातावरणमा रहेका जनावर र वनस्पति अवलोकन गरी तिनको विविधता कक्षामा वर्णन गर्ने ।<br>(१०) तुलसी, नीम, गुर्जोको उपयोगिता खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(११) पर्यटनसँग सम्बन्धित पेसा र व्यवसायहरु खोजी गरी ती पेसाहरुको बारेमा कक्षामा जानकारी गराउने ।<br>(१२) सुनदेवी ताल र बतासे झरनाको स्थलगत अवलोकन भ्रमण गर्ने । तिनीहरुको वर्तमान अवस्था, भ्रमण सुविधा र पर्यटन विकासका लागि गर्नु पर्ने कार्यहरु सहितको प्रतिवेदन पेश गर्ने ।<br>(१३) वैदेशिक रोजगारीमा रहेका वा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुसँग अन्तरक्रिया गर्ने । सोधपुछका आधारमा निम्न कुराहरु संकलन गरी कक्षाकोठामा प्रस्तुत गर्ने । | कार्यहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस्<br>(६) मणिका धामको अवस्थिति, इतिहास, धार्मिक मान्यता र त्यसको वर्तमान अवस्था बारे प्रतिवेदन तयार पार्ने ।<br>(७) लागु पदार्थ दुर्व्यसनले समाजमा परेको सामाजिक र आर्थिक असरहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्ने<br>(८) जैविक विविधताको महत्व र संरक्षण सम्बन्धमा विद्यालय इको गार्डेन, नजिकको सामुदायिक वन तथा नदी तालकको अवलोकन गर्न लागाई वर्तमान अवस्था र संरक्षणका उपायहरु समावेश गरी प्रतिवेदन तयार गर्न लगाउने ।<br>(९) ब्राह्मी, मेन्था र अपामार्गको उपयोगिता खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(१०) समुदायका व्यक्तिहरुले अपनाएको पेसा र सो पेसाले जीवनयापनमा पारेको प्रभाव सम्बन्धी प्रतिवेदन |

| मूल्याङ्कनका पक्ष | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | भ्रमण गर्ने र त्यहाँबाट प्राप्त हुने सेवाहरुको जानकारी लिई कक्षामा प्रस्तुत गर्ने,<br>(११) नजिकै रहेको फोहर फाल्ने ठाउँ वा बजार क्षेत्रको अवलोकनको आधारमा भू-प्रदूषणको कारण, असर र घटाउने उपायहरु सम्बन्धी धारणा तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने,<br>(१२) कुनै जात्रा, मेला, विवाह वा भोजभतेरमा भएको कोलाहलको आधारमा ध्वनि प्रदूषणको कारण, असर र घटाउने उपायहरु सम्बन्धी धारणा तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने । | (क) वैदेशिक रोजगारीका लागि सूचना प्राप्तीको श्रोत<br>(ख) वैदेशिक रोजगारी र त्यसका लागि आवश्यक योग्यता<br>(ग) विदेशमा पालना गर्नु पर्ने कर्तव्यहरु<br>(घ) रोजगारीमा सेवा, सुविधा र अधिकारहरु<br>(१४) जल प्रदूषण र वायु प्रदूषण घटाउने उपायहरु खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(१५) जंगली जनावरहरुबाट आत्म रक्षाका लागि गर्नु पर्ने व्यवहार खोजी गरी प्रस्तुत गर्ने ।<br>(१६) कृषि पेसा/व्यवसायको प्रवर्द्धनका लागि आवश्यक कुराहरु र गर्नुपर्ने कार्यहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(११) स्थानीय स्तरमा रहेका रोजगारीहरु खोजी गर्नुहोस् । ती रोजगारीमा रहेका व्यक्तिहरुसँग अन्तरक्रिया गरी रोजगारीका चुनौतीहरु कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(१२) समुदायका अन्तर्राष्ट्रिय रोजगारीमा रहेका व्यक्तिहरुसँग अन्तरक्रिया गर्नुहोस् र सो रोजगारी सम्बन्धी सम्पूर्ण जानकारीहरु संकलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(१३) तपाईको छिमेकमा गरिएका वेमौसमी/अन्तरवारी तरकारी खेतीको सूची बनाउनुहोस् । सूची बनाइएका फर्महरु मध्ये कुनै एकको अध्ययन अवलोकन गर्नुहोस् । त्यसको प्रविधि र फाइदाहरु सम्बन्धी कृषकसँग अन्तरक्रिया गर्नुहोस् र बुदाहरु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |

उपरोक्तानुसार गरिएको आन्तरिक मूल्याङ्कनको समष्टिगत विवरण अनुसूची १ बमोजिम तयार गर्नु पर्दछ ।

### २. वाह्य मूल्याङ्कन :

बाह्य मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनु पर्नेछ । हाम्रो शुक्लाफाँटा विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरु हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरीनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र अनुसूची २ अनुसारको विशिष्टीकरण तालिका प्रयोग गरी निर्माण गरीनेछ ।

## १३. स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको कार्यान्वयनका लागि विद्यालयमा कार्यरत शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. को महत्वपूर्ण भूमिका रहनेछ । यो पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको सिलसिलामा स्थानीय स्तरका बुद्धिजीवी, शिक्षाविद्, समाजसेवी, अभिभावक तथा सम्बन्धित विषय क्षेत्रका जानकार व्यक्तिहरुलाई आवश्यकता अनुसार श्रोतव्यक्तिका रुपमा लिन सकिन्छ । पाठ्यक्रमको कार्यान्वयनका क्रममा आवश्यकता अनुसार मातृभाषा, नेपाली भाषा वा अंग्रेजी भाषाको प्रयोग गर्न सकिनेछ । स्थानीय पाठ्यक्रमको लागि आवश्यकता अनुसार पाठ्यसामग्रीको विकास गरीनुका साथै विषय शिक्षकहरुलाई विषयवस्तुको सहजीकरण गर्न अभिमुखीकरण तालिमको व्यवस्था गरीनेछ । आवश्यकता अनुसार पाठ्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या समाधानका लागि सेमिनार, गोष्ठी, छलफल, अन्तरक्रिया, अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछ । यो पाठ्यक्रम "राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६" तथा शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नीति निर्देशन अनुरुप कार्यान्वयन गरिदै लगिनेछ ।

## १४. स्थानीय पाठ्यक्रम परिमार्जन तथा संशोधन

समयको गतिसँगै विज्ञान तथा प्रविधिको विकासले समाजका इच्छा, आकांक्षा तथा आवश्यकता परिवर्तन हुदै जाने गर्दछन । समाजका इच्छा आकांक्षा तथा आवश्यकताहरु अनुसार पाठ्यक्रमको विकास, संशोधन तथा परिमार्जन गर्नु पर्दछ । त्यसैले यो विषयको पाठ्यक्रम पनि विषयक्षेत्रका विषयवस्तुमा भएको खोज, अनुसन्धान र सरोकार पक्षहरुको सल्लाह तथा सुझावका आधारमा समय सापेक्ष बनाउन संशोधन तथा परिमार्जनलाई खुला गरिदै लगिने छ ।

## अनुसूची १

# आन्तरिक मूल्याङ्कनको अभिलेख

**विद्यालयको नामः**

**आन्तरिक मूल्याङ्कन अभिलेख (शैक्षिक सत्र ...........)**

**कक्षाः** **सेक्सनः**

**विषयः हाम्रो शुक्लाफाँटा**

| क्षेत्र | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोल नं. | विद्यार्थीको नाम | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# आन्तरिक मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क विवरण

| | मूल्याङ्कनका क्षेत्र | सहभागिता (४) | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य (१६) | खोज तथा परियोजना कार्य (२०) | त्रैमासिक परीक्षाहरु (१०) | जम्मा (५०) |
|---|---|---|---|---|---|---|
| रोल नं. | विद्यार्थीको नाम | $= \frac{\text{सहभागितामा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका सूचकहरूको संख्या}} \times \text{४}$ | $= \frac{\text{कार्यहरूमा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका कार्यहरूको संख्या}} \times \text{१६}$ | $= \frac{\text{कार्यहरूमा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका कार्यहरूको संख्या}} \times \text{२०}$ | $= \frac{\text{त्रैमासिक परीक्षाहरूमा प्राप्त जम्मा अङ्क}}{\text{कूल पूर्णाङ्क}} \times \text{१०}$ | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विषय शिक्षकको हस्ताक्षर　　　　　　　　　　　　प्रधानाध्यापकको हस्ताक्षर

## **अनुसूची २** (विशिष्टीकरण तालिका)

विषय :- हाम्रो शुक्लाफाँटा

कक्षा :- ८

**समय :- २ घण्टा** **पूर्णाङ्क :- ५०**

| क.सं. | क्षेत्र | कार्य घण्टा | ज्ञान २०% | | | बोध २८% | | | प्रयोग तथा सिप ३०% | | | उच्च दक्षता २२% | | | जम्मा प्रश्नसंख्या | | | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो नगरपालिका | १८ | १ | | | १ | | | | | | | | १ | २ | ० | १ | ७ |
| २ | हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरू | १४ | | | | १ | १ | | | | | | १ | | १ | २ | ० | ७ |
| ३ | हाम्रा प्राकृतिक श्रोत र सम्पदाहरू | १२ | १ | | | | | १ | | | | | | | १ | ० | १ | ६ |
| ४ | हाम्रा पर्यटकीय स्थलहरू | १० | | | | | १ | | | १ | | | | | ० | २ | ० | ६ |
| ५ | हाम्रो पेसा, व्यवसाय र प्रविधि | २८ | | १ | | | | | १ | १ | | | | | १ | २ | ० | ७ |
| ६ | स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १२ | | १ | | | | | | १ | | | | | ० | २ | ० | ६ |
| ७ | विपद् तथा जोखिम व्यवस्थापन | १२ | १ | | | | | | | | | | १ | | १ | १ | | ४ |
| ८ | हाम्रो कृषि | २२ | १ | | | १ | | | | | १ | | | | २ | ० | १ | ७ |
| | | **१२८** | **४** | **२** | **०** | **३** | **२** | **१** | **१** | **३** | **१** | **०** | **२** | **१** | **८** | **९** | **३** | **५०** |

| क.सं. | प्रश्नको प्रकार | प्रश्न संख्या र अङ्क भार | समय |
|---|---|---|---|
| १ | अति छोटो उत्तर आउने प्रश्नहरू | ८ प्रश्न × १ अङ्क = ८ अङ्क | ८ प्रश्न × ३ मिनेट = २४ मिनेट |
| २ | छोटो उत्तर आउने प्रश्नहरू | ९ प्रश्न × ३ अङ्क = २७ अङ्क | ९ प्रश्न × ७ मिनेट = ६३ मिनेट |
| ३ | लामो उत्तर आउने प्रश्नहरू | ३ प्रश्न × ५ अङ्क = १५ अङ्क | ३ प्रश्न × ११ मिनेट = ३३ मिनेट |
| | | २० प्रश्न = ५० अङ्क | २० प्रश्न = १२० मिनेट |

# नमुना प्रश्नपत्र

कक्षाः ८

विषयः हाम्रो शुक्लाफाँटा

समयः २ घण्टा पूर्णाङ्कः ५०

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।*

## समूह 'क'

**तलका प्रश्नहरुको अति छोटो उत्तर दिनुहोस् ।** ८×१=८

१. नगरपालिकाको न्यायिक समितिले गर्ने कुनै एउटा कार्य लेख्नुहोस् ।
२. शुक्लाफाँटा नगरपालिकामा पाइने हावापानीले यहाँको जनजीवनमा पारेको कुनै एउटा प्रभाव लेख्नुहोस् ।
३. बाल विवाहले व्यक्तिको विकासमा कसरी असर पार्दछ ? एक वाक्यमा लेख्नुहोस् ।
४. वैज्ञानिक वन भनेको के हो ?
५. सिलाइमा प्रयोग गरिने कुनै दुई टाँकाहरुको नाम लेख्नुहोस् ।
६. शुक्लाफाँटा नगरपालिकाको विपद व्यवस्थापनमा सहयोग गर्ने कुनै दुई निकायको नाम लेख्नुहोस् ।
७. कुखुरामा लाग्ने रानीखेत रोगको कुनै एउटा लक्षण लेख्नुहोस् ।
८. अन्तरवारी खेतीको कुनै एउटा उदाहरण दिनुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।** ९×३=२७

९. राना समुदायमा मनाइने खखडेहरा पर्वले सामाजिक एकता बलियो बनाउन मद्दत गरेको छ । उक्त भनाइ पुष्टि गर्न कुनै तीन वटा तर्कहरु प्रस्तुत गर्नुहोस् ।
१०. मणिका मेला (मुडका जाँत) को वर्तमान अवस्था उल्लेख गर्नुहोस् । उक्त जाँतलाई व्यवस्थित गर्न के गर्नु पर्ला ?
११. शुक्लाफाँटा नगरपालिकामा रहेका पर्यटकीय स्थलहरु मध्ये कुनै एकको छोटो परिचय दिनुहोस् ।
१२. तपाईले कुनै स्थानको अध्ययन अवलोकन गरिसके पछि पेश गर्ने भ्रमण प्रतिवेदनको ढाँचा उल्लेख गर्नुहोस् ।
१३. स्थानीय रोजगारीमा रहेका कुनै तीन वटा चुनौतीहरु लेख्नुहोस् ।
१४. *Spreadsheet* मा दिइएको तथ्याङ्कको औसत मान निकाल्न के के गर्नुपर्छ ? चरणवद्ध रुपमा लेख्नुहोस् ।
१५. लागू पदार्थ दुर्व्यसनबाट बच्ने कुनै तीन वटा उपायहरु लेख्नुहोस् ।
१६. मास कन्भर्जन भनेको के हो ? तपाईको कक्षाका छात्राहरुमा मास कन्भर्जन भएमा त्यसको उपचारका लागि तपाईको भूमिका के हुन्छ ? लेख्नुहोस् ।
१७. आत्मरक्षाका कुनै तीन वटा सीपहरु लेखी तिनको परिचय दिनुहोस् ।

**समूह 'ग'**

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **३×५=१५**

१८. पाना भरिने गरी शुक्लाफाँटा नगरपालिकाको नक्सा बनाइ वडाहरुमा विभाजन गर्नुहोस् र निम्न स्थानहरु देखाउनुहोस् ।

सुनवरा नदी, झलारी-कालापानी सडक, रानी ताल, राम जानकी मन्दिर

१९. मेन्थाको परिचय दिनुहोस् । औषधिको रुपमा यसको प्रयोग औंल्याउनुहोस् । मेन्था खेतीबाट शुक्लाफाँटा नगरपालिकाको आर्थिक विकास गर्न आवश्यक पूर्वाधारहरुको सूची बनाउनुहोस् ।

२०. च्याउ खेती गर्ने तरिका चरणवद्ध रुपमा लेख्नुहोस् ।

## अनुसूची ३

क. मूल्याङ्कनमा प्रयोग गरिने अक्षरहरु र तिनको व्याख्या

| सि.न. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | *A+* | सर्वोत्तम<br>*(Outstanding)* |
| २. | ८० र साभेन्दा माथि ९० भन्दा कम | ३.६ | *A* | अत्युत्तम<br>*(Excellent)* |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | *B+* | उत्कृष्ट<br>*(Very good)* |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | *B* | उत्तम<br>*(Good)* |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | *C+* | सन्तोषजनक<br>*(Satifactory)* |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | *C* | ग्राह्य<br>*(Acceptable)* |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | *D* | आधारभूत<br>*(Basic)* |
| ८. | ३५ भन्दा कम | १.२ | *NG* | अवर्गीकृत<br>*(Not Graded)* |

ख. निर्धारित अक्षरहरुको व्याख्याको विस्तृतीकरण

| ग्रेड | व्याख्या | व्याख्याको विस्तृतीकरण |
|---|---|---|
| A+ | सर्वोत्तम *(Outstanding)* | *Has deep and broad knowledge with highly-developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyse and succinctly present subject matter fluently and clearly with extraordinary performance; a significant capacity for original, creative and logical thinking with superior communication skills.* |
| A | अत्युत्तम *(Excellent)* | *Has deep and broad knowledge with developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyse and succinctly present subject matter fluently and clearly with exemplary performance; a significant capacity for original, creative and logical thinking with advanced communication skills.* |
| B+ | उत्कृष्ट *(Very Good)* | *Has broad knowledge with developed insight as well as comprehensive and independent appreciation of the theoretical or practical subject matter; a special ability to organize, use, analyse and succinctly present subject matter clearly with a high level of performance; a highly-developed capacity for original, creative and logical thinking with sound communication skills.* |
| B | उत्तम *(Good)* | *Has decent knowledge with developed insight as well as comprehensive and good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyse and succinctly present subject matter with respectable performance; a developed capacity for original, creative and logical thinking with reasonable communication skills.* |

| | | |
|---|---|---|
| C+ | सन्तोषजनक *(Satisfactory)* | *Has adequate knowledge with developing insight as well as comprehensive and reasonably good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with blameless performance; some capacity for original, creative and logical thinking with sufficient communication skills.* |
| C | ग्राह्य *(Acceptable)* | *Has sufficient knowledge with developing insight as well as comprehensive and acceptable understanding of the theoretical or practical subject matter; an ability to organize, use, analyse and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with acceptable communication skills.* |
| D | आधारभूत *(Basic)* | *Has some knowledge with developing insight as well as comprehensive and partial understanding of the theoretical or practical subject matter; limited ability to organize, use, analyse and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with minimal participation in communication skills.* |
| NG | अवर्गीकृत *(Not Graded)* | *Has less knowledge with incomplete insight as well as comprehensive and negligible understanding of the theoretical or practical subject matter; seriously deficient ability to organize, use, analyse and present subject matter; very limited capacity for original, creative and logical thinking with inadequate communication skills.* |